पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पञ्चपुरी नगरपालिका

बाबियाचौर ,सुर्खेत

प.सं.२०८०/८१ मिति:२०८०/०५/०८

च.नं. १५५

श्री युएस ए आईडी कर्णाली जल परियोजना,
काठमाण्डौं ।

विषय: धन्यवाद ज्ञापन गरीएको सम्बन्धमा ।

प्रस्तुत विषयमा युएस ए आईडी कर्णाली जल परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा यस पञ्चपुरी नगरपालिकाको उत्कृष्ट जलउपयोग गुरुयोजना तयार गर्नु भएकाले नगरपालिकाको तर्फबाट युएस ए आईडी कर्णाली जल परियोजनालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।साथै आगामी दिनमा यस पञ्चपुरी नगरपालिकाको जलउपयोग गुरूयोजनाको सफल कार्यान्वयन गर्ने प्रतिबद्दताका साथै आगामी दिनमा पनि पारस्पारिक सहयोग,सहजिकरण तथा सहकार्यको अपेक्षा सहित त्यस युएस ए आईडी कर्णाली जल परियोजना उत्तरोत्तर प्रगतीको कामना गर्दछौ। साथै योजना कार्यान्वयनका लागी अनुरोध गर्दछौ।

लालविर भण्डारी
नगर प्रमुख
पञ्चपुरी नगरपालिका

लालवीर भण्डारी
नगर प्रमुख

"कृषि-पशुपालन ,पर्यटन, शिक्षा,स्वास्थ्य तथा स्वरोजगार: सुदृढ जनस्वास्थ्य सहितको समृद्दि पञ्चपुरीको आधार"

फोन नं.०८३-४१६०६७,वेबसाइट- www.panchapurimun.gov.np
ईमेल: panchapuri.municipality@gmail.com, ito.panchapurimun@gmail.com

आज मिति २०८०. साल भाद्र ०७ गतेका दिन यस पञ्चपुरी नगर कार्यपालिकाका प्रमुख श्री लालविर भण्डारीज्युको अध्यक्षतामा आ.व. ०८०/०८१ को ३ औं कार्यपालिका बैठक तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णयहरु गरियो ।

स्थान:- नगरपालिका सभाहल

बैठक प्रारम्भ:-

बैठकको अन्त्य:-

उपस्थिती:-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लालविर भण्डारी | नगर कार्यपालिका प्रमुख | |
| २ | श्री मुक्ति देवी रेग्मी | नगर कार्यपालिका उप प्रमुख | |
| ३ | श्री कर्णबहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यामबहादुर वि.सी. | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बलबहादुर रोकाय | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राम प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री नगेन्द्रबहादुर शाही | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री मन बहादुर बरै | का.वा. वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खिमबहादुर बयक क्षेत्री | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री दिपक कुमार थापा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री पुर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हरि प्रसाद ढकाल | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री हर्के जैसी | का.वा. वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री चन्द्रा आले मगर | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री भावना रावल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री अनिता वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री कोपिला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री कमला सुवेदी सापकोटा | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री भगे कामी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री गोर्खे कामी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री देवेन्द्र राजी | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री गोकर्ण नाथ योगी | प्र.प्र.अ./सदस्य सचिव | |

आमन्त्रित:-

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

३. यस नगरपालिकाको साझेदारीमा सञ्चालन हुने कर्णाली जल परियोजना कार्यक्रम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

४. भेरी ववई डाइभर्सन अन्तरगत भेरी कोरिडोरमा पर्ने योजनाहरु भेरी ववइ डाइभर्सन आयोजना, सुर्खेतसंग माग गर्नु पर्ने भएकोले सम्बन्धित वडाबाट योजना छनौट गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

५. नेपाल सरकारले देशका स्थानीय तहहरुलाई टि.वि. फ्रि पालिका घोषणाका लागि सुर्खेत पश्चिम क्षेत्र भौगोलिक विकटता र संक्रमणको अवस्थामा पनि विगत बर्षबाट क्षयरोग विरामीको निदान तथा उपचार प्रभावकारी रहेकोले यस नगरपालिकालाई टि.वि. फ्रि पालिका घोषणा कार्यक्रम सञ्चालन गर्न सम्वन्धित निकायमा सिफारिस साथ अनुरोध पर्ने निर्णय गरियो ।

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश
नेपाल

...लवीर भण्डारी
नगर प्रमुख

[redacted]

## प्राक्कथन

नेपालको संविधान २०७२ मा भाग-३, मौलिक हकमा धारा ३५ को स्वास्थ्य सम्बन्धि हक प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको सुनिश्चितता गरिएको छ साथै धारा ५१ को राज्यका नीतिहरूमा जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोत विकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकीकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरि लागु गर्न सक्ने व्यवस्था छ।

पंञ्चपुरी नगरपालिकाले पनि आफ्नो क्षेत्र भित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल, जंगल र जमिनको एकीकृत विकासका लागि युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरेको छ। जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरू (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो।

जलउपयोग गुरुयोजनाको मुख्य अवधारणा भनेको जलस्रोतको एकिकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एवं समावेशी विधि अपनाउदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शिता बढाउन सहयोग पुरयाउनु रहेकोछ। यसले कुनै एउटा निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको समग्र उपलब्धता तथा त्यसको सम्भाब्य उपयोगको आंकलन गर्दछ ।

जलउपयोग गुरुयोजनाले खास कुनै आयोजना वा जलस्रोतका क्षेत्र मात्रमा सिमित नरही स्थानीय तहको निश्चित सिमाना भित्रका जलाधार/उप-जलाधार क्षेत्रका उपलब्ध समग्र जलस्रोत, सरसफाइ तथा स्वच्छता, वातावरण र पर्यावरण, पानीसंग सम्वन्धित उर्जा, पानीको माग र यसको समुचित प्रयोग सहितको तथ्याङ्क संकलन, स्थानीयकै सहभागीतामा विश्लेषण तथा भबिष्यको लागि सहभागीतात्मक योजना तर्जुमा र नीति तर्जुमामा समेत सहयोग गर्ने भएकाले जलउपयोग गुरुयोजनालाई स्थानीय सरकार र सरोकारवालाहरूले आवश्यक औजारका रुपमा अपनत्व गरेको पाईन्छ।

पंञ्चपुरी नगरपालिका भौगोलिक रुपमा चुरेभावर तथा पहाडी भू-भाग मात्र भएको र यहाँ उत्तरबाट बग्दै आउने खोला, नदीको पानी बाहेक मूल, सानातिना खोल्सीहरू जलस्रोतको रुपमा रहेका छन्। यहाँका सबै जसो घरधुरीहरू खानेपानीका लागि यिनै जलस्रोतमा निर्भर रहेको देखिन्छन्। पानीको स्रोतहरूमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रासायनिक, भौतिक र जैविक पदार्थहरू रहन सक्ने हुँदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरूलाई पनि यस जलउपयोग गुरुयोजनाले समेटेको छ। यसका साथै जलवायु परिवर्तन अनुकुलन /विपद जोखिम व्यवस्थापन तथा वातावरण पर्यावरणका सवालहरूलाई जल उपयोग गुरुयोजनाले समेटेको छ।

यो जलउपयोग गुरुयोजना पंञ्चपुरी नगरपालिका कै नेतृत्व तथा समुदायको सहभागितामा तयार गरिएको हुँदा यसको सफल कार्यान्वयनको लागि पनि पंञ्चपुरी नगरपालिका र समुदायको ठुलो भूमिका रहन्छ। त्यसैले जलउपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरूको प्राथमिकता अनुसार कार्यान्वयन गरी नेपाल सरकारको खानेपानी सरसफाइ स्वच्छता क्षेत्र विकास योजना र दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने, जलस्रोतको न्यायोचित वितरण तथा विवेकपूर्ण उपयोग मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरि समुदायको जीविकोपार्जनमा सुधार ल्याउन महत्वपुर्ण हुने अपेक्षा गरिएको छ।

पंञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल



## धन्यबाद ज्ञापन

स्थानीय तहलाई नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार तथा अन्य प्रचलित कानूनहरूको परिधि भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरूको उचित व्यवस्थापन गर्ने तथा आफ्ना क्षेत्रगत योजना निर्माण र कार्यान्वियन गर्ने अधिकार भए अनुरुप महाभारत र चुरे श्रृखलाहरूको बिच काखमा रहेको पंञ्चपुरी नगरपालिकाको "स्वच्छ सफा र प्रयाप्त खानेपानी पंञ्चपुरीको सान, दिगो विकासका लागी जल, जंगल र वातावरण संरक्षण हाम्रो अभियान" भन्ने दिर्घकालिन सोचका साथ राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन प्रणालीमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH PLAN) र जलउपयोग गुरुयोजनाका विभिन्न खुड्किलाहरू सहभागितात्मक र समावेशी योजना प्रक्रियाका माध्यमबाट सम्पन्न गर्दै नगरपालिकाको गुरुयोजनाको दस्तावेज तयार पार्न सफल भएका छौ।

नगरपालिका क्षेत्र भित्र ३ महिना भन्दा बढी समयमा गरिएको समुदाय स्तरको सामाजिक तथा प्राबिधिक सर्वेक्षण, समुदाय भेटघाट, अन्तरक्रिया, अनुशिक्षण तालिमहरू लगायत वडा तथा नगरपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीका माध्यमबाट तयार गरिएको नगरपालिकाको जलउपयोग गुरूयोजनामा खानेपानी तथा सरसफाइ, सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण, जल उर्जा तथा जल पर्यटन सम्बन्धित योजनाहरूलाई समाविष्ट गरिएको छ। विद्यमान अवस्थाको विश्लेषण तथा भविष्यका लागि आवश्यकतामा आधारित भई सहभागितात्मक ढंगले तयार गरिएको पंञ्चबर्षीय योजनाको सफल कार्यान्वयन नगरपालिकाको अबको प्राथमिकता रहने छ। पंञ्चपुरी नगरपालिकामा जल पर्यटनको समेत प्रचुर सम्भावना रहेको छ यसै सन्दर्भमा नगरपालिकाको भेरि नदीमा र्याफ्टिङ संचालन लगायत नगर क्षेत्रका तालतलैयाको सम्वर्धन तथा अन्य जल पर्यटनको विकास समेत समेत नगरको आगामी प्राथमिकता रहने छ।

पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरू, नगरपालिकामा क्रियासिल सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजिबि, महिला, विभिन्न समूह/संस्था तथा नगरपालिकाका कर्मचारीहरू, फिल्ड स्तरमा खटिने प्राबिधिक तथा सामाजिक कर्मचारिहरू, गुरुयोजना तथ्याङ्क संकलन र विश्लेषणमा संलग्न विज्ञहरू लगायत नगरपालिकामा क्रियासिल विभिन्न संघ संस्था तथा आम जनसमुदायहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

पंञ्चपुरी नगरपालिकाको NWASH MIS अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपुर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउने युएसएआइडी, कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्न चाहन्छु।

यस नगरपालिकाले भविष्यमा आफ्नै आन्तरिक स्रोत तथा बाह्य सहयोग/साझेदारीबाट सञ्चालन गर्ने खानेपानी तथा सरसफाइ योजानहरू, सिंचाइ, वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरू, जलउर्जा तथा जलपर्यटन सम्वन्धित योजनाहरू छनोट र प्राथमिकरणमा नगरका पदाधिकारी तथा सरोकारवाला महानुभावहरूको प्रत्यक्ष संलग्नतामा रहेको हुदा गुरुयोजनाको अनुकरण एवं पालना गर्ने तथा गराउने समेत हाम्रो दायित्व हुन आउछ यस सन्दर्भमा गुरुयोजनाको सफल कार्यान्वियनको प्रतिबद्धता समेत व्यक्त गर्दछु। नगरपालिकाको पंञ्चबर्षीय आवधिक योजनाका रुपमा रहेको जलउपयोग गुरूयोजनाको निर्माणमा सहभागिता जत्तिकै कार्यान्वयनमा समेत सरोकारवाला सम्पूर्ण

...लबीर भण्डारी
नगर प्रमुख

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश
नेपाल

महानुभावहरूको साथ सहयोग पाउनेमा आशावादी हुदै जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछु साथै गुरुयोजना निर्माणका समय साथ सहयोग गर्नुहुने यस नगरपालिकाका आम जनसमुदाय लगायत सम्बद्ध सम्पुर्ण महानुभावहरूमा धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

..............................

लालविर भण्डारी

नगर प्रमुख

लालवीर भण्डारी
नगर प्रमुख

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँधियाचौर, सुर्खेत
कर्णाली प्रदेश
नेपाल

पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल



## धन्यबाद ज्ञापन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका संविधान प्रदत्त अधिकार तथा अन्य प्रचलित कानूनहरूलाई आधारमा नेपाल सरकारको दिगो विकास लक्ष्य प्राप्तीको योजना अनुरुप यस नगरपालिकाको जलस्रोत क्षेत्रको एकिकृत व्यवस्थापन गर्न जलउपयोग गुरुयोजना निर्माण गरिएको छ। जलउपयोग गुरुयोजना निर्माण प्रकृया समुदाय स्तरबाट समावेशी तथा सहभागितात्मक ढंगले नगरवासीहरूको सकृय सहभागीतामा निर्माण गरिएको छ। गुरुयोजनाका प्रत्येक चरणमा महिला तथा पछाडी परेको बर्ग, सिमान्तकृत समुदायहरूको सहभागिता सुनिश्चित गर्न निकै नै सराहनिय प्रयास भएको छ। नगरपालिकाको जलस्रोत क्षेत्रको आवधिक योजनाका माध्यमबाट आगामी पाँच बर्षमा लक्षीत समुदाय सहित नगरवासीहरूको सुरक्षीत पिउने पानीमा सहज पहुँच, सिंचाइ सुविधाको विस्तार तथा वातावरणीय पक्षहरूको समुचित व्यवस्थापन र पानीका स्रोत संरक्षणमा थप विकास भई जनजिवन अझै थप सहज हुनेमा म बिश्वस्त छु।

पंञ्चपुरी नगरपालिकाको NWASH MIS अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपुर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुन्याउने युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्न चाहन्छु।

पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका पदाधिकारी, कर्मचारीहरू, संलग्न बिज्ञ समुह र आम नगरवासीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। नगरपालिकाले आफैले निर्माण गरेको गुरुयोजनाको कार्यान्वियन गर्दा गुरुयोजनाले औल्याएका प्राथमिकता सुची अनुसार " जाती बर्ग र लैंगीकताको क्षेत्रमा सदैव सम्मान, हरेक क्षेत्रमा समावेशी पहुँचयुक्त नगर निर्माण" केन्द्रित हुनेछ। नगरपालिकाले निर्माण गरेको यस आवधिक योजनालाई सबैको आफ्नो योजना बनाउन कार्यान्वयनमा सहकार्यका लागी संघीय सरकार, प्रदेश सरकार, दातृ निकायहरू लगायत नगरपालिकासंग साझेदारी गर्नुहुने संघ-संस्थाहरूमा हार्दिक अनुरोध गर्नु चाहन्छु साथै गुरुयोजनालाई सफल कार्यान्वयका लागी प्रतिबद्ध रहदै पुन: गरुयोजना निर्माणमा संलग्न सम्पुर्णमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।


..............................

मुक्तिदेवी रेग्मी (पुरी)

नगर उपप्रमुख

USAID
FROM THE AMERICAN PEOPLE




स्रोत: नगरपालिकाको वेभ पेज

# जलउपयोग गुरुयोजना

## पंञ्चपुरी नगरपालिका, बाबियाचौर, सुर्खेत

**२०८०**

# बिषय सूची

**प्राक्कथन**

**धन्यबाद ज्ञापन**

**संक्षेप र संक्षिप्त नामहरूको सुची**

**कार्यकारी सारांश**

**अध्याय-१: परिचय.......... .......... १**

१.१. पृष्ठभूमि: .......... .......... १

१.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानुनी प्रावधानहरू .......... .......... १

१.१.२. एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरू .......... .......... २

१.१.३. दिगो विकास लक्ष्य .......... .......... ४

१.१.४. अन्तरक्षेत्रीय सवालहरू .......... .......... ६

१.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र .......... .......... ७

१.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरू .......... .......... ७

१.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरू .......... .......... ८

१.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरू .......... .......... १०

१.३.१. स्थानीय तहका बिद्यमान रणनीतिक योजनाहरूको समिक्षा .......... .......... १०

१.३.२. रणनीतिक योजनाहरूको एकीकरण .......... .......... ११

१.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरू .......... .......... ११

**अध्याय-२: नगरपालिकाको पाश्र्वचित्र .......... .......... १८**

२.१. नगरपालिकाको संक्षिप्त परिचय .......... .......... १८

२.२. भौगोलिक अवस्थिति र पहुँच .......... .......... २१

२.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति .......... .......... २३

२.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरूको विवरण .......... .......... २५

२.५. नगरपालिकाको सामाजिक तथा आर्थिक विवरण .......... .......... २७

२.५.१. नगरपालिकाको घरधुरी तथा जनसंख्या विवरण .......... .......... २७

२.५.२. जातियता .......... .......... २७

२.५.३. साक्षरता विवरण .......... .......... २८

२.५.४. व्यवसाय.......... .......... २९

२.५.५. कृषि र जीविकोपार्जन .......... .......... ३०

२.५.६. मौसमी पात्रो तथा कार्यबोझ .......... .......... ३१

२.५.७. नगरपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण .......... .......... ३२
२.५.८. स्थानीय निर्माण सामग्रीहरूको उपलब्धता.......... .......... ३३
२.६. सेवाकेन्द्रहरू सम्बन्धि विवरण .......... .......... ३४
२.७. विकास साझेदारहरू, गैह्र सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू तथा सहकारी सम्बन्धि विवरण ....... .......... ३४
**अध्याय-३: विद्यमान जलस्रोतहरूको अवस्था र प्रयोग .......... .......... ३७**
३.१. नगरपालिकामा उपलब्ध जलस्रोतहरूको विवरण .......... .......... ३८
३.२. नगरपालिकामा उपलब्ध जलस्रोतहरूको विश्लेषण .......... .......... ३८
३.२.१. स्रोतहरूको अवस्थितिको आधारमा जलस्रोतहरूको विश्लेषण .......... .......... ३९
३.२.२. स्रोतहरूको क्षमताको आधारमा जलस्रोतहरूको विश्लेषण.......... .......... ४०
३.२.३. स्रोतहरूको गुणस्तरको आधारमा विश्लेषण .......... .......... ४०
३.२.४. स्रोतहरूको विद्यमान परिप्रयोग र उप-जलाधार क्षेत्रहरूमा सम्भावित उपयोगको आधारमा विश्लेषण .......... .......... ४१
३.३. बिद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण .......... .......... ४१
३.३.१. बिद्यमान योजनाहरू र सेवा क्षेत्र .......... .......... ४२
३.३.२. बिद्यमान योजनाहरूको संचालनको अवस्था .......... .......... ४३
३.३.३. बिद्यमान खानेपानी योजनाहरूको सुबिधास्तरको अवस्था विश्लेषण.......... .......... ४४
३.३.४. निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र विवरण .......... .......... ४४
३.४. बिद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण .......... .......... ४५
३.४.१. बस्तीहरूको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति .......... .......... ४५
३.४.२. विद्यालय तथा सार्बजनिक स्थलहरूको सरसफाइ अवस्था .......... .......... ४७
३.४.३. बातावरणीय सरसफाइको अवस्था .......... .......... ४८
३.४.४. दिसाजन्य लेदो, ठोस फोहर तथा फोहरपानी व्यवस्थापनको बिद्यमान अवस्था .......... .......... ४९
३.५. बिद्यमान सिंचाइ योजनाहरूको अवस्था विश्लेषण .......... .......... ५२
३.५.१. बिद्यमान सिंचाइ योजनाहरू र सेवाक्षेत्र .......... .......... ५२
३.५.२. बिद्यमान सिंचाइ योजनाहरूको संचालनको अवस्था .......... .......... ५३
३.६. विद्यमान बहु-उपयोगी योजनाहरूको अवस्था विश्लेषण .......... .......... ५३
३.६.१. विद्यमान योजनाहरू र सेवाक्षेत्र .......... .......... ५३

३.७. बिद्यमान जलवायु परिबर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरूको अवस्था विश्लेषण.......... .......... ५४
३.७.१. बिद्यमान योजनाहरू र सेवाक्षेत्र .......... .......... ५५
३.७.२. बिद्यमान योजनाहरूको संचालनको अवस्था .......... .......... ५६
३.८. जलस्रोतहरूको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धि संयन्त्र .......... .......... ५६
३.९. जलस्रोतमा बिबाद .......... .......... ५७
**अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना .......... .......... ५८**
४.१. नगरपालिकाको रणनीतिक प्राथमिकता .......... .......... ५८
४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन .......... .......... ५८
४.३. एक जल नीति तथा अवधारणा .......... .......... ६०
४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन ...... .......... ६१
४.५. पानीको उत्पादनशिल प्रयोग .......... .......... ६३
४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरू .......... .......... ६४
४.७. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू (CBRT) .......... .......... ६५
४.८. स्रोत संरक्षण .......... .......... ७१
**अध्याय-५ : जलउपयोग गुरुयोजना .......... .......... ७३**
५.१. अन्तर विश्लेषण .......... .......... ७३
५.२.१. खानेपानी योजनाहरू .......... .......... ७८
५.२.२. सरसफाइ योजनाहरू .......... .......... ७९
५.२.३. बहुउपयोगी योजनाहरू .......... .......... ८०
५.२.४. सिंचाइ योजनाहरू .......... .......... ८१
५.२.५. स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरू .......... .......... ८२
५.२.६. जलउर्जा सम्बन्धि योजनाहरू .......... .......... ८४
**अध्याय-६:गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक .......... .......... ८५**
६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजना .......... .......... ८५
६.२. पहिलो आ.व. मा कार्यन्वयन हुने योजनाहरू .......... .......... ८७
६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरूको पहिचान .......... .......... ८९
६.४. जलाधार/उप-जलाधार क्षेत्र ब्यबस्थापन रणनीति .......... .......... ९३
६.५. गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र .......... .......... ९३

६.६. गुरुयोजना कार्यान्वयन रणनीति .......... .......... ९४
अनुसूचीहरू .......... .......... ९५

**संलग्न तालिकाहरू :**

तालिका- १: नगरपालिकाले तयार गरेका विभिन्न नीतिनियम तथा कार्यबिधिहरू —— १०
तालिका- २ : प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण —— १२
तालिका- ३: क्षमता बिकास सम्वन्धि तालिमका सहभागीहरूको लैङ्गिक र जातीगत विवरण —— १३
तालिका- ४: योजना तर्जुमा गोष्ठीका सभागीहरूको विवरण —— १५
तालिका नं. ५: नगरपालिकाको भू-उपयोग विवरण —— २३
तालिका नं. ६: नगरपालिकामा उप-जलाधार क्षेत्रहरू —— २५
तालिका- ७: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण —— २७
तालिका-८: वडा अनुसार जातिगत घरधुरीको विवरण —— २८
तालिका- ९: वडागत रुपमा साक्षरता विवरण —— २९
तालिका- १०: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण —— २९
तालिका- ११: वडागत रुपमा खाधान्न प्रयाप्तताको अवस्था विवरण —— ३०
तालिका-१२: स्थानीय सामग्रीहरूको उपलब्धता —— ३३
तालिका- १३: पालिकामा रहेका सेवाकेन्द्रहरूको विवरण —— ३४
तालिका- १४: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण —— ३५
तालिका- १५: वडा अनुसार सहकारी संस्थाहरूको विवरण —— ३७
तालिका- १६: पालिकामा अवस्थित विद्यमान जलस्रोतहरूको विवरण —— ३९
तालिका- १७: विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण —— ४२
तालिका- १८: वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण —— ४४
तालिका- १९: वडागत घरायसी सरसफाइको अवस्था विवरण —— ४६
तालिका- २०: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था —— ४७
तालिका- २१: स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाइको अवस्था —— ४८
तालिका- २२: व्यवहार परिवर्तनका लागी गतिबिधि तथा सुझावहरू —— ५०
तालिका- २३: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा) —— ५२
तालिका- २४: वडागत रुपमा बहु-उपयोगी योजनाहरूको विवरण —— ५४
तालिका- २५: वडागत रुपमा बिद्यमान जलवायु अनुकुलन/विपद जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरण संरक्षण योजनाहरूको विवरण —— ५५
तालिका- २६: नगरपालिकामा जलस्रोत उपयोगका लागी सुझाइएका प्रविधि विकल्पहरू —— ६४
तालिका- २७: मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (खानेपानी नयाँ योजना) —— ६५
तालिका- २८: मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (खानेपानी मर्मत सम्भार पुन:निर्माण योजना) ६७

तालिका- २९:	मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (सिंचाइ योजना) —— ६९
तालिका- ३०:	मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (बहुउपयोगी योजना) —— ६९
तालिका- ३१:	मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (वातावरण/पर्यावरण तथा स्रोत संरक्षण योजना) ७०
तालिका- ३२:	मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (पानी घट्ट योजना) —— ७०
तालिका- ३३:	प्रस्तावित खानेपानी योजनाहरूको सारांस —— ७८
तालिका- ३४:	प्रस्तावित सरसफाइ योजनाहरूको सारांस —— ८०
तालिका- ३५:	प्रस्तावित बहुउपयोगी योजनाहरूको सारांस —— ८१
तालिका- ३६:	प्रस्तावित सिंचाइ योजनाहरूको सारांस —— ८२
तालिका- ३७:	प्रस्तावित वातावरण तथा पर्यावरण सम्वन्धित योजनाहरूको सारांस —— ८३
तालिका- ३७:	कार्यान्वयनका लागी पहिलो बर्ष सहित उच्च प्राथमिकतामा राखिएका योजनाहरूको सूचि —— ८७
तालिका- ३८:	सम्भावित सरोकारवालाहरूको विवरण —— ९१

## संलग्न चित्रहरू :

चित्र- १ :	दिगो विकास लक्ष्यहरू —— ५
चित्र-२ :	जलउपयोग गुरुयोजना व्यवस्थापन कुर्सी —— ९
चित्र- ३ :	जलउपयोग गुरुयोजना निर्माणका चरणहरू —— ११
चित्र- ४:	जलउपयोग गुरुयोजना कार्यान्वयनका लागी सरोकारवालाहरूको प्रतिवद्धता —— १६
चित्र-५ :	नगरपालिकाको प्रशासनिक नक्सा —— २०
चित्र-६ :	नगरपालिकाको सडक संञ्जाल नक्सा —— २२
चित्र-७ :	नगरपालिकाको भू-उपयोग नक्सा —— २४
चित्र-८ :	नगरपालिकाको जलाधार नक्सा —— २६
चित्र-९ :	मौसमी पात्रो —— ३१
चित्र-१० :	पालिकामा दक्ष मानव संसाधन सम्वन्धित विवरण —— ३२
चित्र-११ :	अवस्थितिका आधारमा पानीका स्रोतहरूको बिश्लेषण —— ३९
चित्र-१२ :	क्षमताका आधारमा पानीका स्रोतहरूको बिश्लेषण —— ४०
चित्र-१३ :	गुणस्तरका आधारमा पानीका स्रोतहरूको बिश्लेषण —— ४१
चित्र-१४:	बिद्यमान उपयोगका आधारमा पानीका स्रोतहरूको बिश्लेषण —— ४१
चित्र-१५:	सम्भावित उपयोगका आधारमा पानीका स्रोतहरूको बिश्लेषण —— ४३
चित्र-१६:	बिद्यमान योजनाहरूको संचालन अवस्था —— ७७
चित्र-१७:	आवधिक योजनाको सारांस —— ७९
चित्र-१८:	प्रस्तावित खानेपानी योजनाहरूको लगानी अवस्था —— ७९
चित्र-१९:	प्रस्तावित सरसफाइ योजनाहरूको लगानी अवस्था —— ७९
चित्र-२०:	प्रस्तावित बहुउपयोगी योजनाहरूको लगानी अवस्था —— ८०
चित्र-२१:	प्रस्तावित सिंचाइ योजनाहरूको लगानी अवस्था —— ८१
चित्र-२२:	प्रस्तावित वातावरण तथा पर्यावरण योजनाहरूको लगानी अवस्था —— ८४
चित्र-२३:	प्रस्तावित सरोकारवाला विवरण —— ८९

# प्राक्कथन

नेपालको संविधान २०७२ मा भाग-३, मौलिक हकमा धारा ३५ को स्वास्थ्य सम्बन्धि हक प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको सुनिश्चितता गरिएको छ साथै धारा ५१ को राज्यका नीतिहरूमा जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोत विकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकीकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरि लागु गर्न सक्ने व्यवस्था छ।

पंञ्चपुरी नगरपालिकाले पनि आफ्नो क्षेत्र भित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल, जंगल र जमिनको एकीकृत विकासका लागि युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरेको छ। जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरू (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो।

जलउपयोग गुरुयोजनाको मुख्य अवधारणा भनेको जलस्रोतको एकिकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एवं समावेशी बिधि अपनाउदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शिता बढाउन सहयोग पुरयाउनु रहेकोछ। यसले कुनै एउटा निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको समग्र उपलब्धता तथा त्यसको सम्भाब्य उपयोगको आंकलन गर्दछ ।

जलउपयोग गुरुयोजनाले खास कुनै आयोजना वा जलस्रोतका क्षेत्र मात्रमा सिमित नरही स्थानीय तहको निश्चित सिमाना भित्रका जलाधार/उप-जलाधार क्षेत्रका उपलब्ध समग्र जलस्रोत, सरसफाइ तथा स्वच्छता, वातावरण र पर्यावरण, पानीसंग सम्वन्धित उर्जा, पानीको माग र यसको समुचित प्रयोग सहितको तथ्याङ्क संकलन, स्थानीयकै सहभागीतामा विश्लेषण तथा भबिष्यको लागि सहभागीतात्मक योजना तर्जुमा र नीति तर्जुमामा समेत सहयोग गर्ने भएकाले जलउपयोग गुरुयोजनालाई स्थानीय सरकार र सरोकारवालाहरूले आवश्यक औजारका रुपमा अपनत्व गरेको पाईन्छ।

पंञ्चपुरी नगरपालिका भौगोलिक रुपमा चुरेभावर तथा पहाडी भू-भाग मात्र भएको र यहाँ उत्तरबाट बग्दै आउने खोला, नदीको पानी बाहेक मूल, सानातिना खोल्सीहरू जलस्रोतको रुपमा रहेका छन्। यहाँका सबै जसो घरधुरीहरू खानेपानीका लागि यिनै जलस्रोतमा निर्भर रहेको देखिन्छन्। पानीको स्रोतहरूमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रासायनिक, भौतिक र जैविक पदार्थहरू रहन सक्ने हुँदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरूलाई पनि यस जलउपयोग गुरुयोजनाले समेटेको छ। यसका साथै जलवायु परिवर्तन अनुकुलन /विपद जोखिम व्यवस्थापन तथा वातावरण पर्यावरणका सवालहरूलाई जल उपयोग गुरुयोजनाले समेटेको छ।

यो जलउपयोग गुरुयोजना पंञ्चपुरी नगरपालिका कै नेतृत्व तथा समुदायको सहभागितामा तयार गरिएको हुँदा यसको सफल कार्यान्वयनको लागि पनि पंञ्चपुरी नगरपालिका र समुदायको ठुलो भूमिका रहन्छ। त्यसैले जलउपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरूको प्राथमिकता अनुसार कार्यान्वयन गरी नेपाल सरकारको खानेपानी सरसफाइ स्वच्छता क्षेत्र विकास योजना र दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने, जलस्रोतको न्यायोचित वितरण तथा विवेकपूर्ण उपयोग मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरि समुदायको जीविकोपार्जनमा सुधार ल्याउन महत्वपुर्ण हुने अपेक्षा गरिएको छ।

**पंञ्चपुरी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल



# धन्यबाद ज्ञापन

स्थानीय तहलाई नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार तथा अन्य प्रचलित कानूनहरूको परिधि भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरूको उचित व्यवस्थापन गर्ने तथा आफ्ना क्षेत्रगत योजना निर्माण र कार्यान्वयन गर्ने अधिकार भए अनुरुप महाभारत र चुरे श्रृखलाहरूको बिच काखमा रहेको पंञ्चपुरी नगरपालिकाको "स्वच्छ सफा र प्रयाप्त खानेपानी पंञ्चपुरीको सान, दिगो विकासका लागी जल, जंगल र वातावरण संरक्षण हाम्रो अभियान" भन्ने दिर्घकालिन सोचका साथ राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन प्रणालीमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH PLAN) र जलउपयोग गुरुयोजनाका विभिन्न खुड्किलाहरू सहभागितात्मक र समावेशी योजना प्रक्रियाका माध्यमबाट सम्पन्न गर्दै नगरपालिकाको गुरुयोजनाको दस्तावेज तयार पार्न सफल भएका छौ।

नगरपालिका क्षेत्र भित्र ३ महिना भन्दा बढी समयमा गरिएको समुदाय स्तरको सामाजिक तथा प्राबिधिक सर्वेक्षण, समुदाय भेटघाट, अन्तरक्रिया, अनुशिक्षण तालिमहरू लगायत वडा तथा नगरपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीका माध्यमबाट तयार गरिएको नगरपालिकाको जलउपयोग गुरूयोजनामा खानेपानी तथा सरसफाइ, सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण, जल उर्जा तथा जल पर्यटन सम्बन्धित योजनाहरूलाई समाविष्ट गरिएको छ। विद्यमान अवस्थाको विश्लेषण तथा भविष्यका लागि आवश्यकतामा आधारित भई सहभागितात्मक ढंगले तयार गरिएको पंञ्चबर्षीय योजनाको सफल कार्यान्वयन नगरपालिकाको अबको प्राथमिकता रहने छ। पंञ्चपुरी नगरपालिकामा जल पर्यटनको समेत प्रचुर सम्भावना रहेको छ यसै सन्दर्भमा नगरपालिकाको भेरि नदीमा र्याफ्टिङ संचालन लगायत नगर क्षेत्रका तालतलैयाको सम्वर्धन तथा अन्य जल पर्यटनको विकास समेत समेत नगरको आगामी प्राथमिकता रहने छ।

पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरू, नगरपालिकामा क्रियासिल सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजिबि, महिला, विभिन्न समूह/संस्था तथा नगरपालिकाका कर्मचारीहरू, फिल्ड स्तरमा खटिने प्राबिधिक तथा सामाजिक कर्मचारिहरू, गुरुयोजना तथ्याङ्क संकलन र विश्लेषणमा संलग्न बिज्ञहरू लगायत नगरपालिकामा क्रियाशिल बिभिन्न संघ-संस्था तथा आम जनसमुदायहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

पंञ्चपुरी नगरपालिकाको NWASH MIS अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपुर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुर्‍याउने युएसएआइडी, कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्न चाहन्छु।

यस नगरपालिकाले भविष्यमा आफ्नै आन्तरिक स्रोत तथा बाह्य सहयोग/साझेदारीबाट सञ्चालन गर्ने खानेपानी तथा सरसफाइ योजानहरू, सिंचाइ, वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरू, जलउर्जा तथा जलपर्यटन सम्वन्धित योजनाहरू छनोट र प्राथमिकरणमा नगरका पदाधिकारी तथा सरोकारवाला महानुभावहरूको प्रत्यक्ष संलग्नतामा रहेको हुदा गुरुयोजनाको अनुकरण एवं पालना गर्ने तथा गराउने समेत हाम्रो दायित्व हुन आउछ यस सन्दर्भमा गुरुयोजनाको सफल कार्यान्वयनको प्रतिबद्धता समेत व्यक्त गर्दछु। नगरपालिकाको पंञ्चबर्षीय आवधिक योजनाका रुपमा रहेको जलउपयोग गुरूयोजनाको निर्माणमा सहभागिता जत्तिकै कार्यान्वयनमा समेत सरोकारवाला सम्पूर्ण

महानुभावहरूको साथ सहयोग पाउनेमा आशावादी हुदै जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछु साथै गुरुयोजना निर्माणका समय साथ सहयोग गर्नुहुने यस नगरपालिकाका आम जनसमुदाय लगायत सम्बद्ध सम्पुर्ण महानुभावहरूमा धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

..................................

लालविर भण्डारी

नगर प्रमुख

**पन्चपुरी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल



## धन्यबाद ज्ञापन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका संविधान प्रदत्त अधिकार तथा अन्य प्रचलित कानूनहरूलाई आधारमा नेपाल सरकारको दिगो विकास लक्ष्य प्राप्तीको योजना अनुरुप यस नगरपालिकाको जलस्रोत क्षेत्रको एकिकृत व्यवस्थापन गर्न जलउपयोग गुरुयोजना निर्माण गरिएको छ। जलउपयोग गुरुयोजना निर्माण प्रकृया समुदाय स्तरबाट समावेशी तथा सहभागितात्मक ढंगले नगरवासीहरूको सकृय सहभागीतामा निर्माण गरिएको छ। गुरुयोजनाका प्रत्येक चरणमा महिला तथा पछाडी परेको बर्ग, सिमान्तकृत समुदायहरूको सहभागिता सुनिश्चित गर्न निकै नै सराहनिय प्रयास भएको छ। नगरपालिकाको जलस्रोत क्षेत्रको आवधिक योजनाका माध्यमबाट आगामी पाँच बर्षमा लक्षीत समुदाय सहित नगरवासीहरूको सुरक्षीत पिउने पानीमा सहज पहुँच, सिंचाइ सुविधाको विस्तार तथा वातावरणीय पक्षहरूको समुचित व्यवस्थापन र पानीका स्रोत संरक्षणमा थप विकास भई जनजिवन अझै थप सहज हुनेमा म बिश्वस्त छु।

पंञ्चपुरी नगरपालिकाको NWASH MIS अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपुर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुर्‍याउने युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्न चाहन्छु।

पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका पदाधिकारी, कर्मचारीहरू, संलग्न बिज्ञ समुह र आम नगरवासीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। नगरपालिकाले आफैले निर्माण गरेको गुरुयोजनाको कार्यान्वियन गर्दा गुरुयोजनाले औल्याएका प्राथमिकता सुची अनुसार " जाती बर्ग र लैंगीकताको क्षेत्रमा सदैव सम्मान, हरेक क्षेत्रमा समावेशी पहुँचयुक्त नगर निर्माण" केन्द्रित हुनेछ। नगरपालिकाले निर्माण गरेको यस आवधिक योजनालाई सबैको आफ्नो योजना बनाउन कार्यान्वियनमा सहकार्यका लागी संघीय सरकार, प्रदेश सरकार, दातृ निकायहरू लगायत नगरपालिकासंग साझेदारी गर्नुहुने संघ-संस्थाहरूमा हार्दिक अनुरोध गर्नु चाहन्छु साथै गुरुयोजनालाई सफल कार्यान्वयका लागी प्रतिबद्ध रहदै पुन: गरुयोजना निर्माणमा संलग्न सम्पुर्णमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।

...................................

मुक्तिदेवी रेग्मी (पुरी)

नगर उपप्रमुख

# संक्षेप र संक्षिप्त नामहरूको सुची

जलउपयोग गुरुयोजना भन्नाले पंञ्चपुरी नगरपालिकाको "जलउपयोग गुरुयोजना २०८०/८१ देखी २०८५/८६ (सन् २०२३ -२०२७) लाई सम्झनु पर्दछ।

| | |
|---|---|
| NWASH MIS | National Water Sanitation and Hygiene Management Information System |
| खा.स.स्व.यो. | खानेपानी सरसफाइ तथा स्वच्छता योजना |
| खानेपानी उ.स.स./उ.स. | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/उपभोक्ता समिति |
| गा.पा. | गाउँपालिका |
| गा.वि.स. | गाउँ विकास समिति |
| लै.स.सा.स. | लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण |
| उ.स. | उपभोक्ता समिति |
| गैसस | गैर सरकारी संस्था |
| लि.प्र.से. | लिटर प्रति सेकेन्ड |
| खा.पा. | खानेपानी |
| कि.मि. | किलो मिटर |
| सा.ब.उ.स. | सामुदायिक बन उपभोक्ता समुह |
| एस.डी.ज़ी. | भन्नाले संयुक्त राष्ट्र संघको "दीगो विकास लक्ष्य सन् २०१६-२०३०"लाई सम्झनु पर्दछ । |
| एस.डी.पी. | भन्नाले नेपाल सरकार, खानेपानी मन्त्रालयको "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७"लाई सम्झनु पर्दछ । |
| नेपाल रोडम्याप | भन्नाले नेपाल सरकार, राष्ट्रिय योजना आयोगको "नेपाल: दीगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७"लाई सम्झनु पर्दछ । |
| जलस्रोत व्यवस्थापन कुर्सी | भन्नाले जलउपयोग गुरुयोजनालाई नेपाल सरकारको विद्यमान क्षेत्रगत् विकास संरचनाहरू, कानूनी प्रावधानहरू र दीगो विकास अवधारणा अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाई योजना निर्माण प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अवलम्बन गरिएको जलस्रोत व्यवस्थापन कुर्सिको चित्रगत अवधारणालाई सम्झनु पर्दछ । यो अवधारणा सरोकारवालाहरूको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका क्षेत्रहरूमा केन्द्रित रहेर गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरिन्छ। |

| | |
|---|---|
| जलउपयोग सेवा प्रदायक | भन्नाले जलउपयोग आयोजना सञ्चालन व्यवस्थापन गर्ने उद्धेश्यले स्थापना भई नेपाल सरकार अन्तर्गत दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्थाहरू नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण, जलउपयोग प्रयोजनका उपभोक्ता समिति, निजि उद्योग, जलउपयोग स्व-सेवा गर्ने ससाना उपभोक्ता समुह वा परिवार, आदि समेत जलउपयोग सेवा प्रदायक अन्तर्गत पर्दछन । |
| खानेपानी सुविधास्तर | भन्नाले खानेपानी आयोजनाहरूले उपभोक्ता घरपरिवारहरूलाई उपलब्ध गराएको खानेपानीको चार तहको सुविधास्तरहरू सुरक्षित व्यवस्थापन सुविधास्तर, आधारभूत सुविधास्तर, सिमित सुविधास्तर, र सुविधा नभएको (सुन्य सुविधास्तर)लाई बुझ्नु पर्दछ । खानेपानी सुविधास्तर सूचकहरू परिमाण, गुणस्तर, पहुच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सुविधास्तर निर्धारण हुन्छ । यी चारवटा सुविधा सूचकहरूको समग्र सुविधास्तरलाई खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । अर्थात् खानेपानी सुविधास्तर भन्नाले यस जलउपयोग गुरुयोजनामा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । |
| सिबिआरटी / CBRT | Criteria Based Ranking Tools (मापदण्डमा आधारित योजना छनौटका आधारहरू) भन्नाले तर्जुमा गरिएका आयोजनाहरूको कार्यान्वयन प्राथमिकता निर्धारण गर्दा प्रयोग गरिने "मापदण्डमा आधारित प्राथमिकीकरण औजार"लाई बुझ्नु पर्दछ । |

# कार्यकारी सारांश

जलउपयोग गुरुयोजना जलस्रोत व्यवस्थापनका पक्षहरू जस्तै पानीका स्रोतहरू लगत तयार पार्ने, बिद्यमान प्रयोग र भबिष्यमा उपयोग गर्न सकिने क्षेत्रको पहिचानका साथसाथै स्रोतहरूको अवस्थाको खोज र विश्लेषण, समुदायहरूमा बिद्यमान पानीसंग सम्वन्धित योजनाहरूको अवस्था विश्लेषण र समग्र समुदायहरूको सुबिधा स्तर बर्गीकरण गरि भविष्यमा पानीका क्षेत्रमा आवश्यक सेवा विस्तार र सुदृढीकरणका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनाले कुनै निश्चित भूगोललाई लक्षित गरि समग्र जलाधार व्यवस्थापनको आधारमा पानीको उपभोग र दिगोपनाका लागी उपभोगलाई न्यायोचित तथा समतामुलकको शिद्धान्तलाई अवलम्वन गरेको हुन्छ। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरूको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरूको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद न्युनिकरण र समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दिर्घकालिन औजारका रुपमा लिन सकिन्छ।

जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्धेश्य भनेको, "स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो नगरपालिका क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसंग सम्वन्धित आवश्यकताहरू पुरा गर्न रहेको छ। गुरुयोजनाले जलवायु परिवर्तन अनुकूलन तथा संम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागी समुदाय र सरोकारवालाहरूको क्षमता विकास गर्नुका साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरू जस्तै  एकजल अवधारणा, पानीको उत्पादनशिल उपयोगका लागी स्थानीय जनसमुदायहरूलाई शसक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुऱ्याउदछ।

जलउपयोग गुरुयोजनाको तयारि प्रकृया मार्फत महिला, पछाडी पारिएका समुदाय, अति बिपन्न,  सीमान्तकृत समुदाय र पानीको उपभोगमा बन्चितिकरणमा परेका भूगोल र समुदायहरूलाई मापदण्डमा आधारित योजना प्राथमिकिकरणका सूचकहरूका माध्यमबाट मुलप्रवाहीकरण गर्दै खानेपानी लगायतका संबिधानले सुनिश्चित गरेका जलस्रोतको उपयोगका क्षेत्रका मौलिक हकलाई समेत पुरा गर्न योगदान पुऱ्याउँदछ। प्रस्तावित योजनाहरूको प्राथमिकिकरणका लागी युएसएआइडी कर्णाली जल परियोजनाका बिज्ञहरूले सुझाएका सूचक र स्थानीय परिबेशका आधारमा सूचकहरू तय गरि योजनाहरू पंञ्च बर्षीय कार्यान्वयन सूची तय गरिएको थियो।

यस नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरू (तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिवेदन लेखन तथा प्रतिवेदन प्रमाणीकरण चरणहरू) मा क्षेत्रगत बिज्ञहरूको परिचालन गरि स्थानीय समुदायहरूको सहभागिता र ज्ञान सिप र प्रबिधीको अधिकतम उपयोग सहित तथ्याङ्क संकलन, विश्लेषण र प्रमाणीकरण गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि NWASH र DAI Collect KoBo मोबाइल एप्लिकेशनहरूको प्रयोग गरिएको छ । संकलित तथ्याङ्कहरूलाई एकत्रित गरी तथ्याङ्कहरूलाई प्रबिष्टीका समयमा हुन गएका त्रुटीहरू र प्रमाणीकरण गोष्ठीहरू मार्फत सुझाइएका थप तथ्याङ्कहरूलाई युएसएआइडी कर्णाली जल परियोजनाको सहयोग र समन्वयमा सच्याउने तथा प्रबिष्टी गर्ने, सान्दर्भिक नरहेका तथ्याङ्कहरूलाई हटाउने कार्य गरिएको थियो। ११ वटै वडाहरूमा वडास्तरीय योजना तर्जुमा गोष्ठी संचालन मार्फत योजनाहरूको प्राथमिकीकरण पश्चात स्तरमा तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो ।

जलउपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्याङ्कहरूलाई विभिन्न बिधिहरू अपनाई विश्लेषण गरिएको छ। विश्लेषण गरिएका तथ्याङ्कहरूलाई मा उपलब्ध अन्य तथ्याङ्कहरूका आधारमा विश्लेषण गर्नुका साथै सरोकारवालाहरू माझ गरिएका छलफल अन्तर्क्रिया पश्चात आवश्यक तालिका, ग्राफ, र अनुसूचीमा राखी  त्यसको बिश्लेषणात्मक  प्रस्तुती सहित यो प्रतिवेदन तयार गरिएको छ। पन्चदेवल विनायक नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरूमा (१३ वटा खुड्किलाहरू) सम्पन्न गरिएका प्रक्रियागत क्रियाकलापहरू निम्न अनुसार रहेका छन्।

- तयारी चरण अन्तर्गत कर्णाली जल परियोजना र सांझेदारहरू बिचको सम्झौता तथा अन्य तथ्याङ्क सङ्कलनका औजार तथा विधिहरूको छनौट गरिएको थियो ।
- क्षमता बिकास चरणमा १६ जना तथ्याङ्क संकलकहरूलाई NWASH/ DAI Collect KoBo सफ्टवेयर र तथ्याङ्क सङ्कलन बिधि सम्बन्धि तालिम संचालन गरिएको थियो।
- ६७ वटा समुदायस्तरका भेला/अनुशिक्षण सहभागीतात्मक तरिकाले सामाजिक तथा प्राबिधिक तथ्याङ्कहरू संकलन गरिएको छ। तथ्याङ्कहरू संकलन गर्दा महिला तथा पछाडिपारिएका बर्गका मुद्दाहरू/सवालहरूको अध्ययन र विश्लेषण गरिएको थियो।
- ११ वटै वडाहरूमा वडास्तरमा समन्वय बैठक/अनुशिक्षण र १/१ दिन क्षमता विकास तालिमहरू सम्पन्न गरिएको थियो र अनुशिक्षणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन अनुकुलन तथा जोखिम व्यवस्थापनका बिषयबस्तुहरू सहभागीहरू माझ छलफल गरि आवश्यक ज्ञान सिपहरू आदान प्रदान गर्नुका साथै सहभागीहरूको क्षमता विकास  गरिएको थियो ।
- ११ वटै वडाहरूबाट छनौट गरिएका महिला तथा पछाडी पारिएको बर्गका व्यक्तिहरूका लागि जल अधिकार, योजना तर्जुमा, जल सुशासन आदि सम्बन्धि २ दिने तालिम संचालन गरिएको थियो। उक्त तालिममा समुदायमा रहेका हानिकारक परम्परागत सोचहरू तथा निदानका उपायहरूबारे सहजिकरणका बिभिन्न बिधीहरूको प्रयोग मार्फत सहभागीहरूको हौसला प्रदान तथा कानुनी ज्ञान प्रदान गरिएको थियो। उक्त तालिम पश्चात सहभागीहरूले महिला तथा पछाडी पारिएको बर्गका व्यक्तिहरूलाई नगरपालिकामा अझ शसक्त मूलप्रभाविकरणमा मद्दत पुग्ने आशा गरिएको छ।
- नगरपालिका स्तरमा जलउपयोग गुरुयोजना क्रियाकलापहरू संचालन पूर्ब १ पटक समन्वय बैठक बसी गुरुयोजना क्रियाकलापहरू संचालनका लागी कार्ययोजना निर्माण तथा तथ्याङ्कहरूको संकलन र वडा स्तरमा प्रमाणीकरण तथा योजना तर्जुमा पश्चात  १ पटक योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो। नगरपालिका स्तरिय योजनातर्जुमा गोष्ठीमा योजनाहरूलाई मापदण्डमा आधारित औजारहरूका माध्यमबाट प्राथमिकिकरण गर्नुका साथै सहभागीहरूलाई ३ वटा छुट्टा छुट्टे समुहमा बिभाजन गरि लैंगीक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन, विपद जोखिम, पानी क्षेत्रका योजना कार्यान्वयन सयन्त्रको बिद्यमान अवस्थाको अन्तर विश्लेषण सहित आगामी रणनीतिहरूको बारेमा प्रस्तुती र गुरुयोजनामा समावेश गर्ने बारे छलफल गरिएको थियो।

**मुख्य तथ्याङ्कहरू :**

- राष्ट्रिय जनगणना २०७८ को प्रतिबेदन अनुसार यस पंञ्चपुरी नगरपालिकाको कूल घरधुरी संख्या  ७,८०३ र कूल जनसंख्या ३५,८३९ (https://cbs.gov.np) रहेको देखिन्छ भने हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार कूल घरधुरी संख्या ८,१३६ र कूल जनसंख्या ३९,०१४ रहेको देखिन्छ। कूल घरधुरी मध्ये  ४६.३१% (३,७६८) घरधुरी ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी, ३०.८५% (२,५१०) घरधुरी दलित, २२.३०% (१,८१४) घरधुरी जनजाती रहेका छन् भने ०.२९% (२४) नेवार र ०.२५% (२०) अन्य घरधुरी रहेका छन् ।
- यस नगरपालिकामा ठूला जलाधारको रुपमा कर्णाली र भेरी नदि रहेका छन् भने उप-जलाधारको रुपमा अन्य खोलाहरू जस्तै दोब्रि खोला, घट्टे खोला र चरुवा खोला, डुमरी खोला, सान्ने चौर खोला, माझ खोला आदि रहेका छन्। ताल तलैयाहरूमा जाजुरा ताल, मुली दह, गुप्ति ताल, चुनारी ताल र श्रीताल आदि रहेका छन् भने खानेपानीका लागि मुख्य स्रोतको रुपमा सतही/मूलहरू प्रयोग भए पनि नगरपालिकाको वडा नं. १० र ११ मा भने भूमिगत पानीका स्रोतहरू समेत  प्रयोग भएको जलउपयोग गुरुयोजनाको सर्वेक्षणले देखाउदछ।
- नगरपालिकामा हाल विद्यमान खानेपानी योजना संख्या ८वटा, निर्माणाधीन खानेपानी योजना २४ वटा (बृहत सालकोट खानेपानी तथा सरसफाइ योजनाका ८ वटा सब स्किम समेत समावेश गरिएको ) र जलउपयोग

गुरुयोजनामा प्रस्तावित नयाँ खानेपानी योजना संख्या ८ वटा नयाँ र ९ वटा मर्मतका योजनाहरू रहेका छन् । विद्यमान खानेपानी योजनाबाट हाल २३६६ (२९%) घरधुरीहरू लाभान्वित भएको देखिन्छ भने निर्माणाधीन २४ वटा योजनाहरूबाट ४८४५ (६०%) घरधुरीहरूले खानेपानी सेवा प्राप्त गर्ने लक्ष्य लिईएको छ।

- विद्यमान ८ वटा खानेपानी योजनाहरूमा पानी सुरक्षा योजना निर्माण गरेको पाइदैन तर खानेपानी योजना संचालन र रेखदेखका लागी केहि योजनाहरूमा मर्मत सम्भार कार्यकर्ता नियुक्त भएको पाईन्छ। खानेपानी योजनाहरूको दिगो संचालन र उच्चतम लाभका लागी योजनाहरूमा आवश्यक नीति निर्माण सहित पानी शुल्क संकलन गर्ने, मर्मत संभार कोष स्थापना गर्ने तथा मर्मत सम्भार कार्यकर्ताको व्यवस्थापनका लागी नगरपालिकाले नीति नियम तर्जुमा गर्नु पर्ने आवश्यक देखिन्छ।
- नगरपालिकाको सरसफाइ तथा स्वच्छता अवस्था विश्लेषण गर्दा नगरपालिकाका करिब ७% घरधुरीहरूमा बिबिन्न कारणले शौचालय नरहेको पाईएको छ। सर्वेक्षण गरिएका घरधुरीहरू मध्ये करिब ११ % घरधुरीहरूमा अस्थाई प्रकृतिका शौचालय रहेको पाइएको छ। हरूहरूहरूनगरपालिका क्षेत्रमा खुला दिशामुक्त अभियानका समय काठका शौचालय समेत निर्माण गरिएकोमा हाल शौचालयहरू मौसमी प्रभावले कुहिने भत्किने भएकाले शौचालयको परिप्रयोगको संख्या र प्रकृतिको स्थितिमा सुधार गर्नु पर्ने अवस्था देखिएको छ।
- नगरक्षेत्रका बाबियाचौर बजार, राग, जाजुरा, कोटा टोल, पलैटे र कोटाधारामा सार्वजनिक शौचालय निर्माण भएका भए पनि जाजुरा, कोटा टोल, पलैटे र कोटाधारामा स्थित सार्वजनिक शौचालयहरूको स्थिति निकै कमजोर स्थितिमा रहेको पाईएको छ। नगरक्षेत्रमा बढदो शहरिकरण र यातायातको थप व्यवस्थापन भइरहदा थप शौचालय, दिसाजन्य लेदो व्यवस्थापन, ठोस फोहोर व्यवस्थापन आदीको संस्थागत सयन्त्र विकास सहित थप प्रभावकारि संचालन गर्नु पर्ने गुरुयोजनाको सर्वेक्षणले औल्याएको छ ।
- नगरपालिकामा बिद्यमान रहेका ५३ बिद्यालयहरू मध्ये २८ वटा बिद्यालयहरूमा मात्र (४८%) पानीको आपुर्ति व्यवस्थापन रहेको छ। पालिका स्तरिय गोष्ठीमा भएको छलफल र शिक्षा शाखासंगको अन्तरक्रिया तथा स्थलगत सर्वेक्षणका अनुसार सबै बिद्यालयहरूमा शौचाल;य रहेपनि पानीको आपुर्ति भने भरपर्दो छैन। ५२% बिद्यालयहरूले खानेपानी तथा सरसफाइका लागी सहयोगी कर्मचारी मार्फत पानी ढुवानी गरि व्यवस्थापन गरिराखेका छन्। बिद्यालयहरूमा ठोस व्यवस्थापन, हात धुने स्थानको प्रवन्ध समेतमा सुदृढीकरण गर्नु पर्ने गुरुयोजनाको सर्वेक्षणले औल्याएको छ।
- पंञ्चपुरी नगरपालिकामा विद्यमान सिंचाइ योजनाहरू ८८ वटा रहेका छन् । विद्यमान सिंचाइका आयोजनाहरूबाट नगरपालिकाको कूल खेतीयोग्य भू-भाग [1]१३६,४०० रोपनी (६८२० हेक्टर) मध्ये करिब २८,५३६ रोपनी (२१%) जमिन सिंचित भईरहेको छ । नगरपालिकामा संचालित बिद्यमान सिंचाइ योजनाहरूबाट करिब १८,५४८ रोपनी (सिंचित जमिनको ६५%) जमिन आवश्यकता परेको बेला बर्षभरि नै सिंचाइ हुने देखिन्छ।
- नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठीमा गरिएको बृहद छलफल, क्षेत्रगत अन्तर विश्लेषण र निर्णय अनुसार ८ वटा नयाँ खानेपानी योजनाहरू, ९ वटा मर्मत तर्फका खानेपानी योजनाहरू, ८९ वटा कुलो सिंचाइ योजनाहरू, २८ वटा बहुउपोयोगी योजनाहरू, ७ वटा सरसफाइ तथा स्वच्छता, वातावरण तथा पर्यावरण संरक्षण तर्फ ६२ वटा योजनाहरू र सुधारिएका घट्ट २८ वटा बहुउपयोगी योजनाहरूमा समावेश भएका पंञ्चबर्षीय योजनामा कार्यान्वयनका लागी प्रस्ताव गरिएका छन्।

[1] स्रोत: नगरपालिका पार्श्वचित्र

- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धि ऐन २०७९ मा धारा:३३ को उपधारा ४ र धारा: ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समाबेशीकारणका सवालहरूलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अत्ति बिपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरीहरूलाई अनुदान तथा खानेपानी महशुलमा छुटदिने व्यवस्था गरिएको छ।
- नगरपालिकाले नगरक्षेत्रमा बिद्यमान सिंचाइ योजनाहरूको रेखदेख गर्ने परम्परागत पाले (हेरालो)हरूलाई संस्थागत रुपमै क्षमता विकास गर्ने साथसाथै योजनाहरूको संरक्षणमा समुदायको यो पक्ष निकै नै सबल पाईएकोमा सो सम्वन्धि नीतिगत व्यवस्थापन गर्ने नगरपालिका स्तरिय कार्यशाला गोष्ठीमा प्रतिवद्धता गरेको छ।

पंञ्चपुरी नगरपालिकाले वराहताल गाउँपालिका तथा अन्य छिमेकि स्थानीय तहहरूसंगको सहकार्यमा ठोस, तरल तथा दिसाजन्य लेदो व्यवस्थापनका लागि ल्याण्ड फिल साईट व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापनका क्रियाकलापहरू संचालन गर्ने सोच गरेका छन्। नगरपालिकाको वडा नं. ३ को खम्बागाडे भन्ने स्थानमा फोहोर व्यवस्थापन केन्द्र बनाउने योजना रहेको छ।

समग्रमा पंञ्चपुरी नगरपालिकाले यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकार र सम्वन्धित सरकारी निकायहरू, नगर क्षेत्रमा कार्यरत गैर सरकारी संघ संस्थाहरू, दातृ निकाय र कार्यक्रमहरूसंग समन्वय, सहकार्य र साझेदारी गर्नुका साथै आन्तरिक स्रोत साधनको परिचालन गरि जलउपयोग गुरुयोजना कार्यान्वयन गर्ने प्रतिवद्दता गरेको छ।

# अध्याय-१: परिचय

## १.१. पृष्ठभूमिः

जलउपयोग गुरुयोजना जलस्रोत व्यवस्थापनका पक्षहरू जस्तै पानीका स्रोतहरू लगत तयार पार्ने, बिद्यमान प्रयोग र भबिष्यमा उपयोग गर्न सकिने क्षेत्रको पहिचानका साथसाथै स्रोतहरूको अवस्थाको खोज र विश्लेषण, समुदायहरूमा बिद्यमान पानीसंग सम्वन्धित योजनाहरूको अवस्था विश्लेषण र समग्र समुदायहरूको सुबिधा स्तर बर्गीकरण गरि भविष्यमा पानीका क्षेत्रमा आवश्यक सेवा विस्तार र सुदृढीकरणका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। कुनै निश्चित भूगोलमा जलस्रोतको उपयोग र व्यवस्थापनका सन्दर्भमा जलउपयोग गुरुयोजनाले एकिकृत जलस्रोत व्यवस्थापन सहितको स्पष्ट रुपरेखा प्रदान गर्दछ। जलउपयोग गुरुयोजनाले पानीको उपयोग र व्यवस्थापनका सन्दर्भमा एक समग्र, सहभागितामूलक र समावेशी योजना प्रक्रिया अवलम्बन सहित स्रोतहरूको न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि बिद्यमान अवस्थाहरूको विश्लेषण सहित आगामी दिनमा स्रोतहरूको दिगो उपयोगका लागी गर्नुपर्ने क्रियाकलापहरू सहितको मार्गदर्शन गराउदछ। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरूको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरूको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहु उपयोग गर्न, जलस्रोत सम्बन्धी विबाद समाधान गर्नका साथै सुशासन कायम गरी संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दिर्घकालिन औजार सहितको जलक्षेत्रको आवधिक योजनाको रुपमा अवलम्बन गर्ने गरिएको छ।। हरूविश्लेषणहरू

जलउपयोग गरुयोजनाले समुदायमा जलस्रोत व्यवस्थापन सम्वन्धि सवालहरू जस्तै पानीको पहुँच सम्बन्धी बिबादहरू, स्थानीय तहमा समन्वयात्मक योजनाको अभाव, घरायसी र कृषि दुवै प्रयोजनका लागि पानीको बढ्दो माग, पानीका स्रोतहरूमा भइरहेको निरन्तरको घटदो क्रम, बदलिदो जलवायुले पारेका असरहरू आदीलाई स्थानिय समुदाय र बिज्ञहरूको संलग्नतामा समाधान सहितका उपायहरूको खोजी गर्दछ भने समुदायस्तरमा समावेशी जल योजना तथा जलस्रोत व्यवस्थापन को स्थापना गर्ने, जलस्रोतको अधिकतम उपयोग सुनिश्चित गर्ने, पानी समान र न्यायोचित वितरण, पानीसंग जोडिएको पानी र प्राकृतिक स्रोतहरूको संरक्षणलाई बढावा दिने जस्ता उद्देश्यहरू लिएको हुन्छ।

### १.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति  तथा कानुनी प्रावधानहरू

नेपालको संविधानको विभिन्न भाग तथा धाराहरूमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधानहरू रहेका छन्। जलउपयोग गुरु योजना र जलस्रोत विकास  सम्बन्धित केहि प्रावधान निम्मानुसार रहेका छन।

- मौलिक हकः धारा ३५: स्वास्थ्य सम्बन्धी हक "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ"।
- मौलिक हकः धारा ५१: "राज्यका नीतिहरू, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने"।

- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने।
- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बवन्धी चेतना बढाई औद्योगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्युनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भु-भागमा वन क्षेत्र कायम गर्ने।
- प्रकृती, वातावरण वा जैविक विविधता माथी नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने।
- स्थानीय तहको एकल अधिकारको सूची अनुसूची ८
- साझा अधिकार सुची ७ र ९
- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धि ऐन २०७९ मा धारा ३३ को उपधारा ४ र धारा ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका सवालहरूलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरिहरूलाई अनुदान तथा खानेपानी महशुलमा छुट दिने व्यवस्था गरिएको छ।
- त्यसै गरि पन्ध्रौँ योजनामा ४.१ सोच: स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा, ४.२ लक्ष्य: सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरिय सेवा अभिबृद्धी गर्ने। ४.३ उद्देश्य: खानेपानी र सरसफाइ सेवाको प्रयाप्त, सुरक्षित र सर्बसुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु, सबै नागरिकलाई आधारभुत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल-मुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरि वातावरणीय स्वच्छता कायम गर्नु, जलवायु परिवर्तन अनुकूल तथा विपद व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु, खानेपानी तथा सरसफाइको दिगो सेवा प्रभावमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिवृद्धि गर्नु।

माथी उल्लेखित संबैधानिक व्यवस्थाहरूले समेत स्थानीय तहहरूको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरू सम्बोधन गर्न यथेष्ट व्यवस्था रहेको पाइन्छ। पानी क्षेत्रका निर्दिष्ट योजनाहरूको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छन। यसरी स्थानीय सरकारहरूले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरी आवधिक योजनाहरू मार्फत नागरिकका संबिधान प्रदत्त अधिकार सुनिश्चितता लागि समेत जलउपयोग गुरुयोजना एक सहयोगी औजारका रुपमा रहने देखिन्छ।

### १.१.२. एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरू

एउटा जलाधार भित्रका पानीसंग सम्वन्धित आवश्यकताहरू सँगसँगै सम्वोधन गर्ने, जलस्रोतका विविध पक्षहरू बीच सामञ्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत

अवधारणालाई नै एकिकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ[2]। जलस्रोत विकासका विभिन्न क्षेत्रहरू जस्तैः खानेपानी, सिंचाइ, जलविदयुत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुऱ्याउने किसिमले लैजानु अर्थात समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकिकृत जलस्रोत व्यवस्थापन हो। एकिकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना जलभाग अथवा स्रोतहरूलाई संरक्षण र विवेकपूर्ण उपयोग तथा माटो, पानी, र वनस्पतीय स्रोत बीचको सामनजस्यता वा सह-सम्बन्धलाई ध्यानमा राखि ती स्रोतहरूको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरूको लेखाजोखा गर्नु हो।

सामाजिक समानता, आर्थिक सवलता र पर्यावरणीय दिगोपना एकिकृत जलस्रोत व्यवस्थापनका आधारभुत सिद्धान्तहरू रहेका छन् ।

**सामाजिक समानता:** सबै प्रयोगकर्ताहरू (विशेष गरी सीमान्तकृत र गरिब प्रयोगकर्ता समूहहरू) का लागि पर्याप्त मात्रामा र पानीको गुणस्तरमा समान पहुँच सुनिश्चित गर्नु हो। पानीको प्रयोगबाट प्राप्त लाभहरूको लागि सबै प्रयोगकर्ताहरूको अधिकारलाई पनि पानीको बाँडफाँड गर्दा विचार गर्न आवश्यक छ।

**आर्थिक सवलता:** उपलब्ध वित्तीय र जल स्रोतहरूको बाट सम्भावित प्रयोगकर्ताहरूको लाभ पुऱ्याउने र यसको लागि सबैभन्दा आर्थिक रूपमा उपयुक्त विकल्प चयन गर्न आवश्यक छ। यसले वर्तमान र भविष्यको सामाजिक र पर्यावरणीय लागत र लाभहरू विचार गर्नुपर्छ।

**पारिस्थितिकीय दिगोपना:** समग्र जलाधार क्षेत्रको स्वास्थ्यको संभावित जोखिमहरूको व्यवस्थापन सहितको योजना तर्जुमाका लागी ध्यान पुऱ्याउनु पर्ने आवश्यकता छ।

एकीकृत जलस्रोत व्यवस्थापनका सम्वन्धमा तल उल्लेखित डबलिनमा सिद्धान्तहरू जलउपयोग गुरुयोजना तर्जुमाका लागी अत्यन्तै आवश्वयक रहेका छन्।

**सिद्धान्त १ :** शुद्ध पानी सिमित जोखिमयुक्त स्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ।

**सिद्धान्त २ :** पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद, नीतिनिर्माताालाई समाहित गर्दछ।

**सिद्धान्त ३ :** पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरूको महत्वपुर्ण भूमिका हुन्छ।

**सिद्धान्त ४ :** पानी सामुदायिक बस्तु हो तर यसको उच्च आर्थिक महत्व पनि छ।

### १.१.३. दिगो विकास लक्ष्य

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न बिश्वब्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न

[2] एशियाली विकास बैक (ADB) को सहयोगमा संचालित "जलाधार क्षेत्र ब्यबस्थापन कार्यक्रम" अन्तर्गत तयार पारिएको "सहभागितामुलक एकीकृत जलाधार क्षेत्र ब्यबस्थापन हाते पुस्तिका,२०७६

२३२ सूचकहरू पनि तयार गरिएका छन्। यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरू निर्धारित गरिएका छन्[3]। यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरू एक-आपसमा अन्तर सम्बन्धित छन्।




चित्र- १ : दिगो विकास लक्ष्यहरू

यसै गरि दिगो बिकास लक्ष्य-६ खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापनका साथै एकीकृत जलस्रोत व्यवस्थापनका क्षेत्रमा सन् २०३० सम्ममा के के उपलब्धि हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ। दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले खानेपानी तथा सरसफाइ सम्वन्धमा दिशानिर्देश गरेको छ। अन्तराष्ट्रिय स्तरमा नेपालले समेत प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत

[3] राष्ट्रिय योजना आयोग: दिगो विकास लक्ष्यहरू, बर्तमान अवस्था र भावी मार्गचित्र (२०१६-२०३०), www.npc.gov.np

कर्तव्य हुन आउछ। यस परिवेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूले प्रक्रियागत विकासमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। जलस्रोत क्षेत्रको समष्टिगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ।

दिगो विकास लक्ष्य-६ को समग्र सूचक " **सन् २०३० सम्म, सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने**" रहेको छ भने, विशिष्ट सूचकहरू निम्न रहेका छन्।

६.१ सन् २०३० सम्ममा सवैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने .

६.२ सन् २०३० सम्ममा सबैका लागि पर्याप्त सरसफाइ र स्वच्छतामा समतामूलक पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने यस क्रममा महिला वालवालिका, किशोरी तथा संकटासन्न अवस्थामा रहेकाहरूको आवश्यकतालाइ विशेष ध्यान दिने ।

६.३ सन् २०३० सम्ममा प्रदुषण कम गरेर, जतातत्तैप्रवृत्ति हटाएर खतरनाक रसायन एवं अन्य सामाग्रीको न्यूनीकरण गरेर पानीको गुणस्तर सुधार गर्ने, विश्वव्यापीरुपमा प्रशोधन नगरिएको फोहर पानीको मात्रालाई आधा गर्ने तथा उल्लेख्य मात्रामा प्रशोधन गर्ने र सुरक्षित रुपमा पुन प्रयोग गर्ने ।

६.४ सन् २०३० सम्ममा पानीको अभावलाई सम्वोधन गर्न तथा पानीको अभाव झेली रहेका जनसंख्यालाइ उल्लेख्य रुपमा घटाउन सवै क्षेत्रमा पानी उपयोग कुशलता उल्लेख्य मात्रामा वृद्धि गर्ने र स्वच्छ पानीको दीगो निस्कासन तथा आपूर्ति गर्ने ।

६.५ सन् २०३० सम्ममा सवै तहमा एकिकृत जलस्रोत व्यवस्थापन लागु गर्ने उपयुक्त भए सम्म यो कार्य अन्तरसीमा सहयोग मार्फत गर्ने।

६.६ सन् २०२० सम्ममा हिमाल,पहाड,वनजंगल, सिमसार,नदी,भूमीगत जलभण्डार र ताल तलैया लगागतका पानी सँग संवन्धित पर्यावरणीय अन्तरनिर्भरताको संरक्षण र पुनस्थापना गर्ने ।दिगो विकास लक्ष्यहरूमा उल्लेखित लक्ष्य र नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरिएका प्रतिबद्दताहरू हासिल गर्न क्षेत्रगत विकास योजना (ई. २०१६-२०३०) तर्जुमा भएको छ। क्षेत्रगत विकास योजना खानेपानी, सरसफाइ स्वच्छताका क्षेत्रमा निम्मानुसार अवधि र लक्ष्यहरू लिईएको छ।

- तत्कालीन चरण (ई. २०१६- २०२०): सबैको आधारभुत "वाश" सेवाहरूमा पहुँच सेवाको स्तरमा सुधार (मध्यम २५%/उच्च १५%) जनसंख्या
- मध्यकालीन चरण (ई. २०२१- २०२५): सेवाको स्तरमा सुधार (मध्यम ४०%/उच्च ३०%) जनसंख्या, कार्यदक्षता र दिगोपनमा सुधार
- दिर्घकालीन चरण (ई. २०२६- २०३०): सेवाको स्तरमा सुधार (मध्यम ५०%/उच्च ५०%) जनसंख्या, प्रभाव लेखाजोखा

### १.१.४. अन्तरक्षेत्रीय सवालहरू

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानी संग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ। नेपाल सरकारले बि.सं. २०७४ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको छ। त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई न्यायोचीत र समाबेशी बनाउन जलउपयोग गुरुयोजना ले सहयोग पुरयाउँदछ। पानीको घरायसी प्रयोगका लागि महिलाहरू पानीसंग बढी संलग्न हुने हुँदा स्रोत पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरूमा जलउपयोग गुरु योजनाले महिलाहरूको उल्लेख्य सहभागिता गराउने गर्दछ। त्यस्तै अपांगता भएका व्यक्तिहरूको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरूमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनीहरूको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ। हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी र जातीय भेदभावबाट प्रायः महिला, बालीका र सीमान्तकृत समूहका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ। पानीको स्रोतको संरक्षण, पिउने पानी घर नजिक उपलब्ध हुँदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरूको समयको बचत, लैङ्गिक हिंसाको जोखिम, शोषण र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसंग जोडिएको हुने हुदा त्यस्ता बिपन्न वर्गहरूको सहभागिता जस्ता लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई जलउपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वयन प्रकृयामा समेटेको हुन्छ।

**जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन**

जलवायु परिवर्तनले गर्दा नेपालमा औसत पानी पर्ने समयमा घटबढ भइरहेको हुँदा जलस्रोतहरूमा पानीको बहाव घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति, सिंचाइ लगायत जीविकोपार्जनमा नकारात्मक प्रभाव पारेको छ। त्यस्तै विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू मुख्यतः बाढी, पहिरो, भूकम्प जस्ता प्रकोपहरूले खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका पानीका मुहानहरू पुरिने, सुक्ने, हराउने र भासिने गरेको हुँदा त्यसले एकातिर समुदायको खानेपानी तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भइरहेको छ भने अर्कोतिर खानेपानी, सिंचाइ तथा जलस्रोत व्यवस्थापनका लागि निर्मित संरचनाहरूको दिगोपना र सुचारुपनामा असर पुऱ्याई रहेको हुँदा यस्ता समस्याहरूको न्यूनीकरणका लागि जलउपयोग गुरुयोजनाले समुदायको क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन अनुकुलित र प्रकोपहरू आइपर्दा पनि जोखिम कमहुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ।

## १.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र

### १.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरू

जलउपयोग गुरुयोजनाको उद्देश्य स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहु-उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस योजनाले स्थानीय सरकार र मातहतका जलाधार क्षेत्रहरू भित्रका कुनै निश्चित समुदाय वा समुदायहरू बीचमा जलस्रोतको सही

उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा सवै प्रकारका आवश्यकताहरू पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ।

जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरू यसप्रकार छन;

- सम्बन्धित भूगोल भित्रको जलस्रोतसंग सम्बन्धित सूचना तथा सुविधाहरू पहिचान गर्ने।
- पानीका उपलब्ध सबै स्रोतहरूको विश्लेषण गरी स्रोतहरूको समतामूलक, विवेकपूर्ण प्रयोग र दिगोपनाको सुनिश्चितता गर्नका साथै साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरूलाई दिर्घकालिन बनाउन मद्धत गर्ने।
- जलस्रोतहरूको बहुउपयोग गर्नको लागि अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना तर्जुमा गरि यस क्षेत्रमा दिर्घकालिन लगानी प्राप्त गर्ने।
- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धित भौतिक पुर्वाधारहरू र तिनको दिगो व्यवस्थापनको लागि संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरी लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य स्रोत तथा सरोकारवाला पहिचान गर्ने।
- नगरपालिका स्तरका जलस्रोत र यससँग सम्बन्धित प्राकृतिक स्रोतहरूको संरक्षण गर्न, सरसफाइ र स्वच्छता प्रवर्धन आदिमा सरोकारवालाहरूको क्षमता विकास गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमबाट सुशासन प्रबर्धन गर्ने।
- जलाधार तथा उपजलाधार क्षेत्र भित्र पर्ने पानीका स्रोतहरूको संरक्षणमा बढावा दिदै पानीको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग तथा वातावरणीय स्वच्छताका पक्षहरूमा सम्वन्धित सरोकारवालाहरूको क्षमता विकास तथा सचेतिकरण गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छता सम्बन्धी सेवाहरूको उपयोगबाट प्राप्त हुने लाभहरूमा समतामूलक पहुँचका साथै जलस्रोतको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने।
- पानीसंग सम्वन्धित योजना तर्जुमा, क्षमता विकास र कार्यान्वयनका हरेक पक्षमा महिला तथा अन्य सीमान्तकृत समूहहरूको समतामूलक सामाजिक तथा आर्थिक विकासलाई प्रबर्धन गर्ने।

### १.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरू

कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरू (पृथ्बीको सतह माथी वा सतहका वा सतह भित्रका) को व्यवस्थापनगरी दिगो उपयोग गर्न गुरुयोजनाले समटने क्षेत्रहरूलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ।

**जलस्रोत व्यवस्थापन कुर्सी :-** जलउपयोग गुरुयोजनालाई विद्यमान कानुनी प्रावधानहरू अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सिको अवधारणालाई अवलम्बन गरिएको छ । यो अवधारणा सरोकारवालाहरूको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरूको चर्चा तल गरिएको छ ।


**खानेपानी तथा सरसफाइ:-** खानेपानीका योजनाहरू (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा बिस्तार र सतह, भुमिगत, बर्षातको पानी आदि),स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाइ खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरूको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि ।

**सिंचाइ तथा निकास:-** परम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरी सिंचाइ योजनाहरू र ढल निकास। परम्परागत सिंचाइ (कुलो, नहर) प्रणाली हालको सिंचाइ प्रणालीहरूको मर्मत सम्भार तथा पुनःनिर्माण आदि।आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेर जाने पानीको उचित निकास तथा करेसावारी व्यवस्थापनमा प्रयोग आदि,।

**वातावरण तथा पर्यावरण:** स्रोत सुधार तथा संरक्षण, स्रोतहरूको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग क्रियाकलापहरू, बर्षातको पानी संकलन, विभिन्न पोखरीहरू निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), वन व्यवस्थापन, चरन क्षेत्रहरूको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण,  पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि,।

**जलशक्ति र अन्य:** परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलबिद्‌युत उत्पादन आदि। पानीमिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलबिद्‌युत योजना, माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी आदि)

माथि उल्लेखित मुख्य क्षेत्र बाहेक पनि गुरुयोजनाको समग्र निर्माण चरणले तपसिलका बिषयबस्तु समेटेको हुन्छ।




चित्र-२ : जलउपयोग गुरुयोजना व्यवस्थापन कुर्सी

- जलबायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापनका लागि पानीका स्रोतहरूको पुनर्भरण, पुनर्धारण र पुनप्रयोग।
- सरोकारवालाहरूको छलफलको थलो: जलस्रोतहरूको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने बिबाद न्युनिकरण, जलाधार क्षेत्रहरू विचको पारस्परिक सम्वन्ध, पानीको उपयोगितामा पानीका उपयोगका क्षेत्रहरूको प्राथमिकता आदि।
- टेवा तथा क्षमता अभिबृद्धी: स्थानीय तह, समुदायहरूको आन्तरिक तथा बाह्य स्रोत साधनको परिचालन, जनसहभागिताका पक्षहरू, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानुनी बिषयहरूको सचेतिकरण, स्थानीय स्रोत साधनहरूको समग्र विश्लेषण र स्थानीय समुदायहरूको क्षमता विकास आदि।

  समग्रमा स्थानीय सरकारहरूले आफ्नो योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कन गर्दा साथै स्रोत साधन जुटाउन र सरोकारवालाहरूलाई छलफल र लगानीको वातावरण बनाउन जलस्रोत व्यवस्थापन कुर्सीलाई सहज औजारको रुपमा प्रयोग गर्न सक्दछन्।

## १.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरू

### १.३.१. स्थानीय तहका बिद्यमान रणनीतिक योजनाहरूको समिक्षा

यस नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको क्षेत्रगत योजना तथा नीतिहरू बनेको देखिदैन। हाल NWASH र जलउपयोग गुरुयोजना निर्माणको आवधिमा यस नगरपालिकाको सबै बस्तीहरूमा छलफल गरि NWASH प्रणाली अद्यावधिक गरि जलउपयोग गुरुयोजनाका लागि आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलन र प्रविष्टि गरिएको छ। यसका साथै नगरपालिकाले तपशिलका नीति, कार्यविधि तथा योजनाहरू निर्माण गरेको देखिन्छ।

तालिका- १: नगरपालिकाले तयार गरेका विभिन्न नीतिनियम तथा कार्यबिधिहरू

| नगरपालिकाले निर्माण गरेका ऐन/नीति, कार्यविधि तथा योजनाहरू | कार्यान्वयनको अवस्था |
|---|---|
| नगरपालिकाको नगर प्रोफाइल, २०७५ | कार्यान्वयनमा रहेको |
| विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) २०७९ | कार्यान्वयनमा रहेको |
| मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि २०७८ | कार्यान्वयनमा रहेको |
| लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७८ | कार्यान्वयनमा रहेको |
| स्रोतजलस्रोत तथा मुहान दर्ता कार्यविधी २०७५ | कार्यान्वयनमा रहेको |
| स्थानीय तह सहकारी ऐन २०७४ | कार्यान्वयनमा रहेको |
| भुउपयोग कार्यविधि २०८० | कार्यान्वयनमा रहेको |
| बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७८ | कार्यान्वयनमा रहेको |
| स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ | कार्यान्वयनमा रहेको |

*स्रोत: पंञ्चपुरी नगरपालिकाको वेबसाइट,*(***https://panchapuri.gov.np***)

हरूहाल नगरपालिकामा खानेपानी सरसफाइ तथा स्वच्छता बिधेयक निर्माण हुने क्रममा रहेको छ भने नगरपालिकाले सो बिधेयक पारित पश्चात खानेपानी, सरसफाइ तथा स्वच्छता हरूहरूऐन कार्यान्वयन हुने देखिएको छ।


### १.३.२. रणनीतिक योजनाहरूको एकीकरण

जलउपयोग गुरुयोजना तयारीका लागी नगरपालिकामा तर्जुमा गरिएका जलस्रोतसंग सम्बन्धित ऐन, नीति, नियम र योजनाहरूको अध्ययन, विश्लेषण र उपलब्ध तथ्याङ्कहरूको एकिकरण गर्ने कार्य गरिएको छ। नगरपालिकाको WASH योजना, जलस्रोत तथा मुहान दर्ता कार्यविधी, नगरपालिका पार्श्वचित्र, मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि, स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, बिभिन्न बिषयगत शाखाका तथ्याङ्कहरूका साथै सरोकारवाला निकायहरूको तथ्याङ्कहरूलाई समेतलाई अध्ययन तथा आवश्यक तथ्याङ्कहरूको समायोजन

गरी गुरुयोजनाको अन्तिम प्रारुप तयार गरिएको छ। जलउपयोग गुरुयोजना तयार गर्दा नगरपालिकामा उपलब्ध तथ्याङ्कहरूका अतिरिक्त आवश्यक अन्य तथ्याङ्कहरू सामाजिक तथा प्राबिधिक सर्वेक्षण, सर्बेक्षणका क्रममा गरिएका भेला, अन्तरक्रिया, लक्षीत समुह/समुदाय भेटघाटमा आधारित भई प्रचलित ऐन कानूनहरूलाई समेत ध्यानमा राख्दै योजनाहरू तर्जुमा गरिएका छन्।

### १.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरू

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन नगरपालिकास्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरूको परिणाम हो। गुरुयोजना तयारीमा गरिएका क्रियाकलापहरूमा नगरपालिकाकामा तर्जुमा गरिएका क्षेत्रगत रणनीति तथा योजनाहरू अध्ययन, नगरपालिकाको बस्तुस्थिति अवलोकन, समुदाय स्तरमा गरिएका सर्वेक्षण, अन्तक्रिया, जनचेतना तथा क्षमता विकास निश्चित समुदाय तथा जानिफकार भेटघाट, संस्थागत क्षमता विकासका कार्यहरू तथा तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरू पर्दछन्। गुरुयोजना तयारी कार्यलाई एकरुप बनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति




जलउपयोग गुरुयोजना तयारीका मुख्य चरण तथा खुड्किलाहरु

चित्र- ३ : जलउपयोग गुरुयोजना निर्माणका चरणहरू

निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ। यस प्रक्रियामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत चित्र-२ अनुसारका १३ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजनाको कार्य सम्पादन गरिएको थियो।

### तयारी तथा पूर्वर्व योजना तर्जुमा चरण

जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरण भित्र स्थानीय तह (नगरपालिका र वडा) को आवश्यकता, उत्सुकता, लगानी प्रतिबद्धता आदिमा आधारित भई नगरपालिका छनौट गर्ने लगायत सेवा प्रदायक संस्था र व्यक्तिहरू छनौट तथा तालिम लगायतका क्रियाकलापहरू संचालन गरिएका थिए।

तयारी चरणमा युएसएआइडी कर्णाली जल परियोजनाले NWASH र जलउपयोग गुरुयोजना निर्माण (DAI Collect KoBo) सम्बन्धि ३ दिने प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेको थियो। उक्त प्रशिक्षक प्रशिक्षण

तालिममा साँझेदार संस्थाहरूबाट गुरुयोजना निर्माण लक्ष्य राखिएका स्थानीय तहहरूका लागि १६ जना सहभागी भएका थिए। सहभागीहरूको विवरण निम्न तालिका अनुसार रहेको छ।

तालिका- २ : प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण

| जम्मा सहभागी | लिंग अनुसार | | | जातजाती अनुसार सहभागी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
| १६ | ५ | ११ | ० | १४ | ० | २ | ० | ० | ० |

*स्रोत: जलउपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरू, २०८०*

## क्षमता विकास चरण

जलउपयोग गुरुयोजनाको यसहरूचरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरूको क्षमता विकास गर्ने कार्यहरू गरिएका थिए। जस अन्तरगत नगरपालिका स्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, ११ वटै वडाहरूमा वडास्तरिय जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धी परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, वडा तहमा सरोकारवालाहरूका लागी क्षमता विकास तालिम तथा तथ्याङ्क संकलन कार्यशाला गोष्ठी, वडा तहमा दलित, महिला तथा पछाडी पारिएका बर्गहरूको लागि क्षमता विकास तालिम, उप-जलाधार स्तरीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयम् सेवी सहजकर्ता छनोट, बिभिन्न प्राबिधिक समितिहरू गठन तथा अभिमुखिकरण बैठक र अन्तरक्रिया आदि क्रियाकलापहरू संचालन गरिएका थिए। हरू

पंञ्चपुरी नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा बिभिन्न क्षमता बिकासका क्रियाकलापहरू संचालन गरिएका छन्। तथ्याङ्क संकलनका लागि परिचालन हुने गणकहरूका लागि NWASH तथा DAI Collect KoBo एप्लिकेशन प्रयोग सम्बन्धि तालिम, वडा तथा नगरपालिकास्तरमा जनप्रतिनिधिहरू/स्थानीय बुद्दिजिबि, समाजसेवी, नगरपालिका स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरू सहितको उपस्थितिमा क्षमता बिकासका विभिन्न क्रियाकलापहरू संचालन गरिएका थिए। जलस्रोतको न्यायिक बाँडफाँड, स्रोतजलस्रोत सम्बन्धि बिद्यमान कानूनहरूको जानकारीका साथै जलस्रोतहरूमा समान अधिकार र पहुँचका लागि महिला तथा पछाडी पारिएका बर्गका प्रतिनिधिहरूका लागि समेत क्षमता अभिवृद्धि सम्बन्धि २ दिने तालिम संचालन गरिएको थियो। जलउपयोग गुरुयोजना निर्माणको क्रममा पंञ्चपुरी नगरपालिकामा संचालन गरिएका क्षमता विकास सम्बन्धि क्रियाकलापहरूका सहभागीहरूको लैङ्गिक र जातीय विवरण तालिका-३ मा प्रस्तुत गरिएको छ।

तालिका- ३: क्षमता बिकास सम्वन्धि तालिमका सहभागीहरूको लैङ्गिक र जातीगत विवरण

| सम्पादन मिति | सम्पन क्रियाकलापहरू | पुरुष | महिला | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| ०६-०८ बैशाख २०८० | गणकहरूलाई NWASH र WUMPको तथ्याङ्क संकलन तालिम | ११ | ५ | १४ | ० | २ | ० | ० | ० |
| १३ बैशाख २०८० | पालिका स्तरीय समन्वय गोष्ठी | २१ | ९ | २३ | ४ | ३ | ० | ० | ० |
| १४ बैशाख देखि १० जेष्ठ २०८० | वडा स्तरीय समन्वय गोष्ठी | १२८ | १२५ | १४१ | ७९ | ३२ | १ | ० | ० |
| २४ बैशाख देखि २८ जेष्ठ २०८० | लक्षीत बर्गलाई आत्मबिश्वास अभिबृद्धी विकास तालिम | ९५ | १६० | १५५ | ५८ | ४२ | ० | ० | ० |
| १८ बैशाख १५ जेष्ठ २०८० | वडा स्तरीय क्षमता विकास तालिम | ९४ | १६० | १५५ | ५७ | ४२ | ० | ० | ० |
| | **जम्मा:** | **३४९** | **४५९** | **४८८** | **१९८** | **१२१** | **१** | **०** | **०** |

*स्रोत: जलउपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरू, २०८०*

### सूचना संकलन/अध्ययन चरण

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप-जलाधार क्षेत्र स्तरीय भेला र बैठकहरूका माध्यमबाट सामाजिक स्रोत नक्शांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नका लागि सघन रुपले सामाजिक र प्राबिधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिएका थिए। उक्त कार्यहरूको लागि प्रत्येक उप-जलाधार क्षेत्रमा २ देखि ३ दिन सम्म (भौगोलिक कठिनता तथा घरधुरी संख्या र अवस्थिति अनुसार फरक पर्न सक्ने) सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारीहरूको छुट्टाछुट्टै टोली तयार गरी उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वंमसेवीहरूको सहयोगमा विद्यमान तथ्याङ्क संकलन एवं अवस्था विश्लेषणका कार्यहरू संचालन गरिएका थिए। यस कार्यमा उप-जलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा वस्तीहरूको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसंग सम्बन्धित सबै क्षेत्रका योजनाहरूको तथ्याङ्क संकलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरूको सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरूको पूर्वानुमान एबं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरूको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरू संकलन गरी निश्चित ढाँचाका फारमहरूमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य गरिएको थियो। यो चरणमा आवश्यकता अनुसार स्थानीय तहका प्राबिधिक समिति सदस्यहरू, नगरपालिका भित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल शाखाहरू, गैर सरकारि संस्थाहरूसंगको समन्वयमा तथ्याङ्कहरू संकलन गरिएको थियो। वडा भित्रका सम्पुर्ण उप-जलाधार

क्षेत्रहरूको तथ्याङ्क संकलन पश्चात् गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरूमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी यसै चरणमा गरिएको थियो।

पंञ्चपुरी नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा ११ वटै वडाका ६७ वटै बस्तिहरूमा वडा प्रतिनिधिहरू लगायत टोलका सबै घरधुरीहरूको उपस्थितिमा सहभागितात्मक बिधि सामाजिक/स्रोत नक्शांकनबाट सामाजिक तथा प्राबिधिक तथ्याङ्कहरू संकलन गरिएको थियो। संकलित तथ्याङ्क/सूचनाहरूको प्रविष्टि N-WASH/DAI Collect KoBo मा गरिएको थियो। संकलित तथ्याङ्कहरूको विवरण संलग्न अनुसूचीहरूमा उल्लेख गरिएको छ।

## योजना तर्जुमा चरण

यस चरणमा उप-जलाधार क्षेत्रहरूको विद्यमान संकलित तथ्याङ्कहरूको आधारमा सबै क्षेत्रलाइ विश्लेषण गरी उप-जलाधार क्षेत्रस्तरवाट जलस्रोत संग सम्बन्धित सबै (खानेपानी, सरसफाइ, उर्जा, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संसाधन विकास) क्षेत्रको आवश्यकता पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरू तर्जुमा गरी वडाका जनप्रतिनिधीहरूको नेतृत्वमा योजनाहरूको वडास्तरीय प्राथमिकिकरण गरिएको थियो। मापदण्डमा आधारित प्राथमिकीकरण औजार (CBRT) को आधारमा खानेपानी, सिंचाइ, वातावरण तथा पर्यावरण र जलउर्जा क्षेत्रका योजनाहरूको प्राथमिकिकरण, समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राबिधिक परामर्शलाई समेतलाई आधार बनाई योजना प्राथमिकिकरण गरिएको थियो । हरूहरूहरूहरू

हरूसर्वेक्षण चरणमा संकलित तथ्याङ्कहरूलाई वडा स्तरको १ दिने तथ्याङ्क प्रमाणीकरण कार्यशाला गोष्ठी मार्फत तथ्याङ्कमा आवश्यक संसोधन, थपघट गरि वडामा बिद्यमान सुबिधास्तरको बिश्लेषण सहित नयाँ योजना प्रस्ताव गर्ने काम यस चरणमा गरिएको थियो। वडामा प्रस्तावित नयाँ योजनाहरूको लागी आवश्यक पर्ने सामाजिक तथा प्राबिधिक तथ्याङ्क संकलन गर्न गणकहरूलाई सम्वन्धित भूगोलमा १ देखि ३ दिनसम्म परिचालन गरि तथ्याङ्क संकलन गरिएको थियो । वडा स्तरिय १ दिने योजना तर्जुमा गोष्ठी मार्फत योजनाहरूलाई CBRT औजारमा प्राथमिकिकरण गरि हरूअन्तिम रुप सहित निर्णय लेखन गरि जलउपयोग गुरुयोजनामा समाबेश गर्नको लागि नगरपालिका स्तरमा प्रस्तावित गरिएको थियो। गुरुयोजनाको अर्को खुडकिलाको रुपमा रहेको पालिका स्तरिय २ दिने जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी सहभागितात्मक ढंगवाट सबै योजनाहरूको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन तथा प्राथमिकिकरण गरी नगरपालिका तथा अन्य सरोकारवाला सहयोगी संघ/संस्थाहरूबाट योजनाहरूको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिबद्धता सहित अनुमोदन गर्ने कार्य गरिएको थियो।

पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा मिति २०८० बैशाख १३ गते देखि शुरुवात गरि २०८० आषाढ १५ सम्म वडास्तरिय तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी (१, १ दिन प्रत्येक वडामा) सम्पन्न गरिएको थियो भने नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी १६ देखि १७ आषाढ २०८० मा संचालन गरिएको थियो।

वडा स्तरिय योजना तर्जुमा गोष्ठीमा वडा प्रतिनिधिहरू, स्थानीयस्तरमा कार्यरत संघ/संस्थाहरू, बुद्धिजिबी, समाजसेवीहरूको उपस्थिति रहेको थियो भने नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा नगर प्रमुख, उप-

प्रमुख, नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरू, बिषयगत शाखाका शाखा प्रमुखहरू तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। वडा स्तरिय योजना तर्जुमा गोष्ठी र नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीका सहभागीहरूको लैङ्गिक र जातीगत आधारमा विवरण निम्न तालिका-४ अनुसार रहेको छ।


तालिका- ४:योजना तर्जुमा गोष्ठीका सभागीहरूको विवरण

| **मिति** | **सम्पन क्रियाकलापहरू** | **पुरुष** | **महिला** | **ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी** | **दलित** | **जनजाती** | **नेवार** | **मुस्लिम** | **अन्य** |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ जेष्ठ -०५ आषाढ २०८० | वडा स्तरीय योजना तर्जुमा गोष्ठी | १८८ | २७३ | २९५ | ८९ | ७७ | ० | ० | ० |
| १७ देखि १८ आषाढ २०८० | पालिका स्तरीय योजना तर्जुमा गोष्ठी | २३ | १० | २३ | ४ | ६ | ० | ० | ० |
| **जम्मा:** | | **२११** | **२८३** | **३१८** | **९३** | **८३** | **०** | **०** | **०** |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा नगपालिका स्तरिय योजना तर्जुमा गोष्ठी , २०८०*

## कार्यान्वयन चरण

यो जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो । गुरुयोजनाको यो चरणमा सम्पुर्ण योजनाहरूको कार्यान्वयन, उपलब्धिहरूको मापन एवं समिक्षा जस्ता कार्यहरू सम्पादन गरिन्छन्। यस चरणमा जलउपयोग



(जलउपयोग गुरुयोजना कार्यान्वयनका लागि हामी सवैको प्रतिबद्धता)

हामी यस पन्चपुरी नगरपालिका अन्तरगतका जननिर्वाचित पदाधिकारीहरु विषयगत शाखाका शाखाप्रमुख तथा कर्मचारीहरु यस पन्चपुरी नगरपालिकाद्धारा तयार पारिएको जलउपयोग गुरुयोजनाको पालना, परिचालन, बजारीकरण र अध्यावधिकका लागि तपसिल बमोजिमका बुदाँहरुमा प्रतिबद्धता भई सामुहिक हस्ताक्षर गरेका छौ ।

→ यस नगरपालिकाद्धारा तयार पारिएको जलउपयोग गुरुयोजनाको प्राथमिकताक्रम अनुसार पालना गरि कार्यान्वियन गर्ने र गराउने छौ।

→ जलउपयोग गुरुयोजनामा समेटिएका योजनाहरु/क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने श्रोत साधनहरु नगरपालिका तथा अन्य तहमा कार्यरत संघ संस्था तथा कार्यालयहरु संग समन्वय गरि जुटाउने छौ।

→ जलउपयोग गुरुयोजनामा समेटिएका योजनाहरु कार्यान्वयनका लागि वडा तथा नगरपालिका तहबाट व्यहोर्न पर्ने आवश्यक सहलगानी कोष सम्बन्धित परिषदबाट विनियोजन गर्ने छौ।

→ यस नगरपालिकामा विद्यमान रहेका र अव उपरान्त निर्माण गरिने योजनाहरुको दिगो मर्मत सम्भार तथा नियमित सञ्चालन व्यवस्थापनका लागि आवश्यक कार्यविधि, मर्मतर सम्भार कोषको स्थापना, मर्मत सम्भार कार्ययोजना र खानेपानी सुरक्षा योजना तयार गरि लागु गर्ने छौ।

→ समय सापेक्ष जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा गरि आवश्यकता अनुसार अध्यावधिक गर्नेछौ।

→ योजनाहरुको लागत इष्टिमेट अनुसार उपभोक्ताहरुको तर्फबाट व्यहोर्न पर्ने नगद तथा जनश्रमदान आवश्यकता अनुसार व्यहोर्ने छौ।

→ यस नगरपालिकाले खानेपानी, सरसफाई तथा स्वच्छता सुधारका लागि निर्धारण गरेको परिकल्पनाहरु हाशिल गर्नको लागि एकजुट भई लागि पर्ने छौ।

→ आगामी दिनमा नगरपालिकाले खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा लगानी गर्नको लागि यस कार्यशाला गोष्ठीले प्राथमिकीकरण गरेका लगानी नीतिहरुको आधारमा कार्यान्वयन गर्ने गराउने छौ।

**ईति सम्बत २०८० साल आषढ महिना १८ गते सोम रोज शुभम्।**

चित्र- ४: जलउपयोग गुरुयोजना कार्यान्वयनका लागी सरोकारवालाहरूको प्रतिवद्धता

गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजनाहरूको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मुल्यांकन एवं सम्पर्क समन्वय का गतिविधिहरू सञ्चालन गरी जलउपयोग गरुयोजनाको उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समिक्षा गरी आवश्यकता अनुसार गुरुयोजना अद्यावधिक गरिन्छ।

पंञ्चपुरी नगरपालिकाको हाल निर्माणको क्रममा रहेको जलउपयोग गुरुयोजनामा योजना तर्जुमा गोष्ठीमा व्यापक छलफल गरि तोकिएका प्राथमिकताक्रम अनुसार क्षेत्रगत योजनाहरूको कार्यान्वयन गर्ने र योजनाहरू कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायहरू संग समन्वय र सहकार्य गर्ने समेत छलफल गरिएको थियो। पंञ्चपुरी नगरपालिकाले खानेपानी योजनाहरूको प्राथमिकरणका लागि योजना छनौटका लागि प्राथमिकीकरणका औजारहरू (CBRT) को आधारमा गर्दा साच्चिकै खानेपानी सेवाबाट बन्चित रहेका वर्ग समुदायहरू समेटिएको धारणा सहभागीहरूको रहेको थियो साथै नगरपालिका स्तरिय गोष्ठी मार्फत नगरपालिकाले गरुयोजनालाई प्रभावकारि कार्यान्वयनको प्रतिवद्धता समेत गरेको छ।

# अध्याय-२: नगरपालिकाको पाश्र्वचित्र

## २.१. नगरपालिकाको संक्षिप्त परिचय

नेपालको कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लामा पर्ने पंञ्चपुरी नगरपालिका नेपाल सरकार मन्त्रिपरिषदको मिती २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको स्थानिय तहहरू मध्येको एक हो। पंञ्चपुरी नगरपालिका ३२९.०९ वर्ग किलोमीटर क्षेत्रफलमा फैलीएको छ । यो नगरपालिका साविकका सालकोट, बाबियाचौर, छाप्रे, विधापुर र तातापानी गरी पाँचवटा गाउँ विकास समिति समाबेश गरि पुनसंरचना गरिएको हो। पंञ्चपुरी नगरपालिकालाई एघार वटा वडामा विभाजन गरिएको छ। नगरपालिकाको वडा नं १, २ र ३ साविकको सालकोट गाउँ विकास समितिलाई समावेश गरिएको छ। नगरपालिकाको वडा नं ४,५र६ साविकको बाबियाचौर गाउँ विकास समितिलाई समावेश गरिएको छ। नगरपालिकाको वडा नं ७ साविकको छाप्रे गाउँ विकास समितिलाई समावेश गरिएको छ। नगरपालिकाको वडा नं ८र९ साविकको विधापुर गाउँ विकास समितिलाई समावेश गरिएको छ। नगरपालिकाको वडा नं १० र ११ साविकको तातापानी गाउँ विकास समितिलाई समावेश गरिएको छ। यो नगरपालिका प्राकृतिक स्रोत, विकासकास्रोत सम्भावना र कृषी तथा अन्य उत्पादन  लगायत प्रयाप्त सम्भावना बोकेको नगरपालिकाका रुपमा रहेको छ।  नगरपालिकाको सोच अनुसार झण्डै २५ कि.मि. दुरीमा भेरी नदीमा र्याफ्टिङ्क संचालन गरि जल पर्यटन प्रवर्धन गर्ने तथा भेरी र कर्णालीको दोभान कुईनेमा त्रिकोणात्मक पुल निर्माण गरि पर्यटक आक्रषण गर्ने खालको मनोरञ्जन स्थल बनाउने योजना रहेको छ। नगरपालिका क्षेत्रको पंञ्चपुरी मन्दीर क्षेत्रबाट प्याराग्लाडिङ्ग लगायतका साहसिक खेल संचालन गर्न सकेमा नगरपालिकाको पर्यटन प्रवर्धन मार्फत आन्तरिक आम्दानी बढाउन टेवा पुग्ने देखिन्छ।

यो नगरपालिका सुर्खेत जिल्लाको सदरमुकाम बीरेन्द्रनगर नगरपालिकाबाट ४० कि.मि. दुरी पश्चिममा अवस्थित छ। भौगोलिक अवस्थितिका हिसाबले नगरपालिका क्षेत्र २८ डिग्री ३९ मिनेट ४६ सेकेण्डदेखि २८ डिग्री ५४ मिनेट ५० सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री १५ मिनेट २७ सेकेण्ड पूर्वदेखि ८१ डिग्री ३१ मिनेट २९ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। नगरपालिकाको पूर्वमा बराहताल गाउपालिका, दक्षिणमा बर्दिया राष्ट्रिय निकुन्जको भाग, पश्चिममा चौकुने गाउपालिका र उत्तरमा कर्णाली नदि रहेको छ[4]।


पंञ्चपुरी नगरपालिकाको राष्ट्रिय जनगरणा २०७८ अनुसार कूल घरधुरी संख्या ७८०३  र जनसंख्या ३५८३९ रहेको छ। जलउपयोग गुरुयोजना २०८० अनुसार कूल घरधुरी संख्या ८१३६  र जनसंख्या ३९०१४ रहेको छ। यस नगरपालिकामा मूख्य गरि क्षेत्री, ब्राह्मण, मगर, दलित समुदायको बसोबास रहेको छ। धार्मिक दृस्टीकोणले यस नगरपालिकाका अधिकांश मानिसहरू हिन्दुधर्म ९३% मान्दछन भने बौद्द ५%, क्रिस्चियन १%, र अन्य १% रहेको देखिन्छ।

पंञ्चपुरी नगरपालिकामा विभिन्न खालका प्राकृतिक तथा सास्कृतिक सम्पदाहरू रहेका छन्। यस नगरपालिकाको दक्षिणी सीमामा भेरी तथा कर्णाली नदी र उत्तरी तथा पश्चिमी सीमामा कर्णाली नदी  बगेको छ। यहाँ बसोबास गर्ने ब्राह्मण , क्षेत्री , दलित, मगर जातिहरू भएको र  हिन्दु धर्मवालम्वीहरूको बाहुल्यता

[4] स्रोत: पन्चपुरी नगरपालिकाको प्रोफाइल, २०७७ तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा गरिएको सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९

रहेता पनि यस नगरपालिकामा वौद्ध धर्म, क्रिश्चियन धर्म मान्नेहरूको पनि सामान्य मात्रामा बसोबास भएकाले यहाँ मुख्यतया दशै, तिहार, माघेसक्रान्ती, तीज, जनैपुर्णिमा, वुद्धजयन्ती, क्रिसमस डे लगायतका चाडपर्वहरू मुख्य रूपमा मनाइन्छ । यहाँ मनाइने मुख्य चाडपर्वको अलवा स्थानीय स्तरमा मनाईने जात्रा तथा मेला मनाउछन ।यस पालिकामा अधिकांश मानिसहरूको मातृभाषा नेपानी रहेको छ तर मगर समुदायका मानिसहरू भने आफ्नै मगर भाषा पनि बोल्ने गर्दछन।

यस नगरपालिकाको मुख्य बजार क्षेत्रहरूमा बाबियाचौर तथा पलैटे र बिधापुर आदि रहेका छन् । यस नगरपालिकाको ठुलो बजार वीरेन्द्रनगर सुर्खेत हो ।





चित्र-५ : नगरपालिकाको प्रशासनिक नक्सा

## २.२. भौगोलिक अवस्थिति र पहुँच

यस पंञ्चपुरी नगरपालिकाको भाग भित्री चुरे देखि महाभारत पहाडसम्मको क्षेत्र रहेको छ । यस क्षेत्रमा औसत बर्षा १३४० मि.मि. रहेको जुन नेपालको औसत बर्षा १५०० मि.मि. भन्दा कम रहेको पाईन्छ। गर्मीयाममा नगरपालिका क्षेत्रमा ४० डिग्री सेल्सियस भन्दा बढी गर्मि हुने गरेको छ भने र जाडोयाममा हुस्सु सहित चिसो हुने गर्दछ। नगरपालिका भित्र सडक संजालको अवस्था सन्तोषजनक रहे पनि वडा नं. १, ७ र १० को केहि भागमा भने सडक संञ्जाल पहुँच सुदृढ गर्नु पर्ने देखिन्छ।। यस नगरपालिकाको नियमित गाडीहरू चल्ने सडक भनेको सुर्खेत बङ्गिचौर– गुटु– बेनिघाट सडक मात्र हो । [5]हालसम्मको कूल ७ वटा सडकको कुल लम्बाई करीब ५४० कि.मि. रहेको छ, जसमध्ये ४० कि.मि. ग्राभेल सडक छ भने ४५० कि.मि. सडक कच्ची रहेको छ । साथै सबै वडाहरूमा जाने पालिका भित्रका मुख्य बाटोहरू ६०० कि.मि. रहेको छ ।

पंञ्चपुरी नगरपालिकाको केन्द्र बाबियाचौरबाट दुरीको हिसाबले सबैभन्दा टाढा वडा न. ७, छाप्रेका बस्तीहरू रहेका छन् । जुन नगरपालिका केन्द्रबाट ३५ कि.मि. टाढा रहेका छन् भने वडा न. १० र ११ तातापानी १० कि.मि., वडा न. २ ,३, ४ र ५ को दुरी ५ कि.मि., वडा न. ८ र ९ को दुरी ३ कि.मि. दुरीमा रहेका छन् ।

[5] स्रोत: नगरपालिका पार्श्वचित्र




चित्र-६ : नगरपालिकाको सडक संञ्जाल नक्सा


## २.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति

कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको पश्चिम भागमा अवस्थित पञ्चपुरी नगरपालिका महाभारत श्रृङ्खला ढालयुक्त पहाडी क्षेत्र, चट्टान युक्त र कंकड खैरो माटो, अधिकांश भाग जंगलले ढाकिएको, साना ताल तलैया, बाबियाचौर उपत्यका तथा भेरी नदीले बनाएको उपत्यकाहरू र चुरे तथा महाभारत श्रृङ्खलाका तल्ला होचा पहाडहरूले बनेको छ । समुद्र सतहको १९८ मिटर देखि २१०० मिटरसम्म उचाइमा अवस्थित यस नगरपालिका पूर्ववाट पश्चिमतर्फ फैलिएर रहेको छ । उर्वर भूमि र विशाल जंगल क्षेत्रले ओगटेको यस नगरपालिका दोमट बलौटे माटोको भुखण्डले बनेको छ । पञ्चपुरी नगरपालिको धैरैजसो भू–भाग समुन्द्री सतहको ४०० देखि १७०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण,हावापानी पाइन्छ । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, तिजु, बाँझ, कटुस,काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा,अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोकोडालोका लागि चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागि अम्रिसो, वनस्पती पनि प्रशस्त पाइन्छ । नगरपालिकाको भु-उपयोगको अवस्था विश्लेषण तलको तालिका र GIS नक्सामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५: नगरपालिकाको भू-उपयोग विवरण

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती योग्य जमिन | ६८.२० | २०.७२% |
| २ | खेती गरिएको जमिन | ३२.६० | ९.९१% |
| ३ | वन जंगल | २२२.५४ | ६७.६२% |
| ४ | खोला र अन्य जल क्षेत्र ताल वा पोखरी | ५.७५ | १.७५% |
| **जम्मा** | | **३२९.०९** | **१००%** |

*स्रोत : नगरपालिका पार्श्वचित्र*




चित्र-७ : नगरपालिकाको भू-उपयोग नक्सा


## २.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरूको विवरण

यस नगरपालिकाको मुख्य जलाधार क्षेत्र भनेको कर्णाली र भेरी नदी रहेको छ । त्यसैगरी नगरपालिकामा बिद्यमान रहेका स-साना खोला तथा तालतलैयाहरूमा डोब्री खोला, घट्टे खोला, चरुवा खोला, डामरु खोला, सान्नेचौर खोला, माझखोला तथा जाजुरा ताल, मुली दह, गुप्ति ताल, चुनारी ताल, श्रीताल आदि रहेका छन्। यस क्षेत्रमा अवस्थित जलस्रोतहरूको मूख्य गरि खानेपानी र सिंचाइको लागि उपयोग गरेको देखिन्छ। नगरपालिका भित्र रहेका तालतलैयाहरू संरक्षण नीति सहित जगर्नेका लागी हाल भईरहेको पहललाई बढावा दिई विकास गर्न सकेमा नगरपालिका क्षेत्रमा पर्यटन भित्र्याउनका साथै भविष्यका पिडि सम्म पानीका स्रोतहरूलाई पुस्तान्तरण गर्न सकिने देखिन्छ। तालतलैयाहरूमा माछा लगायतका जलचरहरूका लागी अनुकुल वातावरण श्रृजना गर्न सके पर्यावरणीय चक्र सन्तुलन ल्याउन, स्थानीयको आयआर्जन बृद्दी हुनुका साथै पर्यटन प्रवर्धनमा समेत टेवा पुर्‍याउन सकिन्छ। यसका साथै नगरपालिकामा बिद्यमान रहेको कर्णाली र भेरी नदीबाट पानी लिफ्ट गरी नगरपालिकाका वडा नं. १० र ११ का भूगोलमा सिंचाइ क्षेत्र विस्तार सहित कृषी व्यवसायलाई थप प्रवर्धन गर्न सकिने जलउपयोग गुरुयोजनाको सर्वेक्षण र वडास्तरमा भएका छलफलले जानकारी प्राप्त भएको छ।

तालिका नं. ६: नगरपालिकामा उप-जलाधार क्षेत्रहरू

| क्र.सं. | उप-जलाधार क्षेत्र | उप-जलाधारमा पर्ने वडा नं. हरू |
|---|---|---|
| १ | पिनेखोला सालकोट | १ |
| २ | सालकोट मंग्रा | २ |
| ३ | तोक्मा दोविल्ला | ३ |
| ४ | खमारी खोला | ४ |
| ५ | श्रीधाम श्रीताल | ५ |
| ६ | धारापानी खमारी खोला | ६ |
| ७ | घट्टे खोला | ७ |
| ८ | मैन गाडखोला | ८ |
| ९ | विजु खोला | ९ |
| १० | कुङ गाड र रुद्रीरहवा भेरी | १० |
| ११ | राजिधारा सागुरे खोला | ११ |

*स्रोत : जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८०*




चित्र-८ : नगरपालिकाको जलाधार नक्सा

## ५. नगरपालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.५.१. नगरपालिकाको घरधुरी तथा जनसंख्या विवरण

यस नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माण अवधिमा संकलन गरिएका तथ्याङ्कहरूको विश्लेषण गर्दा यस नगरपालिकामा जम्मा ६७ वटा मुख्य बस्तीहरू रहेका छन्। सामाजिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाको कूल घरधुरी संख्या ८,१३६ रहेको छ भने कुल जनसंख्या ३९,०१४ रहेको छ। जसमध्ये कुल जनसंख्यामा महिला जनसंख्या ५१.७१% र पुरुष जनसंख्या ४८.२९% रहेको छ। वडागत रुपमा जनसंख्या र घरधुरीको विवरण निम्न तालिका-५ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची-१ मा दिइएको छ।

तालिका- ७: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण

| वडा न | बस्ति संख्या | संकलित तथ्याङ्क अनुसार जम्मा घरधुरी | जनसंख्या |
|---|---|---|---|
| १ | ७ | ४९५ | २,४९४ |
| २ | ७ | ७६२ | ३,५८४ |
| ३ | ४ | ८८८ | ४,००९ |
| ४ | ४ | ६९७ | ३,६४५ |
| ५ | ५ | ७४२ | ३,५९५ |
| ६ | ४ | ७५८ | ३,८२२ |
| ७ | १२ | ७६० | ३,६७६ |
| ८ | ५ | ९८७ | ४,२०८ |
| ९ | ५ | ७५७ | ३,५८० |
| १० | ६ | ६९९ | ३,३६२ |
| ११ | ८ | ५९१ | ३,०३९ |
| **जम्मा :** | **६७** | **८,१३६** | **३९,०१४** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### २.५.२. जातियता

यस नगरपालिकामा सामाजिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासीहरूको जनसंख्या ४६.३१%, दलित जनसंख्या ३०.८५%, जनजाती जनसंख्या २२.३०%, नेवार जनसंख्या ०.२९% र अन्य जातिको (राजी, माझी) जनसंख्या ०.२५% रहेको छ।

वडा अनुसार जातिगत घरधुरी विवरण तलको तालिका-६ मा दिइएको छ भने बिस्तृत विवरण अनुसूची-१, SA-१ मा उल्लेख गरिएको छ ।

तालिका-८: वडा अनुसार जातिगत घरधुरीको विवरण

| वडा न. | जम्मा बस्ती संख्या | घरधुरी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य | जम्मा |
| १ | ७ | १६३ | १४२ | १९० | ० | ० | ० | |
| २ | ७ | ४२६ | २१० | १२६ | ० | ० | ० | |
| ३ | ४ | ४७४ | २१० | २०४ | ० | ० | ० | |
| ४ | ४ | ३३१ | २३१ | १३५ | ० | ० | ० | |
| ५ | ५ | ३०७ | २१० | २०५ | ० | ० | २० | |
| ६ | ४ | २८३ | २९० | १८५ | ० | ० | ० | |
| ७ | १२ | ४५५ | २०४ | १०१ | ० | ० | ० | |
| ८ | ५ | ३८० | १९२ | ३९५ | २० | ० | ० | |
| ९ | ५ | ३६१ | २०७ | १८६ | ३ | ० | ० | |
| १० | ६ | २८७ | ३३३ | ७८ | १ | | ० | |
| ११ | ८ | ३०१ | २८१ | ९ | ० | ० | ० | |
| जम्मा | **६७** | **३,७६८** | **२,५१०** | **१,८१४** | **२४** | **०** | **२०** | |
| प्रतिशत : | | **४६.३१%** | **३०.८५%** | **२२.३०%** | **०.२९%** | **०.००%** | **०.२५%** | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### २.५.३. साक्षरता विवरण

राष्ट्रिय जनगणना, २०७९ अनुसार यस नगरपालिकाको कूल साक्षरता दर ७८.५१% रहेको छ, जसमध्ये पुरुष साक्षरता दर ८६.१२% रहेको छ भने महिला साक्षरता दर ७१.६०% रहेको छ। वडागत साक्षरता दर विश्लेषण तालिका-७ मा प्रस्तुत गरिएको छ।। यस नगरपालिकाको हालको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा शैक्षिक विकास र चेतना अभिवृद्धिको कारण निरक्षर भन्दा साक्षर मानिसहरूको संख्या धेरै रहेको छ । यस नगरपालिका अन्तर्गतका साविकका गाविसहरू पूर्ण साक्षरता घोषण भइसकेको उल्लेख छ। यस नगरपालिकाको तथ्याङ्कलाई विश्लेषण गर्दा शैक्षिक उपाधी हासिलमा महिला भन्दा पुरूषको संख्या बढी रहेको पाइएको देखिएता पनि शिक्षाको क्रमिक विकास र आधुनिकीकरण सँगैको जनचेतनाको अभिवृद्धिका कारण छोरीलाई पनि छोरा सरह विद्यालय पठाउनु पर्छ भन्ने मान्यताले भने क्रमश बढावा पाइरहेको छ ।

तालिका- ९: वडागत रुपमा साक्षरता विवरण

| वडा नं. | साक्षर जनसंख्या सम्बन्धी विवरण | कैफियत |
|---|---|---|

| | पुरुष | | महिला | | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत (%) | संख्या | प्रतिशत (%) | |
| १ | ७६२ | ८१% | ६८६ | ६८% | |
| २ | १,१३० | ८७% | १,१७४ | ७७% | |
| ३ | १,३८६ | ८६% | १,३२५ | ७३% | |
| ४ | १,१०३ | ८८% | १,०१६ | ७४% | |
| ५ | १,४५० | ९१% | १,२५७ | ७४% | |
| ६ | १,५६७ | ८८% | १,४०० | ७२% | |
| ७ | १,१७२ | ८४% | १,०३० | ७१% | |
| ८ | १,३०४ | ८४% | १,२१५ | ७०% | |
| ९ | १,३३३ | ८९% | १,२६९ | ७६% | |
| १० | १,११० | ८२% | ९२५ | ६५% | |
| ११ | ९१८ | ८३% | ८२२ | ६४% | |
| **जम्मा :** | **१३,२३५** | **८६%** | **१२,११९** | **७२%** | |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### २.५.४. व्यवसाय

यस नगरपालिकाका बासिन्दाहरूले जीविकोपार्जनका लागि बैदेशिक रोजगार खास गरि भारत र ज्यालामजदुरी लगायत विभिन्न पेशा व्यवसायहरूमा संलग्न हुदै आईरहेका छन् । तर पनि यहाँका बासिन्दाहरूको मूख्य पेशा कृषि रहेको छ । होटल व्यवसाय, खुद्रा पसल, खाजा तथा नास्ता पसल, कुखुरा पालन, बाख्रा पालन, भैंसी पालन, तरकारी खेति, फलफूल खेति (केरा, सुन्तला, आप, लिची, कागती), टिमुर आदी व्यवसाय गरेको देखिन्छ। वडागत रुपमा विभिन्न पेशा व्यवसायमा संलग्न मानिसहरूको विवरण निम्न तालिका-८ मा उल्लेख गरिएको छ।

तालिका- १०: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण

| वडा नं. | व्यवसाय सम्बन्धि विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | कृषि | लघु उद्यम | सरकारी/गैर सरकारी क्षेत्र नोकरी | बैदेशीक रोजगार | प्राबिधिक रोजगार | |
| १ | ४८० | १२ | ८० | २०५ | ० | |
| २ | १८२ | २० | ४० | ३०८ | ५ | |
| ३ | ४५६ | २२ | ८८ | ५५ | ० | |
| ४ | ८४० | १०३ | ११२ | ६१५ | ६ | |
| ५ | ९३४ | ३८ | ८० | ३८८ | ४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ८०४ | ४० | ९० | २०५ | ० | |
| ७ | ९८२ | ५४ | ८० | ४०२ | ४ | |
| ८ | ६४० | २०५ | २०४ | २३३ | ६ | |
| ९ | ४६९ | ४८ | ९८ | ४०८ | ० | |
| १० | १,२३२ | ४५ | ५५ | ३८० | ० | |
| ११ | ८३६ | ३८ | ४५ | २५४ | २ | |
| **जम्मा** | **७,८५५** | **६२५** | **९७२** | **३,४५३** | **२७** | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### २.५.५. कृषि र जीविकोपार्जन

पंञ्चपुरी नगरपालिकाका मुख्य कृषि खाद्यबालीहरूमा धान, गहुँ, मकै, कोदो, जौ र तेलहन बालीका रुपमा तोरी, दलहन बालीमा केराउ, चना आदि तथा नगदेबालीमा बदाम, तरभुजा मुख्य रुपमा रहेका छन्। कृषियोग्य जमिनको सम्पूर्ण भू–भागको लगभग ८० प्रतिशत भू–भाग खाद्यान्न वालीको लागि प्रयोग भएको छ भने १५ प्रतिशत दलहन र तेलहन वालीको लागि प्रयोग भइरहेको अवस्था छ साथै ५ प्रतिशत नगदेवाली समेत लगाई प्रयाप्त मात्रामा उत्पादन लिने गरेका पाईन्छ । कृषि उत्पादनका लागि उपयुक्त हावापानी र उर्बरमाटो रहेको भएपनि सिमित खेती योग्य कृषि जमिन र परम्परागत प्रबिधिबाट खेती गरिरहेको हुदा अझै पनि कृषिजन्य उत्पादनमा  बाह्य निर्भरता रहेको पाईन्छ। नगरपालिकामा हाल नयाँ प्रबिधिहरू भित्रिन थाले पनि अझै यो प्रयासलाई महत्वका साथ कार्यान्वयनमा ल्याउन सके कृषी उपजबाट नगरवासीहरू आत्मनिर्भर हुने प्रचुर सम्भावना रहेको छ।

नगर क्षेत्रकाघरपरिवारहरूलाई पनि आफ्नै उत्पादनबाट बर्ष भरिका लागि खाद्यान्न नपुग्ने जनगणना सर्वेक्षण २०७८ ले देखाएको छ। संकलित तथ्याङ्कहरूको विश्लेषण गर्दा आफ्नै कृषि उत्पादनबाट ९-१२ महिना खान पुग्ने घरधुरी २०.२७% रहेका छन् भने ६-९ महिनासम्म खान पुग्ने घरधुरिहरू ५०.१६% र ६ महिना भन्दा कम खान पुग्ने घरधुरीहरू २९.५७% रहेको देखिन्छ। वडागत अनुसार खाद्यान्न पहुँचको अवस्था निम्न तालिका न. ९  मा प्रस्तुत गरिएको छ।

तालिका- ११: वडागत रुपमा खाधान्न प्रयाप्तताको अवस्था विवरण

| **वडा न.** | **खाद्यान्न प्रयाप्तताचको अवस्था (घरधुरी -आफ्नै उत्पादन बाट )** | | |
|---|---|---|---|
| | **६ महिना भन्दा कम पुग्ने** | **६-९ महिना सम्म पुग्ने** | **९-१२ महिना सम्म पुग्ने** |
| १ | १४५ | २५० | १०० |
| २ | २३० | ३८० | १५२ |
| ३ | २६० | ४४० | १८८ |
| ४ | २०० | ३५९ | १३८ |


| | | | |
|---|---|---|---|
| ५ | २१८ | ३६० | १६४ |
| ६ | २२० | ३८० | १५८ |
| ७ | २२८ | ३७० | १६२ |
| ८ | ३०० | ५०० | १८७ |
| ९ | २३० | ३८० | १४७ |
| १० | २०० | ३६० | १३९ |
| ११ | १७५ | ३०२ | ११४ |
| **जम्मा :** | **२,४०६** | **४,०८१** | **१,६४९** |
| प्रतिशत: | २९.५७% | ५०.१६% | २०.२७% |

*स्रोत: कृषि शाखा, पंञ्चपुरी नगरपालिका*

यस बाहेक नगरपालिकाको अवस्था हेर्दा र बस्ती स्तरमा गरिएको छलफल अनुसार कृषि उत्पादन बाहेक जीविकोपार्जन अन्य स्रोतहरू जस्तै; खुद्रा ब्यापार, साना ब्यवसाय, काठ ब्यवसाय, खाजा तथा नास्ता पसल, कुखुरा पालन, बाख्रा पालन, भैंसी पालन आदि रहेका छन् ।

### २.५.६. मौसमी पात्रो तथा कार्यबोझ

भविष्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरू संचालन गर्दा समुदायको नियमित पेशा व्यवसाय लगायतका नियमित कार्यहरूमा असर नहोस् भन्ने उद्देश्यले समुदायको मौसमी पात्रो पत्ता लगाउनु आवश्यक हुन्छ। यस नगरपालिकामा भविष्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरू आगामी दिनहरूमा समुदायमा आधारित विकासका क्रियाकलापहरू सञ्चालन गर्न समुदायका मानिसहरूको कार्य ब्यस्तताको समय जान्न जलउपयोग गुरुयोजना तयारीका क्रममा मौसमी पात्रो तयार गरिएको हो। यस नगरपालिकामा समेत समुदायका बहुसंख्यक मानिसहरू स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरू सञ्चालन गरी





चित्र-९ : मौसमी पात्रो

जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदलाई मध्यनजर गरी विकासका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ।

यस नगरपालिकाको तयार पारिएका वडागत तथ्याङ्कहरूलाई विश्लेषण गर्दा नगरपालिकाका मानिसहरू चैत्र, बैसाख र जेठ महिनामा गहुँबाली तथा दलहन बाली भित्र्याउने कार्यमा व्यस्त हुने गरेको देखिन्छ भने आषाढ, श्रावण महिनामा धान रोपाइँ र असोज तथा कार्तिक महिनामा धान काट्ने कार्यमा व्यस्त हुन्छन भने मंसिर देखि फाल्गुण महिनामा मात्रै अलि फुर्सदिलो हुने तथ्याङ्कले देखाएको छ। तथापी यस अवधिमा पनि पुरुष मानिसहरू दैनिक ज्याला मजदुरीका लागि जिल्ला भित्रै, जिल्ला बाहिर वा छिमेकी मुलुक भारतमा समेत जाने गरेको जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाटको छलफलबाट जानकारी प्राप्त भएको छ। समुदायका महिला र पुरुषको प्रत्येक महिना ब्यस्त हुने समयको विश्लेषण ग्राफ-१ मा गरिएको छ।

### २.५.७. नगरपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण

कुनै पनि विकास निर्माणका क्रियाकलापहरूलाई गुणस्तरीय र दिगो रुपमा सञ्चालन गर्न स्थानीय स्तरमा सिप भएका दक्ष मानव संसाधन हुन अति आवश्यक छ। योजना तर्जुमा र कार्यान्वयनको खाका तयार गर्दा कुनै




चित्र-१० : पालिकामा दक्ष मानव संसाधन सम्वन्धित विवरण

पनि भूगोलमा दक्ष मानव जनशक्ति के कति छ, कुन कुन दक्षता र सिपहरू छ भनि पत्ता लगाउनु जरुरी हुने गर्दछ। यस नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणका क्रममा गरिएको छलफल र लिईएको तथ्याङ्कका आधारमा, नगरपालिकामा कुल ६१५ जना विभिन्न दक्षता र सीप भएका मानव संसाधन उपलब्ध छन्। जसमध्ये सबैभन्दा बढी सिकर्मी, डकर्मी (दक्ष मिस्त्री) २५६ जना, काठको काम गर्ने मिस्त्री १७४ जना र कृषि प्राबिधिक २५ जना र मर्मत सम्भार कार्यकर्ता १४ जना रहेका देखिन्छन्। वडा अनुसार उपलब्ध मानवस्रोतको विवरण तलको ग्राफ नं. ६ मा प्रस्तुत गरिएको छ।

## २.५.८. स्थानीय निर्माण सामग्रीहरूको उपलब्धता

नगरपालिका क्षेत्र भित्रै स्थानीय स्रोत तथा निर्माण सामग्रीहरूको पर्याप्तता रहेको छ। ढुङ्गा, बालुवा, काठ, गिट्टी र बाँस  जस्ता स्थानीय निर्माण सामाग्रीहरू हरेक वडाहरूको आफ्नो क्षत्र भित्र नै उपलब्ध छन्। वडामा ढुंगाको स्रोतको लागि नगरपालिकाका सबै वडाहरूमा रहेका विभिन्न नदी/खोला/खहरेहरू, जुन पालिकाबाट बालुवा/ढुंगा उत्खननका लागि अनुमति प्राप्त छन् जस्तै: कर्णाली र भेरी नदीबाट पर्याप्त मात्रामा उपलब्ध हुने सम्भावना छ। ढुंगा र गिट्टी नगरपालिकाका सबै वडाहरूमा पर्याप्त मात्रामा उपलब्ध हुन्छ, भने बालुवा र काठको लागि केही वडाहरूलाई अरु वडाहरूमा जानुपर्ने बाध्यता रहेको छ। वडा अनुसार स्थानीय सामग्री उपलब्धता सम्बन्धि थप विस्तृत विवरण तलको तालिका-१० मा उल्लेख गरिएको छ

तालिका-१२: स्थानीय सामग्रीहरूको उपलब्धता

| वडा न. | स्थान/दुरी | ढुंगा | गिट्टी | बालुवा | काठ/अन्य |
|---|---|---|---|---|---|
| १ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | ०-१ | ०-१ | ०-८ | १ |
| २ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | भेरी नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १ | ०-१ | १२-१५ | १ |
| ३ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | भेरी नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १ | ०-१ | ८-१० | १ |
| ४ | पाइने स्थान | भेरी नदी | स्थानीय स्तरमा | भेरी नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | ८-१५ | ०-१ | ८-१५ | १ |
| ५ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | भेरी नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १ | ०-१ | ०-१२ | १ |
| ६ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | भेरी नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १ | ०-१ | १०-१७ | १ |
| ७ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १ | ०-१ | ०-१० | १ |
| ८ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | भेरी नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १ | ०-१ | ८-१५ | १ |
| ९ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | भेरी नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १ | ०-१ | १-१५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | भेरी नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १ | ०-१ | ०-२ | १ |
| ११ | पाइने स्थान | स्थानीय स्तरमा | स्थानीय स्तरमा | भेरी र कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | ०-१ | ०-१ | ०-१ | ०-१ |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

## २.६. सेवाकेन्द्रहरू सम्बन्धि विवरण

यस नगरपालिकामा स्थानीय सेवा केन्द्रको रुपमा हरेक वडामा आधारभुत/तथा माध्यमिक विद्यालयहरू रहेका छन्। त्यसै गरी १२ वटा स्वास्थ्य संस्था/ इकाई/चौकीहरू पनि रहेका छन। हाल स्थानीय तहको संरचना निर्माण भएपछि हरेक वडामा वडा कार्यालयहरू स्थापित भएका छन। उक्त संघसंस्थाहरू सम्बन्धी विस्तृत विवरण तालिका-११ र अनुसूची नं.१, SA-५ मा प्रस्तुत गरिएको छ।

तालिका- १३: पालिकामा रहेका सेवाकेन्द्रहरूको विवरण

| क्र.स. | सेवा केन्द्रको नाम | कार्यालय स्थित वडा र स्थान | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरू | १,६,७,९,१० वडाहरूमा १/१ वटा | |
| २ | स्वास्थ्य चौकी | सबै वडामा | |
| ३ | विद्यालय (आधारभूत/मा.बि. तह ) | सबै वडामा | |
| ४ | सामुदायिक बन उपभोक्ता समुह | सबै वडामा | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

## २.७. विकास साझेदारहरू, गैह्र सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू तथा सहकारी सम्बन्धि विवरण

यस पंञ्चपुरी नगरपालिकामा सरकारी निकायहरू बाहेक अन्य दातृ निकाय/विकास साझेदारहरूले पनि विभिन्न क्षेत्रमा कार्यक्रम संचालन गर्दै आईरहेका छन्। बिशेष गरि कृषि उत्पादन/बजारीकरण, स्वास्थ्य सरसफाइ, विपद जोखिम न्यूनीकरण लगायत सामाजिक/आर्थिक वकासका क्रियाकलापहरू आदिमा सघाउ पुरयाउदै आईरहेका छन्। पालिकामा कार्यरत मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण निम्न तालिका-१२ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची-१ को SA-४ मा उल्लेख गरिएको छ।

तालिका- १४: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण

| सरोकारवाला संस्थाको नाम | क्रियाकलाप संचालनको प्रकृती | कार्य क्षेत्र (वडा/भुगोल) | संस्थाको आर्थिक स्रोत (दातृ संस्था) | भविष्यमा सहकार्य हुन सक्ने क्षेत्र |
|---|---|---|---|---|
| संघीय सरकार | पुर्वाधार निर्माण | सबै | नेपाल सरकार | सबै |
| प्रदेश सरकार | पुर्वाधार निर्माण | सबै | नेपाल सरकार | सबै |
| युएसएआईडी कर्णाली जल परियोजना | वास | सबै | युएसएआईडी | वास |
| स्याक नेपाल | स्वास्थ्य | १,४,७,८,१० र ११ | युएसएआईडी | स्वास्थ्य |
| आयोन | किशोरकिशोरी र युवा | १,४,७,८,१० र ११ | दातृ निकायहरू | किशोरकिशोरी र युवा |
| कारितास नेपाल | विपद व्यवस्थापन र जीविकोपार्जन | सबै | चर्च | विपत व्यस्थापन र जीविकोपार्जन |
| आवाज | महिला तथा वालवालिका | सबै | युनिसेफ | महिला तथा वालवालिका |
| एकता फाउन्डेसन | युवा तथा वालवालिका | सबै | चर्च | युवा तथा वालवालिका |

| | | | | |
|---|---|---|---|---|
| सुन्दर नेपाल | कृषि, सामाजिक समावेषिकरण | ९,१० र ११ | युएसएआईडी | कृषि, सामाजिक समावेषिकरण |
| जलवायु परिवर्तन तथा स्थानीय अनुकुलन परियोजना | जलवायु परिवर्तन तथा स्थानीय अनुकुलन | सबै | UKAID | जलवायु परिवर्तन तथा स्थानीय अनुकुलन |
| सिएमसी नेपाल | मनोसामाजिक परामर्स | सबै | दातृ निकायहरू | मनोसामाजिक परामर्स |
| UNDP | सुशासन, पुर्बाधार निर्माण | सबै | UN | सुशासन, पुर्बाधार निर्माण |
| INF | स्वास्थ्य, पुर्बाधार निर्माण | सबै | दातृ निकायहरू | स्वास्थ्य, पुर्बाधार निर्माण |
| UMN | सुशासन, पुर्बाधार निर्माण | सबै | दातृ निकायहरू | सुरुवाती अवस्थामा |

*स्रोत: जलउपयोग गुरुयोजना, पालिका स्तरिय योजना तर्जुमा गोष्ठी छलफल तथा नगरपालिका स्रोत, २०८०*

माथि तालिका-८ मा उल्लेख गरिएका विकास साझेदारहरू तथा गैह्र सरकारी संस्थाहरू बाहेक नगरपालिकास्तरमा विभिन्न सामुदायिक संस्थाहरू, सामुदायिक बन उपभोक्ता समूहहरू, कृषि समुहहरू/आमा समुहहरू पनि गठन भएका छन्। ती समुदायमा आधारित संस्थाहरूले कुनै न कुनै रुपमा समुदायको सामाजिक तथा आर्थिक क्रियाकलापहरूमा सहयोग पुरयाउदै आईरहेका छन्। यसका साथै समुदाय स्तरमा बित्तिय सेवा प्रदान गर्न ८ वटा सहकारी संस्था गठन भई सक्रियता साथ समुदायस्तरमा बचत तथा ऋण लगायत लघु उद्दम प्रवर्धन मार्फत आर्थिक गतिविधिहरूलाई चलायमान बनाउन सहयोग पुरयाउदै आईरहेको छ। वडागत स्थापना भएको उक्त सहकारी संस्थाको विवरण तलको तालिका-१३ अनुसार रहेको छ भने बिस्तृत विवरण अनुसूची-१ को SA-३ मा उल्लेख गरिएको छ।

तालिका- १५: वडा अनुसार सहकारी संस्थाहरूको विवरण

| वडा न. | जम्मा सहकारी संख्या | सहकारीको किसिम अनुसार संख्या | | | शेयर सदस्य संख्या | | | | जम्मा शेयर पुँजी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि/बचत ऋण | बहु-उद्धेश्य | पेशागत/अन्य | महिला | पुरुष | अन्य | जम्मा | |
| २ | ४ | ३ | १ | ० | २,१२४ | ६५१ | ० | २,७७५ | ९६,६५,८०१ |
| ५ | १ | १ | ० | ० | १४० | १९८ | ० | ३३८ | १,५५,५०० |
| ९ | ३ | ३ | ० | ० | ८८९ | २१० | ० | १,०९९ | १९,८८,०६१ |
| **जम्मा** | **८** | **७** | **१** | **०** | **३,१५३** | **१,०५९** | **०** | **४,२१२** | **१,१८,०९,३६२** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

# अध्याय-३: विद्यमान जलस्रोतहरूको अवस्था र प्रयोग

## ३.१. नगरपालिकामा उपलब्ध जलस्रोतहरूको विवरण

पंञ्चपुरी नगरपालिका क्षेत्र भित्र रहेका पानीका स्रोतहरूको तथ्याङ्क विश्लेषण ६०१ वटा बिभिन्न समयमा मापन गरिएका पानीका स्रोतहरूलाई आधार मानी गरिएको छ।नगरपालिकाकर्णाली र भेरी नदी जलाधार क्षेत्र भित्र रहेको, नगरपालिकामा पानीका स्रोतहरू बिशेष गरि सतही, भूमिगत तथा तालतल्लैयामा रहेका छन् । नगरपलिकामा सरदर १८६ मिमि औसत बार्षिक बर्षा मापन भएको सुर्खेत केन्द्रको तथ्याङ्कले देखाउदछ।

यहाँका पानीका स्रोतहरूमा पानीको परिमाणको स्थिति बर्षायामको पानीको परिमाण र जमिन मुनिको पानीका भण्डारण मुख्यतया निर्भर रहेकाले यस नगरपालिका भित्रका पानीका स्रोतहरूमा पानीको परिमाण घटबढ भईरहेको रहेको आकलन गर्न सकिन्छ।

## ३.२. नगरपालिकामा उपलब्ध जलस्रोतहरूको विश्लेषण

जलउपयोग गुरुयोजनाको अभिन्न अंगको रुपमा रहेको यस अध्यायमा नगरपालिका भित्रका पानीका स्रोतहरूको अवस्था, गुणस्तर, बर्तमानमा र भबिष्यमा हुन सक्ने प्रयोगको विश्लेषण गरिएको छ। पानीको एकिकृत तथा समुचित व्यवस्थापनका लागि नगरपालिका क्षेत्र भित्र रहेका विद्यमान पानीका स्रोतहरूको विश्लेषण निकै नै महत्वपुर्ण हुने गर्दछ। समुदायका मानिसहरूले आफ्ना पानीजन्य आवश्यकताहरू जस्तै: पिउने पानी, खाना पकाउने लगायत अन्य घरायसी प्रयोजनका साथै उत्पादन मुलक पेशा व्यवसायका लागि स्रोतहरूमा पानी यथेष्ट परिमाणमा उपलब्ध छ वा छैन, उपलब्ध पानीको गुणस्तर के कस्तो रहेको छ, जलस्रोतहरूको विद्यमान प्रयोग स्थिति र भविष्यको उपयोगको संभावना के-कस्तो रहेको छ, पानी सम्वन्धि कुनै किसिमको विवाद छ/छैन भन्ने अवस्थाको विश्लेषण जलउपयोग गुरु योजनाको अध्ययन चरणमा सामाजिक तथा प्राविधिक अध्ययनका माध्यमबाट गरिएको छ। पंञ्चपुरी नगरपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोगको सम्भावना रहेका पानीका स्रोतहरूको प्राबिधिक अध्ययन, जानिफकारहरूसंगको अन्तरक्रिया, उपलब्ध तथ्याङ्कहरूको बिज्ञहरूसंगको परामर्श तथा स्थलगत अध्ययन र अवलोकन गरी यस अध्यायमा पानीका स्रोतहरू सम्वन्धि तथ्याङ्कहरूको विवेचना गरिएको छ।

नगरपालिकामा मापन गरिएका पानीका स्रोतहरूको नगरपालिकाका बिभिन्न वडा र नगरपालिका स्तरमा गरिएका तथ्याङ्क प्रमाणीकरण कार्यशाला गोष्ठीहरू मार्फत छलफल र प्रमाणीक गरिएको थियो। यस नगरपालिकामा मापन गरिएका कूल ६०१ वटा जलस्रोतहरू मध्ये ५४६ वटा स्रोतहरू मूल रहेका छन्। नगरपालिका भित्र ४५ नदी/खोला, १० अन्य जलस्रोतहरू मापन गरिएका छन्।

वडागत रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी स्रोत वडा न. १ मा १२१ वटा मापन भएका छन भने सबै भन्दा कम वडा न. ११ मा १५ वटा स्रोतहरू मात्रै रहेको देखिन्छ ।

यस नगरपालिकाको जलउपयोग गुरुयोजनामा समाबेश गरिएका पानीका स्रोतहरूको मापनका लागी तपसिल अनुसारको पद्दती अपनाईएको थियो ।

- युएसएआइडी कर्णाली जल परियोजनाको सहयोगमा गुरुयोजना निर्माण पूर्ब मापन गरिएका जम्मा ४४५ स्रोतहरू
- गुरुयोजना तयारीका क्रममा जम्मा १५६ स्रोतहरू मापन गरिएको

- पानीका स्रोत मापनमा प्रयोग गरिएका मुख्य बिधीमा मूलहरूरुमा बाल्टिन स्टप घडी विधि (Bucket and stop watch method) तथा नदि, खोलाहरूमा गति क्षेत्र बिधि (Velocity Area Method), पानीका स्थिर स्रोतहरू जस्तै कुवाहरूका लागी पानीको स्रोत घटाउने बिधि Level drop method  अपनाइएको थियो।

वडागत रुपमा जलस्रोतहरूको विवरण तलको तालिका-१४ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची- २ मा दिइएको छ।


तालिका- १६: पालिकामा अवस्थित विद्यमान जलस्रोतहरूको विवरण

| स्रोतहरूको प्रकार | वडा नम्बर | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| **मुल** | १०४ | २८ | ७३ | २४ | ८६ | ३५ | २८ | ६७ | ५४ | ३३ | १४ | ५४६ |
| **खोला** | ३ | १ | ५ | ३ | १ | ३ | ५ | १० | १३ | १ | ० | ४५ |
| **अन्य** | ५ | ० | ० | ० | ० | ० | ० | ३ | १ | ० | १ | १० |
| **जम्मा** | **११२** | **२९** | **७८** | **२७** | **८७** | **३८** | **३३** | **८०** | **६८** | **३४** | **१५** | **६०१** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.२.१. स्रोतहरूको अवस्थितिको आधारमा जलस्रोतहरूको विश्लेषण


यस नगरपालिकामा रहेका विद्यमान स्रोत हरूको सम्भावित प्रयोजनलाई यकिन गर्नको लागि गरिएको सामाजिक तथा प्राविधिक अध्ययनको क्रममा हरेक स्रोत  र मुख्य बस्तीहरूको अवस्थित उचाई  GPS का माध्यमबाट मापन गरिएको थियो । विद्यमान स्रोतहरूको उचाई र उपलब्ध क्षमता मापनबाट स्रोत हरूको सम्भावित प्रयोजन र समेट्न सकिने वस्तीहरूको पहिचान तथा समग्र जलाधार क्षेत्र भित्र पानीको व्यवस्थापनको आकलन गर्न सकिने भएकाले गुरुयोजना निर्माण क्रममा स्रोतहरूको अवस्थिती पत्ता लगाईको हो।




चित्र-११ : अवस्थितिका आधारमा पानीका स्रोतहरूको बिश्लेषण

यस नगरपालिकामा रहेका विद्यमान स्रोतहरूको अवस्थित उचाईको माध्यमबाट विश्लेषण गर्दा सर्वेक्षण गरिएका जम्मा ६०१ वटा मापन गरिएका स्रोतहरू मध्ये २ वटा स्रोतहरू समुद्रसतह देखि २००० मिटर भन्दा माथिको उचाईमा अवस्थित रहेका छन् भने ९ स्रोतहरू १५०० देखी २००० मिटर सम्मको उचाईमा अवस्थित छन, २१७ स्रोतहरू ५०० देखी १५०० मिटर सम्मको उचाईमा अवस्थित छन भने ३७३स्रोतहरू ५०० मिटर भन्दा कम उचाईमा अवस्थित छन। उक्त विद्यमान स्रोतहरूको अवस्थिति विश्लेषण ग्राफ नं. ३ मा उल्लेख गरिएको छ भने प्रत्येक स्रोतहरूको थप विस्तृत अनुसूची नं. २ मा उल्लेख गरिएको छ ।


### ३.२.२. स्रोतहरूको क्षमताको आधारमा जलस्रोतहरूको विश्लेषण




चित्र-१२ : क्षमताका आधारमा पानीका स्रोतहरूको बिश्लेषण

पंञ्चपुरी नगरपालिकामा मापन गरिएका ६०१ वटा स्रोतहरूमा उपलब्ध पानीको परिमाणको हिसाबले प्राविधिक विश्लेषण गर्दा मापन गरिएका पानीका स्रोतहरू मध्ये करिव २१३ स्रोतहरूमा पानीको बहाव ०.१ लिटर प्रति सेकेन्ड वा सो भन्दा कम रहेको छ। २०५ स्रोतहरूमा ०.१ लि. देखी ०.५ लिटर प्रति सेकेन्ड, ८९ स्रोतहरूमा ०.५ देखी १ लिटर प्रति सेकेन्ड सम्म रहेको छ भने बाँकी ९४ स्रोतहरूमा मात्र पानीको बहाव १ लिटर प्रति सेकेन्ड वा सो भन्दा बढी पाईएको छ। ग्राफ-४ मा विद्यमान पानीका स्रोतहरूको क्षमता विश्लेषण गरिएको छ भने उक्त मूलहरूको थप विस्तृत प्राविधिक तथा सामाजिक विवरण अनुसूची नं. २ मा उल्लेख गरिएको छ ।

### ३.२.३. स्रोतहरूको गुणस्तरको आधारमा विश्लेषण





चित्र-१३ : गुणस्तरका आधारमा पानीका स्रोतहरूको बिश्लेषण

जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका घरभेट, जानिफकार र लक्षीत समुहसंग गरिएका अन्तरक्रिया तथा छलफल, पानीका आधारित रोगहरूको स्थिती तथा नगरपालिकामा गरिएका बैठकहरूका आधारमा नगरपालिकामा ४६८ स्रोतहरू गुणस्तरका दृष्टीकोणले सुरक्षीत पाईएका छन् भने १०८ स्रोतहरू सामान्य उपचार सहित प्रयोगमा ल्याउन सकिने र २५ स्रोतहरूमा भने Treatment Plant लगायतका बिधी प्रयोग पस्चात मात्र प्रयोगमा ल्याउन सकिने विश्लेषण गरिएको छ।


पानीको परिक्षण भइनसकेको हुँदा सामान्यतया सबै स्रोतहरू पानी भौतिक रुपमा हेर्दा धमिलोपना नभएको, गन्ध तथा स्वाद राम्रै भएकोले स्वीकार्य छ भन्न सकिन्छ तर रासायनिक तथा जैबिक रुपमा पानी परिक्षणको नतिजाबाट मात्रै पानीको गुणस्तर थाहा हुने हुदा खानेपानी योजना निर्माण पूर्ब पानीको गुणस्तर मापन गर्नु पर्ने आवश्यक देखिन्छ।

### ३.२.४. स्रोतहरूको विद्यमान परिप्रयोग र उप-जलाधार क्षेत्रहरूमा सम्भावित उपयोगको आधारमा विश्लेषण

यस नगरपालिकामा गुरुयोजनाको तथ्याङ्क संकलन गर्दा खानेपानीका लागि १०२ वटा स्रोतहरू, सिंचाइका लागि ४२ स्रोतहरू, बहुउपयोगी योजनाका लागि २० स्रोतहरू र अन्य प्रयोजनका लागि ५ वटा स्रोतहरू प्रयोगमा रहेका देखिन्छन। हाल प्रयोगमा नरहेका ४३७ स्रोतहरू रहेका छन्। पानीका स्रोतहरूको बिद्यमान उपयोग र भबिष्यमा उपभोगको बिश्लेषण संलग्न चित्र १४ र १५ मा प्रस्तुत गरिएको छ।




चित्र-१४: बिद्यमान उपयोगका आधारमा पानीका स्रोतहरूको बिश्लेषण




चित्र-१५: सम्भावित उपयोगका आधारमा पानीका स्रोतहरूको बिश्लेषण

## ३.३. बिद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण

यस नगरपालिकामा बिद्यमान जम्मा ८ वटा ग्राभिटि पाइप प्रणाली मार्फत खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरूले खानेपानी योजनाहरू व्यवस्थापन गरिरहेका छन्। जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका अन्तरक्रिया र बस्तुस्थिति विश्लेषणका साथै NWASH को तथ्याङ्कबाट अधिकांश योजनाहरूको संचालन तथा मर्मतको अवस्था राम्रो रहेको पाईन्छ। विद्यमान ८ वटै खानेपानी योजनाहरू (२२६६) र गुरुयोजना तयारी अवधिमा निर्माणधीन योजनाबाट लाभान्वित भएका १०० गरि जम्मा २३६६ (२९%) घरधुरीहरू लाभान्वित रहेका छन् भने यस नगरपालिकामा हाल निर्माणाधीन अवस्थामा रहेका २४ वटा योजनाहरूबाट थप ४७४५ (६०%) घरधुरीहरू लाभान्वित हुने देखिन्छ।

जलउपयोग गुरुयोजना निर्माणको अवधिमा सङ्कलन गरिएको तथ्याङ्कको विश्लेषण गर्दा बिद्यमान योजनाहरूमा उपभोक्ता समिति गठन भएको भएता पनि कमजोर संस्थागत व्यवस्थापन, मर्मत सम्भार कोष व्यवस्थापन र पानी सुरक्षाका उपायहरू नअपनाएका कारण योजनाबाट उपभोक्ताले खानेपानी सेवाको दिगो व्यवस्थापन चुनौतिपुर्ण देखिएको छ। बिद्यमान खानेपानी योजनाहरूको अवस्था सम्बन्धि बिस्तृत विवरण अनुसूची-३ को TA-२ मा उल्लेख गरिएको छ।

तालिका- १७: विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण

| वडा नं. | सेवा क्षेत्रका लाभान्वित घरधुरी | प्रयोग गरिएका स्रोत | | | संचालन अवस्था | | | निर्माणाधीन योजना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थित योजना | अव्यवस्थित योजना | असुरक्षित स्रोत | व्यवस्थित | सन्तोषजनक | अव्यवस्थित | संख्या | सेवा क्षेत्रका घरधुरी संख्या | |
| १ | ४९५ | ६ | १ | १ | १२० | ६० | ३१५ | २ | ४९५ | |
| २ | ७६२ | ६ | १ | ० | ११० | २८० | ३७२ | १ | ७६२ | |
| ३ | ८८८ | ६ | ० | १ | २६० | १५० | ४७८ | १ | ८८८ | |
| ४ | ६९७ | ७ | १ | १ | ५० | ४७७ | १७० | ० | ० | |
| ५ | ७४२ | २५ | २ | ३ | ५७० | १७२ | ० | १ | १७२ | |
| ६ | ७५८ | ९ | १ | १ | ७५८ | ० | ० | ० | ० | |
| ७ | ७६० | २२ | २ | १ | १३० | २३० | ४०० | ८ | ८६२ | |
| ८ | ९८७ | २६ | २ | २ | ३०० | ५०० | १८७ | ३ | ३६५ | |
| ९ | ७५७ | २२ | २ | ३ | २६७ | २८९ | २०१ | २ | ३२० | |
| १० | ६९९ | ५ | ० | १ | १२० | ४५२ | १२७ | ४ | ५७८ | |
| ११ | ५९१ | ४ | ० | ० | १५० | ३५६ | ८५ | २ | ४०३ | |
| **जम्मा** | **८,१३६** | **१३८** | **१२** | **१४** | **२,८३५** | **२,९६६** | **२,३३५** | **२४** | **४,८४५** | |


*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

## ३.३.१. बिद्यमान योजनाहरू र सेवा क्षेत्र

यस नगरपालिकाका जलउपयोग गुरुयोजनाको सर्बेक्षणका समय गरिएका वस्ति भेट र तथ्याङ्क प्रमाणीकरण कार्यशालाहरूमा आएको जानकारी र तथ्याङ्कहरूको विश्लेषण गर्दा नगरपालिकाका कूल ८१३६ घरधुरीहरू मध्ये करिब २९% (२३६६) घरधुरीहरू विद्यमान खानेपानी योजनाहरूबाट लाभान्वित भएको पाइन्छ। बिद्यमान योजनाहरूबाट वडा नं. ४ का माथिल्लो बरैंचे, तल्नो बरैंचे र कालापानि ढाब वस्तीहरू वडा नं. ५,६ का वडा न ५ शिद्धपुर, बजार टोल, श्री ताल टोल, वडा न ६ चतुरे, तिलकपुर टोल, भावर, मल्लापे टोल र लाटीकाँडा वस्तीहरू, वडा नं. ८ का जाजुरा टोल वस्तीहरू वडा नं. ९ का बजार टोल वस्तीहरू, वडा नं. १० का छप्रेल टोल, वडा नं. ११ का थानकोट टोल वस्तीहरूमा समुदायहरूले खानेपानी सेवा प्राप्त गरिरहेका छन्।

बिद्यमान खानेपानी योजनाहरूबाट लाभान्वित घरधुरी तथा जनसंख्याको बिस्तृत विवरण अनुसूची-३ को TA-२ मा उल्लेख गरिएको छ ।

### ३.३.२. बिद्यमान योजनाहरूको संचालनको अवस्था




चित्र-१६: बिद्यमान योजनाहरूको संचालन अवस्था

यस नगरपालिकामा रहेका बिद्यमान खानेपानी योजनाहरूमा प्राय जसो योजनाहरू योजनाबद्ध तरिकाले तथा निर्धारित प्राविधिक मापदण्ड अनुसार निर्माण नगरिएको, मर्मत सम्भारको आवश्यक व्यवस्था नभएको र योजनाहरूमा पानी सुरक्षा योजना लागु नगरिएको अवस्था रहेको छ। जलउपयोग गुरुयोजनाको सर्बेक्षणका समय गरिएका वस्ति भेट र स्रोत तथा संरचनाहरूको स्थलगत अवलोकन गर्दा गुणस्तरका आधारमा योजनाबाट वितरित खानेपानी पनि पूर्णरुपमा सुरक्षित रहेको देखिदैन्। सञ्चालनमा रहेका योजनाहरूले योजना क्षेत्रका सबै घरधुरीहरूलाई नियमित सेवा दिन नसकेको अवस्था विद्यमान छ । बिद्यमान योजनाहरूमा संरचनाहरू निर्माण गरिएको भएता पनि पानी शुद्धीकरण सम्वन्धित यथेष्ट संरचना नभएको, स्रोतहरूमा विभिन्न कारणले दूषित हुने सम्भावना रहेको, केहि उपभोक्ता घरधुरीहरूले सिधै खोला खोल्सीको पानी उपभोग गरिरहेको सर्वेक्षणले देखाएको छ।

विद्यमान खानेपानी योजनाहरूमा अन्य व्यवस्थापकीय पक्षहरू हेर्दा ८ वटै खानेपानी योजनाहरूमा उपभोक्ता समितिको बैठक नियमित बस्ने नगरेको, उपभोक्ता समितिहरूमा महिलाको प्रतिनिधित्व रहेको र त्यसैगरी अनुपातिक हिसाबले जनजाती, दलित तथा अन्य बर्गहरूको प्रतिनिधित्व रहेको देखिन्छ। ८ वटै खानेपानी उपभोक्ता समितिले बार्षिक साधारण सभा गरी समितिका पदाधिकारीहरू छनौट तथा पुन: अनुमोदनको अभ्यास गरेको पाईदैन । यसका साथै खानेपानीका उपभोक्ताहरूले पानी शुल्क संकलनको सुरुवात नै नभएको तथा अधिकांश योजनाहरूमा उपभोक्ता समितिका सदस्यहरू निस्कृय रहेका अवस्थाले खानेपानी योजनाहरूको व्यवस्थापकीय पक्ष कमजोर रहेको देखिन्छ। योजनाहरूको नियमित सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ता गराई कार्य सञ्चालन गर्ने, संरचनाहरू प्राविधिक मापदण्ड अनुसार निर्माण गर्ने, नियमित रुपमा पानी शुल्क सङ्कलन, उ.स.को बैठक तथा बार्षिक साधारण सभा लगायत जनसुनवाई जस्ता कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नगरपालिका भित्र सेवा नपुगेको क्षेत्रमा नयाँ योजनाहरूको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान योजनाहरूको अवस्था विश्लेषण गरी मर्मत सम्भार, पानी सुरक्षा/शुद्धीकरण तथा दिगोपनाका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको सरोकारवालाहरूको बुझाई रहेको छ। बिद्यमान खानेपानी योजनाहरूको संचालन अवस्था तथ्याङ्क संकलन गर्ने क्रममा केहि योजनाहरूमा ईन्टेक लगायत संरचनाहरू मर्मत गर्नु पर्ने देखिन्छ। बिद्यमान खानेपानी योजनाहरू बाट लाभान्वित घरधुरी तथा जनसंख्या, बस्तीको बिस्तृत विवरण अनुसूची-३ TA-२ मा उल्लेख गरिएको छ, भने वडागत शाराँस विवरण तालिका-१६ मा उल्लेख गरिएको छ । योजनाहरूको विस्तृत विवरण N-WASH MIS Dashboard मा समेत उपलब्ध रहेको छ।

### ३.३.३. बिद्यमान खानेपानी योजनाहरूको सुबिधास्तरको अवस्था विश्लेषण

पंञ्चपुरी नगरपालिकाका कूल ८१३६ घरधुरीहरूको विद्यमान खानेपानी योजनाहरूको सुविधास्तरको विश्लेषण गर्दा करिब ३५ % घरधुरीहरूमा मात्रै खानेपानी प्रणालीको सुबिधा पुगेको देखिन्छ, सिमित सुबिधा भएका करिब ३६% छन् भने बाँकी २९ % घरधुरीहरूमा खानेपानी प्रणालीबाट सुबिधा पुगेको छैन । खानेपानी सुबिधाको पहुँच पुगेका घरधुरीहरू मध्ये पनि ३६ % घरधुरीहरूमा पानीको गुणस्तरको कारणले आधारभूत सुबिधामात्रै पुगेको देखिन्छ त्यसै गरी १९ % घरधुरीमा सिमित सुविधाको पानीको गुणस्तर रहेकोछ भने बाँकी १६ % घरधुरीमा सबै हिसाबले सुरक्षित खानेपानी सुबिधा पुगेको देखिन्छ । पालिकामा खानेपानीको सुबिधास्तरको सारांश विश्लेषण चित्र- ४ मा प्रस्तुत गरिएको छ भने वडागत सुबिधास्तर (घरधुरी) विवरण तालिका-१६ मा दिइएको छ ।

तालिका- १८: वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण

| वडा नं. | जम्मा घरधुरी संख्या | सुबिधा स्तर बर्गिकरण (घरधुरी संख्या ) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सुबिधा नभएका | सिमित सुबिधा भएका | आधारभूत सुबिधा भएका | सुरक्षित ब्यबस्थापन सुबिधा भएका | |
| १ | ४९५ | ३१५ | ६० | १२० | ० | ४९५ |
| २ | ७६२ | ३७२ | २८० | ११० | ० | ७६२ |
| ३ | ८८८ | ४७८ | १५० | २६० | ० | ८८८ |
| ४ | ६९७ | १७० | ४७७ | ५० | ० | ६९७ |
| ५ | ७४२ | ० | १७२ | ११० | ४६० | ७४२ |
| ६ | ७५८ | ० | ० | ७१ | ६८७ | ७५८ |
| ७ | ७६० | ४०० | २३० | १३० | ० | ७६० |
| ८ | ९८७ | १८७ | ५०० | २८० | २० | ९८७ |
| ९ | ७५७ | २०१ | २८९ | १५० | ११७ | ७५७ |
| १० | ६९९ | १२७ | ४५२ | १२० | ० | ६९९ |
| ११ | ५९१ | ८५ | ३५६ | १५० | ० | ५९१ |
| जम्मा | **८१३६** | **२३३५** | **२९६६** | **१५५१** | **१२८४** | **८१३६** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.३.४. निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र विवरण

NWASH प्लान तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएका तथ्याङ्कहरू हेर्दा यस पंञ्चपुरी नगरपालिकामा २४ वटा निर्माणाधीन खानेपानी योजनाहरू रहेका छन् । निर्माणाधीन योजनाबाट करिब ४८४५ घरधुरीहरूमा व्यवस्थित खानेपानी सेवा सुचारु हुने देखिन्छन्। निर्माणाधीन खानेपानी योजनाका

लाभान्वित घरधुरीहरूमा निजि धारा समेत जडान हुने हुँदा खानेपानी ब्यवस्थित तरिकाले वितरण हुने अपेक्षा गर्न सकिन्छ।

यस निर्माणाधीन खानेपानी योजनाहरूको सेवाक्षेत्रको विश्लेषण गर्दा वडा नं १ का २ वटा योजनाहरूबाट कोइरल्चुला घोडासेन ,छिपछिपे चुकेताल, दहखालमानासैन, ठाडागडा भेरे डाँडा, फार्से गाडा, हाँसी गाउँ, भोटेगडी बस्तीहरू, वडा नं २ का सालकोट बस्ती, वडा नं ३ का सालकोट बस्ती, वडा नं ५ का तिखाकुना र मुर्मुरी बस्तीहरू, वडा नं ७ का सान्ने ,पैंसरा, सिमता चौर, बुडाखाली, नेटि जंगला घाट, धनबोट, कोट, छाप्रे, चिउरी कालेआम बस्तीहरू, वडा नं ८ का माझिगाउँ चुने थाई, खोटे, दुलाल्थाई बस्तीहरू, वडा नं ९ का अलछाप्रे, बजार बस्तीहरू, वडा नं १० राजिगाउँ बागबजार, नार्सी, बछी, दमार, तारापुर, चाम्री बस्तीहरू, वडा नं ११ का मौला, मिजार, भगत चोक, बिनागे, डाँडा पिपल चौतारा, ढुंगी बजार टोल, ताउले बस्तीहरू लाभान्वित हुने छन्।

वडागत रुपमा निर्माणाधीन खानेपानी योजनाहरूको संख्या, लाभान्वित हुने घरधुरी र जनसंख्या विवरण अनुसूची- ६ को ОТ-१ मा दिइएको छ।

## ३.४. बिद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण

### ३.४.१. बस्तीहरूको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

पंञ्चपुरी नगरपालिका अन्तरगतका साबिकका गा.वि.स.हरू खुल्ला दिसामुक्त भइसकेको भएतापनि हाल सबै घरधुरीहरूमा शौचालय रहेको छैन। NWASH सर्बेक्षणको क्रममा १०% (७७४) घरधुरीहरूमा गरिएको सर्वेक्षण अनुसार ७७४ घरधुरीहरू मध्ये ७% घरधुरीहरूमा शौचालय नभएको भेटिएको छ ।[6] शौचालय भएका घरधुरीहरू मध्ये पनि ८९% घरधुरीहरूमा मात्रै सुधारिएको शौचालय भएको र बाँकी ११% घरधुरीहरूमा खाल्डे शौचालय वा अस्थाई प्रकारका शौचालयहरू रहेका छन्। मुख्यतः शौचालय नहुनुको कारण अलग्गिएका धरघुरीहरू तथा शौचालय बिग्रे भत्केका घरधुरीहरू रहेका छन। नगरपालिका क्षेत्रमा खुला दिसामुक्त अभियानका समय काठका सौचालयहरू समेत निर्माण भएकोमा हाल पानी तथा मौसमी असरले गर्दा सौचालयहरू भत्किने वा कुहिने रहेको सर्वेक्षणमा फेला परेको छ। नगरपालिका भित्र सर्वेक्षण गरिएका केही घरधुरीहरूमा सामाजिक कुरीतिहरू, अशिक्षा आदि कारणले महिनावारि भएको बेला महिलाहरूलाई शौचालय प्रयोग गर्न नदिने गरेको भन्ने पनि बस्तिस्तरको आमभेला र छलफलबाट देखिएको छ। नगरपालिका स्तरको योजना तर्जुमा गोष्ठीमा समेत नीतिगत समुह छलफलमा समेत नगर क्षेत्रका केहि वडाहरूमा महिनावारि सम्वन्धित कुरितीहरू कायम रहेको र नगरपालिकाले बिभिन्न जनचेतनामुलक अभियानहरू मार्फत कुरितीहरू न्यूनिकरणमा काम भईरहेको छलफल भएको थियो।

नगरपालिका क्षेत्रमा गरिएको घरभेट र गुरुयोजना निर्माण अवधिका बिभिन्न चरणमा गरिएका छलफलका आधारमा करिब ८०% प्रतिशत भन्दा बढी घरधुरीहरूले पशुपालन गरिराखेको साथै अधिकांस टोलहरूमा गोठेमल व्यवस्थापनको अवस्था सन्तिषजनक रहेको पाईन्छ । नगरपालिका क्षेत्रमा आवासिय भवन भन्दा अलि टाढा सानो वा अस्थाई संरचना निर्माण गरी गोठको रुपमा प्रयोग हुने र पशुपंक्षी पालन गरिने साथै हिउदको

*[6] १०% सर्वेक्षण वडा नं. १ का २९ घरधुरी, वडा नं २ का ७५ घरधुरी, वडा नं ३ का १०७ घरधुरी, वडा नं ४ का ४९ घरधुरी, वडा नं ५ का ६१ घरधुरी, वडा नं ६ का ११७ घरधुरी, वडा नं ७ का ५४ घरधुरी, वडा नं ८ का ८७ घरधुरी, वडा नं ९ का ६१ घरधुरी, वडा नं १० का ६९ घरधुरी, वडा नं ११ का ६५ घरधुरीहरूमा गरिएको थियो।*

समयमा पनि घरआगन भन्दा टाढा पशु चौपाया बाँधेर पालन गर्ने भएकाले गोठेमल संग सम्बन्धित सरसफाइ व्यवस्थापन गरेको देखिन्छ।

नगरपालिका क्षेत्रमा भाडासुकाउने चांग र फोहरूफाल्ने खाडलहरू समेत व्यवस्थापन हुन थालेका छन् गुरुयोजना सर्वेक्षणका क्रममा नगर क्षेत्रमाभाडासुकाउने चांग र फोहरूफाल्ने खाडलहरू निर्माण भएको पाईएको छ।

दिगो विकाका लक्ष्य प्राप्ती र स्वच्छ तथा सफा नगरको परिकल्पना साकार पार्न आगामी दिनहरूमा नगरपालिकामा घरायसी तथा ब्यक्तिगत सरसफाइका क्रियाकलापहरू निर्माण र सचेतना लगायतका सामाजिक परिचालन गतिबिधीहरू सरोकारवाला निकाय तथा समुदाय परिचालन मार्फत संचालन गरिने नगरपालिकाको प्राथमिकतामा रहेको छ।। घरायसी सरसफाइको नमुना सर्वेक्षणमा आधारित बिश्लेषण संलग्न तालिका-१७ मा प्रस्तुत गरिएको छ।

तालिका- १९:वडागत घरायसी सरसफाइको अवस्था विवरण[7]

| वडा नं. | जम्मा घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारिएको शौचालय भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था विश्लेषण | | | | | पूर्ण सरसफाइ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साबुन सहित हातधुने घरधुरी संख्या | च्यांग जुथ्यान भएका संख्या | व्यवस्थित ठोस फोहोर फाल्ने व्यवस्था भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका | व्यवस्थित पशुपालन र गोठे मल व्यवस्थापन भएका | घोषणा भएको (छ/छैन) | योजना छ (लक्षीत समय) |
| १ | २९ | २३ | ० | १९ | ० | ० | ० | ० | छैन | छ |
| २ | ७५ | ७४ | ६५ | ६५ | ५४ | ० | ० | ० | छैन | |
| ३ | १०७ | १०३ | १०३ | १०० | ५५ | ० | ० | ० | छैन | |
| ४ | ४९ | ४४ | ४४ | ४४ | २३ | ० | ० | ० | छैन | |
| ५ | ६१ | ६१ | ६१ | ६१ | ३५ | ० | ० | ० | छैन | |
| ६ | ११७ | ११२ | ११२ | ७४ | ७४ | ० | ० | ० | छैन | |
| ७ | ५४ | ४८ | ४८ | १८ | १८ | ० | ० | ० | छैन | |
| ८ | ८७ | ८५ | ८४ | ४० | ४० | ० | ० | ० | छैन | |
| ९ | ६१ | ५९ | ५८ | ५८ | ४० | ० | ० | ० | छैन | |
| १० | ६९ | ५८ | ५८ | २९ | २९ | ० | ० | ० | छैन | |
| ११ | ६५ | ५७ | ५७ | ३५ | २५ | ० | ० | ० | छैन | |
| **जम्मा :** | **७७४** | **७२४** | **६९०** | **५४३** | **३९३** | **०** | **०** | **०** | | |
| **प्रतिशत** | | **९४%** | **८९%** | **७०%** | **५१%** | **०%** | **०%** | **०%** | | |

*स्रोत: NWASH सर्वेक्षण , २०८०*

[7] NWASH सर्वेक्षणको क्रममा नगरपालिकाको कूल घरधुरीहरू मध्ये सबै वडा र बस्तीहरूबाट समानुपातिक वितरणको आधारमा नमुना सर्वेक्षण गरिएका घरधुरीको आधारमा प्राप्त तथ्यांक प्रस्तुत गरिएको

### ३.४.२. विद्यालय तथा सार्बजनिक स्थलहरूको सरसफाइ अवस्था

सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्धनका लागि विद्यालय तथा संस्थागत सरसफाइ र स्वच्छता कायम हुन अति आवश्यक छ । बालबालिकाहरूले सरसफाइ तथा स्वच्छता कायम गर्न र व्यवहार परिवर्तनका कुराहरू बिद्यालयबाट सिक्ने हुँदा विद्यालयहरू सरसफाइ प्रवर्द्धन र दिगोपनाका लागी निकै नै प्रभावकारी सिद्ध हुदै आएका छन्। यस नगरपालिकामा जम्मा ५८ वटा विद्यालयहरूमा गरिएको सर्वेक्षणमा सुरक्षित खानेपानी २८ वटा (४९%), ५८ शौचालय (१००%) वटै, साबुनपानीले हात धुने व्यवस्था २० (३५%) र ठोस फोहोर संकलन र ब्यबस्थापन १४ (२५%) विद्यालयहरूमा रहेको देखिन्छ। नगरपालिकाका सबै बिद्यालयमा खानेपानीको व्यवस्थापन गरिएको भएता पनि सुरक्षीत व्यवस्थापन र योजनाको अबाव रहेको भने सर्वेक्षणमा भेट्टीएको छ साथैनेपाल सरकारको मापदण्ड अनुरुप विद्यार्थीको अनुपातका आधारमा आवश्यक पानीको परिमाण र व्यवस्थित योजनाका लागीविद्यालय खानेपानी तथा सरसफाइमा योजनाबद्ध तवरले काम गर्नु पर्ने आवश्यकता सर्वेक्षणले देखाएको छ।

वडा तथा नगरपालिका कार्यालयहरूमा रहेको खानेपानी तथा सरसफाइ अवस्थाको तथ्याङ्क अनुसार ११ वटा वडा कार्यालय र नगरपालिकाको कार्यालय गरि १२ वटा कार्यालय मध्ये सबैमा खानेपानी, शौचालय र साबुनपानीले हात धुने व्यवस्था उपलब्ध रहेको, खानेपानी शुद्धीकरणका लागि केहि वडाहरूमा फिल्टरको व्यवस्था गरेको देखिन्छ भने ठोस फोहर व्यवस्थापन र दिसाजन्य पदार्थको व्यवस्थापन भने एकदमै कमजोर रहेको देखिएको छ। विद्यालय र संस्थागत खानेपानी तथा सरसफाइ सम्बन्धी बिवारण तालिका-१८ मा उल्लेख गरिएको छ।

तालिका- २०: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको व्यवस्था भएका | साबुन पानीले हात धुने व्यवस्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| **विद्यालय** | १ | ५ | १ | ५ | १ | ० | ५ |
| **विद्यालय** | २ | ५ | २ | ५ | २ | ० | ५ |
| **विद्यालय** | ३ | ४ | २ | ४ | २ | ० | ४ |
| **विद्यालय** | ४ | ३ | ३ | ३ | १ | १ | ३ |
| **विद्यालय** | ५ | ४ | २ | ४ | २ | २ | ४ |
| **विद्यालय** | ६ | ४ | ४ | ४ | २ | २ | ४ |
| **विद्यालय** | ७ | १२ | ३ | १२ | २ | २ | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विद्यालय | ८ | ५ | ३ | ५ | २ | २ | ५ |
| विद्यालय | ९ | ७ | ३ | ७ | ३ | ३ | ७ |
| विद्यालय | १० | ५ | ३ | ५ | १ | १ | ५ |
| विद्यालय | ११ | ४ | २ | ४ | २ | १ | ४ |
| **जम्मा** | | ५८ | २८ | ५८ | २० | १४ | ५८ |
| **प्रतिशत** | | | **४९** | **१००** | **३५** | **२५** | **१००** |
| **वडा तथा नगरपालिका कार्यालयको सरसफाइ अवस्था** | | | | | | | |
| **वडा कार्यालय** | | ११ | ६ | ११ | ११ | ११ | ० |
| **नगरपालिका** | | १ | १ | १ | १ | १ | १ |

*स्रोत: NWASH सर्वेक्षण, २०७९*

यस पंञ्चपुरी नगरपालिकामा जम्मा १६ वटा स्वास्थ्य संस्थाहरू रहेको देखिन्छ। जसमध्ये सुरक्षित खानेपानी १६ वटा संस्थाहरूमा, शौचालयको व्यवस्था १६ वटा स्वास्थ्य संस्थाहरूमा रहेको देखिन्छ र सबै स्वास्थ्य संस्थाहरूमा ठोस तथा तरल फोहोर व्यवस्थापन र दिसाजन्य लेदो व्यवस्थापन राम्रोसंग व्यवस्थापन गरेको पाइयो। यसको संख्यात्मक विवरण तालिका-१९ मा दिइएको छ।

तालिका- २१: स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाइको अवस्था

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको ब्यवस्था भएका | साबुन पानीले हात धुने व्यवस्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो ब्यबस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य संस्था (सरकारी) | ११ | १६ | १६ | १६ | १६ | १६ | १६ |
| **जम्मा :** | ११ | १६ | १६ | १६ | १६ | १६ | १६ |

*स्रोत: NWASH सर्वेक्षण, २०८०*

### ३.४.३. बातावरणीय सरसफाइको अवस्था

जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रमका गरिएको छलफल अन्तरक्रियाका आधारमा पंञ्चपुरी नगरपालिकाको वातावरणीय सरसफाइको अवस्था हेर्दा नगरपालिकामा बढ्दै गईरहेको जनसंख्याको चाप र

स्थायी रुपमा कैलालीको चिसापानी र सुर्खेतबाट यातायात संचालनले मानिसहरूको आवागमन बढ्दा बाटोघाटो र सार्बजनिक स्थलहरूमा ठोस तथा तरल फोहोर पदार्थहरू थुप्रिने क्रम बढ्दै गईरहेको छ। यी समस्याहरूको समाधानका लागि सार्बजनिक स्थानहरूमा शौचालयहरूको निर्माण र निर्माण भएको ठाउँहरूमा उचित व्यवस्थापन र नयाँ निर्माणका लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ। हाल नगरपालिकामा ७ वटा स्थानहरू (३ वटा बाबियाचौर बजारमा, २ वटा बिध्यापुर, २ वटा पलैटे बजार) मा सार्बजनिक शौचालयहरू रहेता पनि २ वटा बाबियाचौर र १ वटा पलैटे बजारको बाहेक अन्य शौचालयहरूको व्यवस्थापन एकदम नाजुक रहेको छ।

त्यसै गरि ठोस फोहरको व्यवस्थापनका लागि नगरपालिकामा हालसम्म ल्याण्डफिल साइटको शुरुवात गरेको पाइएको छैन। त्यसको लागि नगरपालिकाले बढ्दै गई रहेका बजार क्षेत्रहरूमा ठोस फोहर सङ्कलन, ढुवानीको व्यवस्थापन गर्नुका साथै फोहरहरूको घरधुरीबाट सङ्कलनकै समयमा बर्गिकरण हुनेगरी प्रयोग नै घटाउने (Reduce), पुनरप्रयोग (Reuse) र पुनचक्रण (Recycle) को लागि कार्यविधि तयार गरि लागु गर्नु पर्ने देखिन्छ।

### ३.४.४. दिसाजन्य लेदो, ठोस फोहर तथा फोहरपानी व्यवस्थापनको बिद्यमान अवस्था

ठोस फोहर ब्यबस्थापनका साथै दिसाजन्य लेदो ब्यबस्थापनको नगरपालिका भित्र ठुलो समस्याको रुपमा हाललाई नदेखिएको भएतापनि घरधुरीहरूमा शौचालयका खाडलहरू भरिदा त्यसलाई सफा गर्ने र दिसाजन्य लेदो ब्यबस्थापन गर्ने कार्य समस्याको रुपमा देखिदै आएको छ। NWASH सर्वेक्षणको क्रममा संकलित तथ्याङ्कहरूको विश्लेषण गर्दा घरायसीस्तरका धेरैजसो घरायसी चर्पिको खाडल ३ बर्ष भित्रै भरिन्छ भन्ने देखिन्छ भने बाँकी केहि घरधुरीको चर्पीको खाडल ५ वर्षपछि भरिन्छ भन्ने देखिन्छ। ती भरिएका खाडलहरूको दिसाजन्य लेदोको संकलन, ढुवानी र ब्यवस्थापनको राम्रो प्रबन्ध नभएको कारणले गर्दा केहि घरधुरीहरूले मानिसद्वारा मेसिन वा अन्य सुरक्षित साधनको प्रयोग नगरिकनै गर्ने गरेको देखिएको छ। निस्किने दिसाजन्य लेदो पनि असुरक्षित तरिकाले खेतबारी वा खोलानालामा फाल्ने गरेको देखिन्छ। त्यसैले दिसाजन्य लेदो यसरी विस्थापन गर्दा त्यसले बाताबरणीय स्वच्छतामा हानी पुरयाउनुका साथै मानव स्वास्थ्यमा समेत एकदमै प्रतिकुल असर पर्ने तथा विभिन्न महामारीहरूको प्रकोप बढ्ने सम्भावना रहेको हुँदा ब्यवस्थापनका लागि पहल गर्ने बारेमा वडा तथा नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा भएको छलफलबाट समेत देखिएको छ ।

### सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागी आनीबानी तथा व्यवहार परिवर्तन

गुरुयोजना निर्माणका क्रममा संकलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरूको आधारमा घर परिवार, टोल, समुदाय तथा नगरपालिका स्तरमा निश्चित व्यवहारहरूको परिवर्तन जरुरी देखिएको छ। नगरपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका व्यवहार प्रवर्धनका लागि थप क्रियाकलापहरू संचालन गर्न पर्ने आवश्यकता देखिन्छ ।

१) पानीको उत्पादनशिल प्रयोग
२) स्रोत संरक्षण, भू-जल भण्डारण, जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन
३) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता
४) वातावरणीय स्वच्छता

५) पानीको पहुँच र बहुउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

तालिका- २२: व्यवहार परिवर्तनका लागी गतिबिधि तथा सुझावहरू

| क्र. स. | व्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| १ | खानेपानी शुद्धिकरण | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | नगरपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सार्वजनीक निकाय, समुदाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी, सडक नाटक तथा बिभिन्न सूचनामुलक सामग्री |
| २ | वास (सरसफाइ र स्वच्छता) | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | नगरपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा सार्वजनीक निकाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरू |
| ३ | पानीका स्रोत संरक्षण | घरपरिवार, विद्यालय र खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, समुदाय तथा नगरपालिका | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरू |
| ४ | पानीको उत्पादन शिल तथा बहु प्रयोग | घरपरिवार, समुदाय, साना किसान | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, नगरपालिका, कृषक समूह तथा बिकास साझेदारहरू | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरू |
| ५ | वातावरणीय स्वच्छता | घरपरिवार तथा समुदाय | विद्यालय, समुदाय, नगरपालिका तथा सार्वजनिक निकाय | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | जलवायू अनुकुलन तथा विपद जोखिम न्यूनीकरण | घरपरिवार, साना किसान, समुदाय | नगरपालिका, बिद्यालय, कृषि समूह, खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरू, जोखम पूर्व सूचना प्रणाली |

## ३.५. बिद्यमान सिंचाइ योजनाहरूको अवस्था विश्लेषण

### ३.५.१. बिद्यमान सिंचाइ योजनाहरू र सेवाक्षेत्र

यस नगरपालिकाको कूल भु-भाग ३२९.०९ बर्ग कि.मि. (६,५८,१८० रोपनी) रहेको छ। उक्त भु-भाग मध्ये खेतीयोग्य जमिनको भु-भाग करिव ६८.२० बर्ग कि.मि. (१,३६,४०० रोपनी) २०.७२% रहेको छ। यस नगरपालिकामा बिद्यमान ८८ वटा कुलो सिंचाइ योजनाहरू संचालनमा रहेको छन्। बिद्यमान सिंचाइका योजनाहरूबाट ५,८७१ घरधुरीहरूको करिब २८,५३६ रोपनी अर्थात् कूल खेतियोग्य भू-भाग मध्ये करिब २१% जमिन सिचित भइरहेको छ।

पंञ्चपुरी नगरपालिकामा निर्माण भएका बिद्यमान सिंचाइका योजनाहरू नेपाल सरकारको सिंचाइ बिभाग तथा विभिन्न संघ सस्थांहरूको आर्थिक तथा प्राबिधिक सहयोगमा निर्माण भएका छन्। बिद्यमान सिंचाइ योजनाहरूको शारांश विवरण तलको तालिका-२१ मा दिएकोछ भने बिस्तृत विवरण अनुसूची-५, SA-८  मा प्रस्तुत गरिएको छ ।

तालिका- २३:वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा)

| वडा नं. | बिद्यमान सिंचाइ योजनाहरूको विवरण | | कैफियत |
|---|---|---|---|
| | कुलो सिंचाइ | | |
| | संख्या | सेवा क्षेत्र (रोपनी) | |
| १ | ३ | ५५० | |
| २ | ६ | ५७० | |
| ३ | १८ | ११,४९० | |
| ४ | ४ | ७९८ | |
| ५ | ६ | २,४३५ | |

| | | | |
|---|---|---|---|
| ६ | ८ | ३,४५३ | |
| ७ | ११ | १,९१० | |
| ८ | १८ | २,४०५ | |
| ९ | १० | ९२५ | |
| १० | ४ | ४,००० | |
| **जम्मा** | **८८** | **२८,५३६** | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.५.२. बिद्यमान सिंचाइ योजनाहरूको संचालनको अवस्था

पंञ्चपुरी नगरपालिकामा रहेका ८८ वटा बिद्यमान कुलो सिंचाइ योजनाहरूको संचालन तथा मर्मत सम्भारको अवस्थाको विश्लेषण गर्दा सबै योजनाहरू बाट हाल सिंचाइ सुबिधा उपलब्ध भएता पनि सबै योजनाहरूमा कुलोमा स-सानो चुहावट देखि संरचनाहरूको जिर्णताले स-साना देखि ठूलो मर्मत समेत गर्नुपर्ने जलउपयोग गुरुयोजनाको सर्वेक्षणले देखिएको छ। विद्यमान योजनाहरूको सामाजिक तथा प्राबिधिक सर्वेक्षण अनुसार सबै विद्यमान योजनाहरू सन्तोषजनक रुपमा  संचालनमा रहेका छन्। योजनाहरूमा मर्मत सम्भार तथा पानी बाडफाड ब्यबस्थापनका लागि सिंचाइ उपभोक्ता समिति समेत गठन गरिएका छन् भने व्यवस्थापन कार्यहरू सन्तोषजनक रुपमा रहेका छन्। सिंचाइ योजनाहरूको व्यवस्थापन र संचालनका लागी पाले (हेरालो) समेत सम्वन्धित समुदायहरूले व्यवस्थापन आउदै गरेका छन्। नगरपालिका स्तरमा सम्पन्न भएको योजना तर्जुमा गोष्ठीमा पाले व्यवस्थापन सिंचाइ योजनाहरू दिगो संचालनमा निकै नै प्रभावकारी रहेको पाईएकोमा नगरपालिकाले नीतिगत व्यवस्थापन सहित योजनाहरूको मर्मत तथा दिगो संचालनका लागी समुदायहरूले अवलम्बन गरेको  उक्त प्रयोगलाई रणनीतिक महत्वका साथ सम्बोधन गर्ने तर्फ छलफल गर्ने सोच बनाएको छ।

विद्यमान सिंचाइ योजनाहरूको अवस्था सारांश चित्र-८ मा प्रस्तुत गरिएको छ भने योजनाहरूको संचालन तथा मर्मत सम्भारको अवस्था अनुसूची-५, TA-३  मा उल्लेख गरिएको छ।

## ३.६. विद्यमान बहु-उपयोगी योजनाहरूको अवस्था विश्लेषण

### ३.६.१. विद्यमान योजनाहरू र सेवाक्षेत्र

यस पंञ्चपुरी नगरपालिका भित्र विद्यमान बहु-उपयोगी योजनाहरू २८ वटा रहेका छन्। बहु-उपयोगी योजनाहरूबाट सिंचाइ, विद्युतिकरण र घट्टका योजनाहरू संचालनमा रहेका छन्।

नगरपालिका भित्र रहेका २८ वटै बहु-उपयोगी योजनाहरूमा ३,९९२ घरधुरीहरू लाभान्वित भएका मध्ये सिंचाइ बाट ३,९९२ घरधुरीहरू, घट्टबाट ३,९९२ र लघु जलबिद्युतबाट ४२६ घरधुरीहरू रहेका छन्। बहुउपयोगी योजनाबाट लाभान्वित अधिकाँश घरधुरीहरू दोहोरिएको देखिन्छ र वडा नं ५,७,१०,११ मा बहु-उपयोगी योजनाहरू रहेका छैनन्। बहु-उपयोगी योजनाहरूको शारांश विवरण तालिका-२२ मा उल्लेख गरिएको छ भने बिस्तृत विवरण अनुसूची-५ को SA १० मा रहेको छ।

तालिका- २४: वडागत रुपमा बहु-उपयोगी योजनाहरूको विवरण

| वडा नं. | योजना संख्या | बहु उपयोगको क्षेत्र | लाभान्वित घरधुरी संख्या | | |
|---|---|---|---|---|---|
| | | | सिंचाइ | घट्ट | ल.ज.बि. |
| १ | ८ | सिंचाइ+घट्ट | ५२१ | ५२१ | ० |
| २ | ४ | सिंचाइ+घट्ट | ४२० | ४२० | ० |
| ३ | २ | सिंचाइ+घट्ट | २३० | २३० | ० |
| ४ | २ | सिंचाइ+घट्ट | ६०९ | ६०९ | ० |
| ६ | ३ | सिंचाइ+घट्ट+ल.ज.बि. | ६५६ | ६५६ | २२५ |
| ८ | ४ | सिंचाइ+घट्ट | ८४७ | ८४७ | ० |
| ९ | ५ | सिंचाइ+घट्ट+ल.ज.बि. | ७०९ | ७०९ | २०१ |
| **जम्मा :** | **२८** | | **३९९२** | **३९९२** | **४२६** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

## ३.७. बिद्यमान जलवायु परिबर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरूको अवस्था विश्लेषण

यस नगरपालिकामा जलवायु परिबर्तन अनुकुलन/विपद जोखिम ब्यबस्थापन तथा स्रोत संरक्षण सम्बन्धि स-साना योजनाहरू संचालन भए पनि दिर्घकालिन महत्वका योजनाहरू भने संचालनमा रहेको पाईएन ।

जलउपयोग गुरुयोजना तयारीका लागि गरिएको तथ्याङ्क संकलन तथा अवस्था विश्लेषण अनुसार यस नगरपालिकामा हालसम्म वातावरण तथा पर्यावरण सम्बन्धी योजना तथा क्रियाकलापहरू पर्याप्त मात्रामा सञ्चालन तथा व्यवस्थापन हुन नसकेको देखिन्छ । स्थानीय स्तरमा साधन स्रोतको कमी, संघ, प्रदेश र स्थानीय सरकारको अधिकारका क्षेत्र तथा सम्वन्धित विकास सम्वन्धित कार्यालयहरूको ग्रामिण क्षेत्रमा गरिने विकास निर्माण कार्यहरूमा समन्वय अभाव जस्ता कारणले खासै उपलब्धि हासिल हुन नसकेको सरोकारवालाहरूको बुझाई रहेको छ। यसकारण आगामी दिनहरूमा क्षेत्रगत योजना निर्माण गर्दा वातावरण, पर्यावरण तथा जलवायु अनुकुलन सम्बन्धि कृयाकलापहरू अन्य आयोजनाहरूको अन्तरनिहित कृयाकलापको रुपमा समेत सञ्चालन गर्नुपर्ने देखिन्छ ।

यस बाहेक विश्वभरि भइरहेको प्राकृतिक स्रोतहरू माथिको अतिदोहन, बढ्दो प्रदुषण र जलवायुमा परिरहेको त्यसको प्रत्यक्ष असरले गर्दा अतिवृष्टि, अनावृष्टि र त्यसबाट सिर्जित प्राकृतिक प्रकोपहरूको संख्या नेपालमा पनि बढ्दो छ।

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०६७[8] अनुसार, नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियसका दरले वृद्धि भएको देखिन्छ। नेपालले विश्वको कूल हरित ग्याँसको करिब ०.०२५% मात्र उत्सर्जन गरेता पनि वायुमण्डलीय तापक्रम वृद्धिका कारण नेपाल अधिक रुपमा प्रभावित हुँदै गइरहेको छ। यहाँ बार्षिक वर्षा-चक्रमा हेरफेर, लामो समय सम्म खडेरी पर्ने, तथा तिब्र वर्षा हुने गरेको छ। पानी पर्ने समय र अवधिमा पनि परिवर्तन हुँदै गइरहेको छ।

सुर्खेत जिल्ला अन्तर्गत रहेको पंञ्चपुरी नगरपालिकामा पनि पछिल्ला बर्षहरूमा बर्षातको समयमा ठूलो पानी पर्ने र त्यसले गर्दा नगरपालिका भित्र रहेका खोलाखोल्सीहरूमा पानीको बहाव बढ्दा बाढी आउने, नदी/खोलाको कटान हुने र जसको प्रत्यक्ष असर खानेपानी, सरसफाइ तथा स्वच्छता तथा बालीनालीहरूमा परिरहेको छ। बर्षातको समयमा पर्ने अतिवृष्टिले नगरपालिकाका धेरैजसो बस्तिहरूमा पहिरो, बाढीको कारणले ठूलो धनजनको क्षति हुने गरेको छ।

### ३.७.१. बिद्यमान योजनाहरू र सेवाक्षेत्र

पंञ्चपुरी नगरपालिकामा बिद्यमान जलवायु अनुकुलन/विपद जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धि २६ वटा योजनाहरू रहेका छन्। जस मध्ये ५ वटा जलवायु अनुकुलन र २१ वटा स्रोत तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धि छन्।

नगरपालिका भित्र रहेका २६ वटा योजनाहरूबाट १३०८ घरधुरीहरू लाभान्वित रहेका छन्। जलवायु अनुकुलन/विपद जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धि योजनाबाट लाभान्वित अधिकाँश घरधुरीहरू दोहोरिएको देखिन्छ र सबै वडाहरूमा योजनाहरू रहेका छन्। जलवायु अनुकुलन/विपद जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धि योजनाहरूको शारांश विवरण तालिका-२३ मा उल्लेख गरिएको छ भने बिस्तृत विवरण अनुसूची-५ को SA ११ मा रहेको छ।

तालिका- २५: वडागत रुपमा बिद्यमान जलवायु अनुकुलन/विपद जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरण संरक्षण योजनाहरूको विवरण

| वडा न. | योजना संख्या | योजनाको प्रकार | | |
|---|---|---|---|---|
| | | जलवायु अनुकुलन | जोखिम व्यवस्थापन | स्रोत संरक्षण |
| १ | ४ | २ | ० | २ |
| २ | ३ | १ | ० | २ |
| ३ | २ | ० | ० | २ |
| ४ | १ | ० | ० | १ |
| ५ | ४ | १ | ० | ३ |
| ६ | १ | ० | ० | १ |

[8] स्रोत: राष्ट्रिय जलवायु परिबर्तन नीति,२०७६(https://climate.mohp.gov.np)

| | | | | |
|---|---|---|---|---|
| ७ | १ | ० | ० | १ |
| ८ | ३ | ० | ० | ३ |
| ९ | ३ | १ | ० | २ |
| १० | २ | ० | ० | २ |
| ११ | २ | ० | ० | २ |
| **जम्मा** | **२६** | **५** | **०** | **२१** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.७.२. बिद्यमान योजनाहरूको संचालनको अवस्था

वातावरण तथा पर्यावरण संबन्धि योजनाहरू मध्ये तटबन्ध तथा नदी/खोला नियन्त्रणका योजनाहरू त्यति दिगो भैरहेको देखिदैन। जलवायु परिवर्तनका असरले गर्दा बर्षातको समयमा अत्यधिक ठुलो पानी पर्ने र खोला तथा नदीहरूमा पानीको मात्रा अत्यधिक बढ्ने हुँदा तटबन्धहरू बगाउने गरेको, जसले गर्दा संचालन तथा मर्मत सम्भारमा समस्या हुने गरेको छ।

## ३.८. जलस्रोतहरूको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धि संयन्त्र

पंञ्चपुरी नगरपालिका भित्र खोला, नदी तथा पानीका मुहानहरू प्रशस्तै रहेको तर उचित व्यवस्थापन नहुनुका साथै निर्माण भएका खानेपानी तथा सरसफाइ, सिंचाइ लगायत बहुउपयोगिता सहितका पानी घट्ट जस्ता योजनाहरूको पनि दिगोरुपमा परिचालन र व्यवस्थापन सयन्त्र र रणनीति व्यवस्थापनको अभाव रहेको पाईन्छ। यस नगरपालिका भित्र उपलब्ध पानीका स्रोतहरूको व्यवस्थित ढंगबाट प्रयोग र संस्थागत हिसाबले उपभोक्ता समितिहरूको क्षमता विकास गर्नुका साथै बहु-प्रयोग, दिगोप्रयोग र मर्मत सम्भार सम्बन्धि प्रबिधि विकासको लागि नगरपालिकाले नीतिगत रुपमा ल्याएको खण्डमा उपभोक्ताहरूको पनि संस्थागत विकास हुने देखिन्छ। जसले समग्रमा एकीकृत जलस्रोत व्यवस्थापन गर्न सघाउ पुऱ्याउने देखिन्छ। यसका साथै सतही पानीका स्रोतहरूको संरक्षण र व्यवस्थापनका लागि मुहान, खोलानाला, नदी लगायतको पानीका स्रोतहरूको संरक्षण र व्यवस्थापन गर्नुपर्ने देखिन्छ। हाल नगरपालिकामा स्रोतजलस्रोतहरूको दिगो उपयोग र व्यवस्थापनका लागि नगरपालिकाले निर्माण गरेका जलस्रोत तथा मुहान दर्ता कार्यविधी २०७५, भुउपयोग कार्यविधि २०८०, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) २०७९ भुउपयोग कार्यविधि २०८०, स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ लाई आवश्यकता अनुसार थप बिशिष्टिकरण गरि जलस्रोत क्षेत्रको विकास, दिगोपना तथा विवेकपूर्ण उपयोग गर्न सकिन्छ। निर्माण भएका ऐन कानुनहरूको यथेष्ट कार्यान्वयन र आवश्यकतामा आधारित थप कानुन निर्माण र कार्यान्वयनका साथै आम नागरिकहरूलाई चेतनामुलक कार्यक्रम सहित क्षेत्रगत क्षमता विकास गर्नु पर्ने समेत आवश्यकता रहेको छ।।

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि नगरपालिका तथा वडास्तरका संयन्त्रहरू जस्तै; खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू लाई सक्रिय बनाउने, वातावरण तथा पर्यावरण

संरक्षणका लागि स्थानीय समुदायलाइ नै सक्रिय बनाउने र उनीहरूको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग गरी पर्यावरणको संरक्षणका साथै समुदायको जल, जंगल र जमिनसंग सम्बन्धित क्रियाकलापहरूको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरू प्राथमिकतामा रहनु आवश्यक हुन्छ ।

यसका साथै जलाधार क्षेत्रहरूको संरक्षण र बन तथा वातावरणको अति दोहन रोक्न सामुदायिक बन उपभोक्ता समूहहरूको क्षमता बिकासमा सहयोग पुरयाउदै आइरहेको छ। नगरपालिकाको हाता भित्रको वातावरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पुर्बाधारका कुनैपनि ठुला योजनाहरू निर्माण गर्नु भन्दा पहिले प्रारम्भिक वातावरणीय सर्वेक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था लागू गर्नु पर्ने आवश्यकता रहेको छ।

## ३.९. जलस्रोतमा बिबाद

नेपालको ग्रामिण भेगमा पानीका स्रोत वा मुहानको स्वामित्वलाई लिएर स्थानीय समुदायहरू विच र ब्यक्तिहरूविच समेत यदकदा विवाद हुने गरेको देखिन्छ । यसको अलावा समुदायमा सामाजिक, राजनीतिक वा आर्थिक कारणले गर्दा विभिन्न किसिमका मूल विवादहरू विद्यमान रहेका पाइन्छन् । यस्तो विवादले त्यस्ता स्रोतहरूमा आधारित योजनाहरूको तर्जुमा र तिनको कार्यान्वयनमा नकारात्मक प्रभाव पार्दछ। यस्ता बिवादहरूलाई योजना तर्जुमा अगाढी नै निराकरण गर्न जरुरी हुन्छ । यसै कुरालाई मध्यनजर गरी स्रोतहरू पहिचान गर्ने क्रममा नै तिनिहरूको स्वामित्व तथा उपयोगलाई लिएर विवाद भए नभएको एकिन गर्न पंञ्चपुरी नगरपालिका, सम्बन्धित वडा समिति तथा स्थानीय समुदायसंग विभिन्न चरणमा सघन छलफल गरिएको थियो । जल उपयोग गुरुयोजना तयारीको क्रममा प्राविधिक एबं सामाजिक विश्लेषण गर्दा स्थानीय समुदायको सहयोगमा नगरपालिकामा बिभिन्न चरणमा कुल ६०१ वटा मापन भएका पानीका स्रोतहरूमा जलस्रोत बिबाद बारे छलफल गरिएको थियो । स्रोत पहिचानको समयमा यी स्रोतहरूमा विवाद छ/छैन भनी एकिन गरिएको थियो । समुदाय स्तरमा पानीको उपभोग प्राथमिकता, आलोपालो सम्वन्धित सामान्य बिबाद हुने गरेका र स्थानीय स्तरमै समाधान हुने गरेको गुरुयोजना निर्माणका समय गरिएका छलफलबाट जानकारि प्राप्त भएको छ। नगरपालिका न्यायिक समितिमा स्रोत बिबाद सम्वन्धित कुनै पनि गुनासो नरहेको समिति सचिवालयले जनाएको छ। नगरपालिकामा यस गुरुयोजना निर्माण अवधि सम्म कुनै पनि स्रोतहरूमा विवाद रहको छैन। यस गुरुयोजनामा संलग्न सबै योजनाहरूमा बिवादरहित स्रोत वा मुहानलाई मात्रै उपयोग गरिएको छ ।

# अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना

## ४.१. नगरपालिकाको रणनीतिक प्राथमिकता

पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरुयोजनाको समीक्षा तथा समायोजन नगरकार्यपालिका, नगरका कर्मचारिहरूहरू लगायत सरोकारवालाहरूको सकृय सहभागितामा सम्पन्न गरिएको थियो। गुरुयोजनाको चरणबद्ध कार्यतालिका अनुसार नगरपालिकाका बस्तीहरूको यथार्थ अवस्था, विद्यमान स्रोत साधनहरूको सम्भावना तथा वर्तमानको आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजना निर्माण गरिएको छ । नगरपालिकाले गुरुयोजना निर्माण बर्षलाई आधार बर्ष मानी पञ्चबर्षीय योजना निर्माण गरेको छ, गुरुयोजनामाक्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरू निर्माण गरी गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने लक्ष्य कायम गरिएको छ । यस पंञ्चपुरी नगरपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरू तथा योजना प्राथमिकीकरणका आधारहरू योजना तर्जुमा गोष्ठी मार्फत तय गरेको छ। यस नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि दिगो बिकास लक्ष्य (सन् २०३०) अनुसार नेपाल सरकारको लक्ष्य पुरा गर्न निम्न अनुसारका परिकल्पनाहरू र रणनीतिहरू अवलम्बन गर्नेछ ।

### क्षेत्रगत परिकल्पना:

**खानेपानी तथा सरसफाइ क्षेत्र:**

**परिकल्पना:**

**"सफा स्वच्छ र प्रयाप्त खानेपानी पंञ्चपुरीको शान,**
**दिगो बिकासका लागि जल जंगल र वातावरण सुधार हाम्रो अभियान "**

**सिंचाइ तथा निकास क्षेत्र**

**परिकल्पना:**

**“तरकारी खेति र फलफुल खेती गरी उत्पादन बढाऔ,**
**सिंचाइ तथा आयआर्जन गरि समृद्ध न.पा. बनाऔ”**

**वातावरण तथा पर्यावरण क्षेत्र**

**परिकल्पना:**

**“वातावरण र जलधार क्षेत्र जोगाउने हाम्रो चाहाना,**
**हरियाली बनजंगल पंञ्चपुरीको गहना”**

## ४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन

पंञ्चपुरी नगरपालिकामा मुख्यजलाधार क्षेत्रको रुपमा रहेको कर्णाली नदी र उप-जलाधारको रुपमा रहेका अन्य खोला, नदीनाला र तालतलैयाको पानी कर्णाली नदीमा मिसिन्छ। पंञ्चपुरी नगरपालिकामा प्राय सवै जसो नदीघाटी तथा जलाधार क्षेत्रहरूको नजिकै वरिपरी मानिसको वस्ती रहेको पाईन्छ। नगरपालिकामा

समुदायका मानिसहरूले जीविकोर्पाजनको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरू जस्तै; सिंचाइ, माछापालन  आदिका लागि जलाधार तथा उप-जलाधार क्षेत्रहरूमा निर्भर हुदै आएका छन्। जलाधार तथा उप-जलाधार क्षेत्रमा रहेका समुदायहरूको जीविकोपार्जन र त्यस्तो क्षेत्रमा उपलव्ध हुदै आएको प्राकृतिक स्रोतहरूको विचमा गहिरो सम्वन्ध रहेको हुन्छ।

पंञ्चपुरी नगरपालिकाले जलाधार क्षेत्रमा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तमा आधारित जलउपयोग गुरुयोजना लागु गरी समग्र पर्यावरणको दिगोपनमा संझौता नगरिकन समन्यायिक तवरले आर्थिक-सामाजिक लगायत जल, जमिन तथा सम्बद्ध स्रोत साधनहरूको समन्वयात्मक विकास तथा व्यवस्थापन गर्ने नीति लिएको छ।

खानेपानी तथा सरसफाइमा पहुँचलाई संयुक्त राष्ट्रसंघले आधारभूत मानव अधिकारको रूपमा घोषणा गरेको र नेपालको संविधानले समेत आधारभूत मानव अधिकारको रूपमा आत्मसात गरेकोले यस नगरपालिकाले खानेपानी तथा सरसफाइलाई आधारभूत अधिकारको रूपमा सेवा विकास गर्ने नीति लिएको छ।

एकीकृत जलस्रोत व्यस्थापन लागु गर्नको लागि नगरपालिकाले जलउपयोग गुरुयोजनालाई एक औजारको रुपमा अवलम्वन गरेको छ। एकीकृत जलस्रोत व्यवस्थापनका डब्लिन सिद्धान्तहरू तथा  जलस्रोतको उपयोग एवं जलस्रोतहरूको संरक्षणका लागि बनेका जलस्रोत सम्बन्धि नेपाल सरकारका ऐन, कानून, नीति एवं योजनाहरूको परिपालना गर्दै पंञ्चपुरी नगरपालिकाको जलउपयोग गुरुयोजनाले यसका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न तपसिल अनुसारका नीति नियमको तर्जुमा तर्फ ध्यान दिनु पर्ने आवश्यकता रहेको छ।

- एकीकृत जलस्रोत व्यवस्थापन मार्फत योजना तर्जुमा
- योजना तर्जुमा, नीति निर्माण र कार्यान्वयनमा सबैको सहभागिता
- पानीको बहुउपयोगीता, विवेकपूर्ण उपयोग तथा उत्पादनशिल प्रयोग
- जलवायु परिवर्तन अनुकुलन र जोखिम व्यवस्थापनका लागि नीति तर्जुमा, सरोकारवालाहरूको क्षमता विकास र ठोस कार्यान्वयन
- पानीको पुनर्भरण, पुनर्धारण र पुनर्प्रयोग लगायत समुदायका मौलिक सिपहरूको उपयोग मार्फत पानीका स्रोतहरूको संरक्षण

समग्रमा एकिकृत जलस्रोत व्यवस्थापनका माध्यमले समग्र जलाधार क्षेत्रको समुचित र बिबेकपुर्ण विकास गर्न, जलाधार क्षेत्र भित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरूलाई एकीकृत एवं दिगोरुपमा बिकास गरी गरीबी न्यूनिकरण गर्न नगरपालिकाको बार्षिक योजना तर्जुमामा सरोकारवाला साझेदारहरू, समुदाय र जनप्रतिनिधीहरूले ठोस योजना निर्माण गरी कार्यान्यिन गर्नु पर्ने आवश्यकता रहेको र सो का लागि सबैको सहकार्य, साझेदारी र प्रतिबद्धता रहेको जलउपयोग गुरुयोजना निर्माणका क्रममा आयोजना गरिएका योजना तर्जुमा गोष्ठीहरूमा सरोकारवालाहरूको धारणा रहेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका लागि बिभिन्न क्रियाकलापहरू योजना तर्जुमा गोष्ठी मार्फत सहभागीहरूले नगरकार्यपालिकामा सिफारिस गरी गुरुयोजनामा प्राथमिकिकरण सहित समावेश गरेका छन्।

## ४.३. एक जल नीति तथा अवधारणा

स्थानीय स्तरमा जलस्रोतहरूको व्यवस्थापन गर्ने यो एकिकृत तथा समष्टिगत प्रारुप रुप हो । यो पानीको व्यापक, दिगो तथा बहुउपयोग गर्ने नविनतम अवधारणा हो । यो पानीको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग तथा जलचक्रको महत्व तथा मुल्यलाइ आत्मसाथ गर्दै जल उत्पन्न प्रकोप न्यूनीकरण, पानीको गुणस्तर सुधार गर्ने अवधारणाको रुपमा युएसएआइडी कर्णाली जल परियोजनाले  स्थानीय स्तरमा आवश्यक सहजिकरण र प्राबिधिक सहयोग सहित अवलम्बन गर्न लागेको हो । पानीको समतामुलक वितरण, आर्थिक तथा वातावरणीय सन्तुलन, सामाजिक मागको पुर्ति तथा जल सुरक्षणका लागि सामुहिक कार्यको अवधारणाको रुपमा एक जल नीतिलाई लिन सकिन्छ। पानीको वितरण, पानीको भूस्वरुप, खडेरी, जलवायू परिवर्तन, जनसंख्या बृद्धी, आर्थिक प्रणाली जस्ता सवालसंग संम्बन्धित रहेर गरीने दिगो प्रयास एक जल नीतिले समेटेको छ। । एक जल नीति अन्तरगत पानीको मुल देखि धारा हुदै जलाधार क्षेत्रमा उपलब्ध सवै किसिमका पानीका स्रोतहरू जस्तै सतह जल, भूमिगत जल, वर्षातको पानी तथा फोहर पानीको वातावरणीय, पर्यावरणीय सन्तुलन तथा सवै तहमा सुशासन कार्यान्वियन समेत प्राथमिकतामा रहेको छ। जलस्रोतमा संलग्न सवै साझेदारहरूको पहिचान गर्दै पानीको दिगोपना र सुरक्षित भविष्य कायम गर्न सकिन्छ साथै राजनैतिक तथा प्रशासनिक सिमानाको कारणले उत्पन्न हुन सक्ने जलस्रोत विवादहरूलाई दिगो व्यवस्थापन गर्न यो बलियो औजार हुन सक्छ । तसर्थ, यो अवधारणाले समस्ट पानीसंग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरू एक ठाउंमा ल्याएर समस्या र जोखिम सम्बन्धि छलफल गरेर फ्रेमवर्क तयार गरी योजनाबद्ध तरीकोले गआडि बढ्न मद्दत पुरयाउने देखिन्छ ।

एक जल अवधारण अवलम्बन निम्न प्रकार गर्न सकिन्छ ।

- समान लक्ष्य, उद्देश्य र कृयाकलापहरूको पहिचान गरी जल उपयोग तथा सुरक्षण गर्ने ।
- मुख्य कार्यान्वयनकर्ताहरूले खानेपानी सेवा, जलस्रोत व्यवस्थापनको नक्साँकन गरी आफ्नो भुमिकालाई सक्षम तथा परिणाममुखी बनाउने ।
- पानीको दिगो व्यवस्थापन गर्दा पर्यावरण, प्राकृतिक परिस्थीतिकीय प्रणाली, भौगोलिक तथा जल विज्ञान विषयलाई हरेक जलाधारमा आत्मसाथ गर्ने ।
- समुदायहरूको आर्थिक, वातावरणीय र आवश्यकताको परिपुर्ति गर्न सवै किसिमका जलस्रोतहरू जस्तै सतहगत पानी, भुमिगत पानी, वर्षातको पानी तथा फोहरपानीको मुल्य तथा महत्वलाइ आत्मसाथ गर्ने ।
- सम्पुर्ण जलसरोकारवालाहरूलाई एकआपससंग नेटवर्किगं गरेर जल (पानी) सुरक्षाको लागि एकिकृत समाधानका उपायहरू पहिचान गरी एकिकृत जलाधार व्यवस्थापन योजना तयार गर्ने ।

## ४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन

समुदायको अवस्था विश्लेषण गर्दा पानी संग सम्बन्धित क्रियाकलापहरूमा घरायसीस्तरमा महिलाहरू तथा जीविकोपार्जन वा उत्पादनशिल प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानीसंग बढी सरोकार हुने हुँदा जल उपयोग गुरुयोजनाको तयारी चरण देखि कार्यन्वयन तहसम्म महिला र त्यस्ता बर्गहरूको सहभागिता र नेतृत्व सुनिश्चित प्राथमिकताका साथ गरिन्छ । गुरुयोजनाले जलस्रोतहरूको उपभोग र बाँडफाँड, सुशासन र वित्तका पक्षहरूमा पहुँचमा सबैभन्दा ठूलो असमानताहरू अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्दै उमेर, लिंग, धर्म, जाति, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरू र त्यसबाट आधारभूत सेवाहरूको पहुँचमा पर्ने असरलाई कम गर्ने  र प्राथमिकता दिन सहयोग पुरयाउदछ । यस जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रकृयामा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यास मार्फत सुशासनको प्रवर्धन र लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण को सुनिश्चितता गराउन तपसिलका नीति लिईने छ।

पंञ्चपुरी नगरपालिका भित्र परम्परागत रुपमा रही आएको छाउपडी प्रथा अहिले पनि यथावत रहेको पाईन्छ। राज्यले यो प्रथालाइ निराकरण गर्नका लागि चालिएका कदमहरू, यस सम्बन्धि ऐन कानून र नीति भएपनि बालाबिबाह, छाउपडी, घरेलु हिँसा जस्ता कुरितिहरू कायम नै रहेको छन। नगरपालिकाले आवश्यक निती र कार्यविधि बनाएर जनाचेतनामुलक कार्यक्रम संचालन गरिरहेको छ तथापि पूर्णरुपले निर्मुल पार्न नसकिएको अवस्था छ।  यस नगरपालिकाको वडा न. १,७,१० र ११ मा अन्य वडाहरूमा भन्दा बढी कुरुतिहरू रहेको जलउपयोग गुरुयोजना निर्माणको पालिका स्तरिय गोष्ठीको नीतिगत सेसनमा छलफल गरिएको थियो। समाजमा बिद्यमान रहेका कुरितिहरूलाई निराकरणका लागी बिभिन्न सरोकारवाला निकायहरूसंगको समन्वयमा निरन्तर बिभिन्न कार्यहरू गर्ने नगरपालिकाले प्रतिवद्धता गरेको छ ।     नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई थप जोड दिदै समग्र जलस्रोत व्यवस्थापनमा तपसिलका नीति अवलम्बन गर्ने प्रतिवद्धता गरेको छ।

- नगरपालिकामा बजेट तथा कार्यक्रमहरू समिक्षा सरोकारवाला निकायहरूको सहभागितामा गरि  उक्त प्रकृयालाई थप लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाईने।
- नगरपालिकामा उपलब्ध बजेट स्रोत तथा जलस्रोत, सरसफाइ र स्वच्छतासित सम्बन्धित अन्य सूचना तथा जानकारीमा सबै उपभोक्ताहरूको थप पहुँचका लागि संचारमैत्री कार्यक्रमहरू सहित साझेदारी गर्ने।
- जलउपयोग गुरुयोजनालाई नगरपालिका भित्रका जलस्रोत , सरसफाइ र स्वच्छता लगायतका अन्यपानीका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरूको प्रमुख आधारको रुपमा लिईनेछ साथै साझेदार निकायहरूसंगको समन्वय र आन्तरिक स्रोत साधनको उपयोग सहित योजनाहरू कार्यान्वयन गर्दा जलउपयोग गुरुयोजनामा उल्लेखित प्राथमिकता अनुरुपनै गर्ने ।
- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा झै यसको कार्यान्वयनमा समेत महिलाहरूको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित

उपभोक्ताहरूको सकृय सहभागिताका लागी निरन्तर समन्वय गर्ने साथै। योजनाहरूको निर्माण, सञ्चालन तथा मर्मत सम्भार उपभोक्ता समितिको प्रत्यक्ष संलग्नता र सकृयतामा गर्न आवश्यक पहल गर्ने ।

- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिदै महिलाहरूको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरू समावेश गरिनेछ ।
- सवै उपभोक्ता समितिहरूमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिलाहरूको समान तथा बिभिन्न जात जातीहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । समितिका प्रमुख पदहरूमा समेत महिलाहरूको कम्तिमा ५०%, सामाजिक बिभेदमा परेका जात जातीहरूको समानुपातिक प्रतिनिधित्व अनिवार्य गर्राईने।
- जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक बिभेदमा परेका जात जातीहरूको क्षमता अभिबृद्धीका लागि बिशेष पहल गर्ने नीति लिईने साथै उनीहरूलाई नै लक्षित गरेर बिभिन्न क्षमता बिकास क्रियाकलापहरू सञ्चालनमा जोड दिईने छ। क्षमता विकासका कृयाकलापहरूको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिनुपर्नेछ ।
- स्रोत र साधनले भ्याए सम्म यस अन्तरगत निर्माण गरिने सबै भौतिक संरचनाहरूलाई महिला, बालबालिका, अपाङ्ग र बृद्ध मैत्री बनाइनेछन। मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका आवश्यकिय संरचनाहरू महिलाहरूको महिनावारी स्वच्छता व्यवस्थापनलाई सहज हुने किसिमले गर्नुका साथै घरायसी कार्य बोझ न्यूनिकरण र समय बचत हुनेगरी निर्माण गर्न तर्फ आवश्यक समन्वय गर्ने।
- खानेपानी सरसफाइ र स्वच्छता अवस्था कमजोर रहेका क्षेत्रलाई उपर्युक्त योजना तथा कार्यक्रमहरू सहित प्राथमिकता दिईने साथै अति-गरीब र पछाडि पारिएका वर्गहरूको उच्च जनसंख्या भएको क्षेत्रलाई क्षमता विकास लगायत सरसफाइ/स्वच्छता कार्यक्रमहरू संचालन गर्न प्राथमिकतामा राखिनेछ।
- खानेपानीको धारा, शौचालय निर्माण, ढल जडान गर्दा आवश्यक पर्ने लागतमा गरिब तथा सीमान्तकृत परिवारलाई सहुलियत दिइनेछ ।
- कठिन परिस्थिति र विशेष अवस्थाका कारण पानीको महसुल तिर्न नसक्ने गरिब तथा सीमान्तकृत समुदायलाई पानीको महसुलमा अनुदान वा छुट दिइनेछ ।
- ग्रामीण मर्मत सम्भार कार्यकर्ता र शौचालय निर्माणकर्ता छनोटको मापदण्ड महिला, गरीब र बहिष्कृत वर्ग मैत्री बनाउन साझेदारहरू सहित कार्यान्वयन गर्ने।
- महिला, गरिब र बहिष्कृतका मुद्दाहरूलाई सम्बोधन गर्न खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका लागि सम्झौता तयार गर्दा आवश्यक अनिवार्य शर्तहरू समेत राखि कार्यान्यिन गर्न पहल गर्ने ।
- अनुगमन समुहमा महिला, बालबालिका, गरिब तथा बहिष्करणमा परेका समुहहरूको सहभागिता सुनिश्चित गर्ने ।
- सार्वजनिक लेखापरीक्षण गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमुद्दाहरू छलफल गरि आवश्यक सुधारका लागी पहल गर्ने।
- यस गुरुयोजना अर्न्तगत निर्माण गरिने सबै योजनाहरूमा सुशासन नीति अगाल्दै अनिवार्य रुपमा सार्वजनिक सुनवाई, सार्वजनिक समिक्षा र सार्वजनिक परिक्षण गरिनेछन । यी सबैमा कार्यहरूमा आम उपभोक्ता र

सेवा प्रदायक बिचको अन्तरकृया र संवादलाई बिशेष जोड दिइनेछ । परियोजनाहरूका भौतिक संरचनाहरू र तिनले प्रदान गर्ने सेवाको गुणस्तर र दिगोपनाको लागि उक्त योजना कार्यान्वयन गर्ने संस्था पुर्णरुपमा जवाफदेहि हुनेछ ।

## ४.५. पानीको उत्पादनशिल प्रयोग

पानी मानव स्वास्थ्य तथा समुदाय विकासका लागी निकै नै महत्वपूर्ण, प्राकृतिक तथा नविकरण स्रोतको रहेको छ। पानीको व्यवस्थीत तथा वैज्ञानिक प्रयोगबाट स्थानीय समुदाय तथा राज्यकै आर्थिक अवस्था सुधार गर्न सकिन्छ । यस नगरपालिकामा उपलब्ध जलस्रोतको उपयोगलाइ विविधिकारण गरी खानेपानीसंगै सिंचाइ, पानी मिल तथा विद्युत उत्पादन गरी भान्सामा प्रयोग हुने दाउरा तथा ग्याँसको विकल्पको रुपमा प्रयोग गर्न सकिन्छ । नगरक्षेत्रमा रहेका कर्णाली तथा भेरी नदीलाइ र्याफ्टींग तथा जलयातायातको साधनको रुपमा उपयोग गर्नका साथै जल पर्यटन, माछापालन, सिंचाइ र उत्पादन, तथा पानीको प्रशोधन गरी सुरक्षित पिउने पानीको उत्पादन तथा निकासी गरी व्यवसायको प्रवर्धन गर्ने प्रचुर संभाव्यता पंञ्चपुरी नगरपालिकामा रहेको छ। पानीको प्रयोगलाई उत्पादनसंग जोड्ने, पानीको पुन प्रयोग तथा बहुउपयोगको संभाव्यता अध्ययन गर्ने, पानीको प्रयोगलाई व्यवसाय तथा आम्दानी जोड्ने र पानी निशुल्क नभै पहुँच योग्य तथा धान्न सकिने बस्तुको रुपमा अंगिकार गर्न आर्थिक सवलिकरणका लागी आवश्यक रहेको गुरुयोजना निर्माणका क्रममा समेत महशुष गरिएको छ । नगरपालिकाले समग्र जलस्रोत र जलाधार विकास तथा दिगोपनाका लागी थप अध्ययन तथा अनुसन्धान गर्ने, पानीको बहुउपयोगी, बहुउद्देश्य तथा पानी सम्बन्धि एकिकृत योजनाहरूको विस्तृत प्रारुप निर्माण सहित विकास निर्माण कार्यहरूलाई व्यवस्थित गर्नुपर्ने आवश्कता रहेको छ ।

पानीलाई खानेपानी प्रयोजनका लागि मात्रै प्रयोग गर्ने र संस्थागत र दिगो विकासका लागि ध्यान नदिदा समुदायमा योजनाहरू डिजाइन अवधिसम्म संचालनमा राखीराख्न समस्या रहेको स्थिति बिद्यमान छ। योजनाहरूमा पानी उपयोग बाफतको शुल्क उठाउने र उठेको रकमबाट योजनामा हुन आउने बिभिन्न स-साना मर्मत कार्यहरूमा उपयोग गर्न सकिए योजनाहरूको संचालनलाई सहज र दिगो बनाउन सकिन्छ। नगरपालिकामा गरिएका प्राबिधिक र सामाजिक सर्बेक्षणमा गरिएका छलफलमा पानी शुल्क उठाउने र योजनाहरूको उपभोक्ता स्तरबाटै स्वस्फुर्त समयानुकुल मर्मत सभ्भार गर्ने गरेको निकै नै कम अभ्यास छन् । पानीको उपभोगमा पुस्तान्तरण गर्न र दिगो योजनाका लागी संस्थापन व्यवस्थापन, मर्मत सम्भार कोष, पानी शुल्क लगायत पारदर्शि सयन्त्र स्थापना र समाबेशीताका सिद्धान्त अवलम्बन गर्नु आवश्यक देखिन्छ। पानीको उत्पादनसिल प्रयोग मार्फत समुदायको आयआर्जन बृद्धी गर्न सकिए कोष उठाउन र योजनाहरूको मर्मत सम्भार समय गरीपानीको उपभोग दिगो र निरन्तर गर्न सकिन्छ।

समुदायमा पानीको बहु-उपयोग मार्फत उत्पादनशील क्षेत्रहरूमा प्रयोग गर्ने, धाराबाट खेरजाने पानी करेशाबारी तथा तरकारी खेतीमा प्रयोग गर्ने, स्रोतहरू उपलब्ध हुने समुदाय तथा बस्तीहरूमा पानीको बहु-उपयोग गर्ने नीति अपनाई खानेपानी संगै आधुनिक सिंचाइका योजनाहरूको पनि कार्यान्वयन गर्ने तर्फ नगरपालिकाले नीति तर्जुमा गरी कार्यान्वयनमा जानु दिगो योजना कार्यान्वयनका लागि आवश्यक छ । खेरजाने पानीले समुदायको वातावरणलाई फोहोर तुल्याउनका साथै विभिन्न रोगहरू/महामारीहरू समेत निम्त्याउन सक्ने, लामखुट्टे, झिंगा जस्ता किराहरूको प्रकोप बढ्ने हुदा त्यसको उचित व्यवस्थापन गरिने नीति अवलम्बन

सहित पानीको प्रयोग मार्फत आयआर्जनका अवसरहरू श्रृजना गर्ने र समुदायले पानीको उपयोग बाफतको शुल्क संकलन गरी पानीका योजना तथा स्रोतहरू संरक्षणमा लगानी गर्ने, स-साना आर्थिक स्रोतहरूका लागि बाह्य स्रोत र परनिर्भरता हटाउन पानीलाई उत्पादनशिल प्रयोग गर्नु आवश्यक देखिन्छ। जलउपयोग निर्माणका क्रममा पंञ्चपुरी नगरपालिका भित्र पानीको उत्पादनशिल प्रयोग गर्न सक्ने अवस्था पर्याप्त रहेका र पानीको बहुउपयोगीता तथा दिगो संस्थागत व्यवस्थापकिय पक्षमा जोड दिनु पर्ने सरोकारवालाहरूको बुझाई रहेको छ।

## ४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरू

यस नगरपालिकामा बिद्यमान प्रविधिहरूको विश्लेषण गर्दा निम्न प्रबिधिहरू प्रयोगमा रहेको र प्रयोगमा ल्याउन सकिने सम्भावना देखिएको छ । जलस्रोतहरूको दिगो उपयोगका लागी तल उल्लेखित प्रविधि बिकल्पहरू गुरुयोजनाको सर्वेक्षणले सुझाएको छ।

तालिका- २६: नगरपालिकामा जलस्रोत उपयोगका लागी सुझाइएका प्रविधि विकल्पहरू

| क्र. सं | खानेपानी | सिंचाइ | जल उर्जा | पानी घट्ट/अन्य |
|---|---|---|---|---|
| १ | ग्राभिटी | नहर/कुलो सिचाइ | पेल्ट्रिक सेट | परम्परागत |
| २ | पम्पिङ लिफ्टिङ्ग (सोलार÷बिधुतीय) | लघु सिंचाइ प्रबिधिहरू: छोटो दुरीका कच्ची कुलो वा सानो दुरीका पाईप सिंचाइ | माइक्रो हाइड्रो (लघु जलबिधुत) | सुधारिएका (बिधुत उत्पादन सहितको बिकल्प) |
| ३ | बहुउपयोगी | स-साना पोखरी | मेगा हाइड्रो (विधुत ग्रिड प्रणाली) | जल क्रिडा स्थल |
| ४ | बर्षातको पानी संकलन | फिरफिरे, थोपा | | माछा पालन |

जलवायु परिबर्तन लगायत प्रकृतिमा हुदै गईरहेको असन्तुलनले गर्दा पानीका स्रोतहरूमा पानीको बहाव कम हुदै गईरहेको तथा बर्षातको समयमा अतिवृष्टि हुदा पहिरो जाने, बस्तीहरू बाढी डुबानमा पर्ने समस्याहरू दिनानुदिन बढ्दै गरिरहेका छन् । त्यसकारण जलस्रोतको समुचित र दिगो उपयोगका लागि विभिन्न बिकल्प तथा प्रविधिहरू आवश्यक पर्ने हुदा यस पंञ्चपुरी नगरपालिकाका लागि थप आवश्यक सुझावहरू निम्न अनुसार रहेका छन् ।

- पंञ्चपुरी नगरपालिकामा खानेपानीको मुख्य स्रोत मूल, कुवा, नदी नाला जस्ता जलस्रोत रहेको र पानीमा विभिन्न रासायनिक तथा जैविक प्रदुषण हुने भएकोले सबै खानेपानी योजनाहरूमा पानी सुरक्षा योजना निर्माण गरी लागु गर्न आवश्यक देखिन्छ ।
- बर्षातको समयमा नगरपालिका बस्तीहरूमा पहिरो वा भू-क्षय, भल बग्ने हुदा त्यस्तो बेलाका लागि चर्पीको स्याल्याब जमिन भन्दा माथि उठाएर निर्माण गर्ने, जसले गर्दा धेरै बर्षात भएको समयमा समेत सरसफाइ कायम राख्न सकिन्छ।
- ब्यवस्थित खानेपानी योजनाबाट खानेपानी आपूर्ति गर्न पानी सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्न सकिन्छ ।

- विद्यमान, निर्माणाधिन र नयाँ निर्माण हुने सिंचाइ योजनाहरूबाट पनि सिंचित हुन नसक्ने खेतीयोग्य भू-भागहरूमा नजिकको खोला/नदीबाट पानी तान्ने प्रबिधिहरू अंगाल्न सकिने देखिन्छ ।
- बाढी पहिरोको बेला बस्ती/घरहरू डुबान परेको खण्डमा सामुहिक आवासका लागि सेफ हावस अथवा सुरक्षित आश्रयस्थल हरू निर्माण गर्न सकिने देखिन्छ ।

## ४.७. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू (CBRT)

खानेपानीका योजनाहरूको वडा र नगरपालिकास्तरमा प्राथमिकीकरणका लागि युएसएआइडी कर्णाली जल परियोजनाले मापदण्डमा आधारित प्राथमिकीकरणका औजारहरू (CBRT tools) को प्रयोग गरिन्छ। जलउपयोग गुरुयोजनाका खानेपानी क्षेत्रका योजना प्राथमिकिकरणमा प्रयोग भएको यो औजारको प्रयोग गर्न निकै सहज, योजना तर्जुमा र प्राथमिकीकरणमा हुने बिवाद न्युनिकरणमा सहयोगी रहेको, गरिब बिपन्न र पछाडी पारिएका बर्ग/ खानेपानीको पँहुच नपुगेका (सेवा बिहिन), भौगौलिक कठिनाई भएका क्षेत्र/ समुदायहरूलाई प्राथमिकता दिने, सेवाकेन्द्र लगायत बस्ती घनत्व भएको स्थान बिशेषका योजनाको माग सम्बोधन गर्नका साथै समतामुलक ढंगबाट माग सम्बोधन गर्न अत्यन्तै महत्वपूर्ण रहेको योजना तर्जुमा गोष्ठीका सहभागीहरूको प्रतिक्रिया रहेको थियो।

मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू र सूचकहरूको विवरण तलको तालिका-२४ र २५ मा प्रस्तुत गरिएको छ।

तालिका- २७: मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (खानेपानी नयाँ योजना)

| क्र. सं | सूचक | | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायरा: ६ - ३६) |
|---|---|---|---|---|---|---|
| **क)आधारभूत खानेपानी सेवाको पहुँचमा समुदायको स्थिति** | | | | | **१३** | **(अङ्क दायरा: ४ - १३)** |
| १ | सेवा दिइने जनसंख्याको बिबरण | *गरिब घरधुरि (%)* | >=५०% | ३ | ३ | बढी जनसंख्या भएका समुदायको लागि प्राथमिकता (उच्च जनसंख्या घनत्व) |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| | | *लैङ्गिक समानता लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| | | *सामाजिक समावेशीकरण लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | भौगोलिक कठिनाइमा रहेको समुदाय | >=५घण्टा | ३ | ३ | भौगोलिक कठिनाइमा रहेको समुदायको लागि प्राथमिकता |
| | | >=२घण्टा<५घण्टा | २ | | |
| | | <२घण्टा | १ | | |
| ३ | विद्यालय तथा स्वास्थ संस्थाकोअवस्थिति | छ | १ | १ | बिध्यालय तथा स्वस्थ्य संस्था भएका समुदायलाई प्राथमिकता |
| | | छैन | ० | | |
| **ख) समुदायमा विद्यमान खानेपानी सेवाको अवस्था (सेवास्तर)** | | | | **१८** | **(अङ्क दायरा: ० - १८)** |
| क्र. स. | सूचक | घरधुरी (%) | अंक भार | | |
| १ | सेवा विहिन तथा असुरक्षित खानेपानी सेवा उपभोगगर्ने घरधुरी | १००% | ३ | १८ | उच्च प्रतिशत, उच्च प्राथमिकता हुनेछ |
| २ | सीमित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | ०% | २ | | |
| ३ | आधारभूत खानेपानी सेवाको पहुंचमा रहेकोघरधुरी | ०% | १ | | |
| ४ | सुरक्षित रूपमा व्यवस्थित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | ०% | ० | | प्रतिशत कम, उच्च प्राथमिकता हुनेछ |
| **ग) समुदायमा लगानी मैत्री वातावरणको अवस्था** | | | | **५** | **(अङ्क दायरा: २ - ५)** |
| १ | स्थानीय सरकार (LG) द्वारा जलउपयोग गुरुयोजना अथवा खानेपानी सरसफाइ तथा स्वच्छता योजना अथवा पालिकाको वार्षिक योजनामा प्राथमिकता निर्धारण गरिएको योजना | बजेट विनियोजन भैसकेको | ३ | ३ | स्थानीय तहले पहिचान तथा प्राथमिकिकरण गरिएको खानेपानी योजन अथवा आवधिक योजनामा समाबेस गरिएको |
| | | बजेट विनियोजनको प्रतिवद्धता गरेको | २ | | |
| | | छैन | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | योजना उच्च प्राथमिकताहुनेछ |
| २ | खानेपानी योजनामा लागत साझेदारीको सम्भावना (खानेपानी योजनामा योगदान र मर्मत गर्न स्थानीय निकाय र सरोकारवालाहरूको इच्छा, तत्परता र प्रतिवद्धता) | छ | २ | २ | स्थानीय सरकार /साझेदारहरू र उपभोक्ता सँग लागत साझेदारीको सम्भावना उच्च राहेको योजनाउच्च प्राथमिकता हुनेछ |
| | | छैन | १ | | |
| **जम्मा अंक** (माथिका ३ सूचकहरूको जम्मा - क, ख र ग) | | | | **३६** | |

तालिका- २८: मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (खानेपानी मर्मत सम्भार पुन:निर्माण योजना)

| क्र.सं | सूचक | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायरा: ९ - २८) |
|---|---|---|---|---|---|
| **योजनाको भौतिक अवस्था** | | | | **२१** | **(अङ्क दायरा: ६ - २१)** |
| १ | पानीको उपलब्धता | वर्ष भरी | १ | ३ | पानीको उपलब्धता कमरहेको समुदायको लागिप्राथमिकता |
| | | >११महिना | २ | | |
| | | ≤११महिना | ३ | | |
| २ | योजना सम्पन्न बर्ष | ≤५वर्ष | १ | ३ | पुरानो योजना रहेको समुदायको लागि प्राथमिकता |
| | | >५वर्ष देखि ≤१०वर्ष | २ | | |
| | | >१०वर्ष | ३ | | |
| ३ | विद्यमान खानेपानी योजनाका भौतिक संरचनाको संचालन अवस्था | >७५% | १ | ४ | भौतिक संरचनाको संचालनअवस्था नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | >५०% <७५% | २ | | |
| | | >२५% <५0% | ३ | | |
| | | <२५% | ४ | | |
| ४ | | ≤५घरधुरी | १ | ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | घरधुरी र सन्चालनमा रहेका धाराकोआनुपत | ५-१०घरधुरी | २ | | घरधुरी र सन्चालनमा रहेका धाराको आनुपत उच्चरहेको समुदायकोलागि प्राथमिकता |
| | | >१० घरधुरी | ३ | | |
| ५ | समुदायमा उपलब्ध पानीकोमात्रा | ≤६५लि/से | १ | ३ | हाल सन्चालनमा रहेकोधारामा पानीको बहाव (लि/से) कम रहेको समुदायको लागि प्राथमिकता |
| | | ६६-१०० लि/से | २ | | |
| | | >१०० लि/से | ३ | | |
| ६ | उपलब्ध पानीको गुणस्तर | सधै राम्रो | १ | ३ | समुदायमा उपलब्ध पानीको गुणस्तर नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | प्राय राम्रो | २ | | |
| | | प्राय नराम्रो | ३ | | |
| ७ | पानीको चुहावट | छैन | ० | २ | संरचना तथा पाईपप्रणालीमा चुहावट उच्चरहेको समुदायकोलागि प्राथमिकता |
| | | छ | २ | | |
| **विद्यमान खानेपानी योजनामा उपभोक्ता समितिको अवस्था** | | | | **७** | **(अङ्क दायरा: ३ - ७)** |
| १ | विद्यमान समयमा खानेपानी योजनामाउपभोक्ता समितिको उपलब्धता | छ | २ | २ | विद्यमानसमयमा खानेपानी योजनामा उपभोक्ता समितिको उपलब्ध रहेको समुदायको लागिप्राथमिकता |
| | | छैन | १ | | |
| २ | विद्यमान समयमा मर्मत सम्भारकार्यकर्ताको उपलब्धता | छ | २.५ | २.५ | विद्यमान समयमा मर्मत सम्भार कार्यकर्ताको उपलब्ध रहेको समुदायको लागि प्राथमिकता |
| | | छैन | १ | | |
| ३ | विद्यमान समयमा पानी महसुलकोव्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको | छ | २.५ | २.५ | विद्यमानसमयमा पानी महसुलको व्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको समुदायको लागिप्राथमिकता |
| | | छैन | १ | | |

तालिका- २९: मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (सिंचाइ योजना)

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | प्रति घरधुरी लागत | ३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |
| २ | समुदायमा आयआर्जन/उत्पादनमुखी क्रियाकलापहरू संचालनको अवस्था | ३ | उत्पादनमुखी खेती गरिरहेको र बजार केन्द्र सम्म सहज पहुँच रहेको समुदायलाई धेरै अंक |
| ३ | योजनाबाट सिंचित हुने क्षेत्रफल | ३ | धेरै क्षेत्रफललाई धेरै अंक |
| ४ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ५ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सुचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरिब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | १५ | कुल बढी अंकलाई प्राथमिकता |

तालिका- ३०: मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (बहुउपयोगी योजना)

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी सहितको बहु उपयोगी योजनालाई प्राथमिकता | २ | खानेपानी सहितको बहु उपयोगी योजना:२, अन्य:१ |
| २ | प्रति घरधुरी लागत | ३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |
| ३ | समुदायमा आयआर्जन/उत्पादनमुखी क्रियाकलापहरू संचालनको अवस्था | ३ | उत्पादनमुखी खेती गरिरहेको र बजार केन्द्र सम्म सहज पहुँच रहेको समुदायलाई धेरै अंक |
| ४ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ५ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सुचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरिब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | १४ | कुल बढी अंकलाई प्राथमिकता |

तालिका- ३१: मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (वातावरण/पर्यावरण तथा स्रोत संरक्षण योजना)

| **क्र.सं.** | **मुख्य सूचक** | **अंक भार** | **कैफियत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | बृक्षारोपण, भूक्षय ब्यवस्थापनका लागी बायो ईन्जिनियरिङ लगायतका कार्यहरूलाई प्राथमिकता | ३ | बृक्षारोपण, बायोईन्जिनियरिङ्ग, मुल संरक्षण: ३ तटबन्धन, पहिरो नियन्त्रण, कटान नियन्त्रण:२ अन्य:१ |
| २ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ३ | बसोबास गर्ने घरधुरीहरूलाई बिस्तापनबाट बचाउन सहयोग गर्ने योजना | २ | प्रत्यक्ष सहयोग गर्ने : २, सहयोग गर्ने : १ |
| ४ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सुचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरिब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | ११ | कुल बढी अंकलाई प्राथमिकता |

तालिका- ३२: मापदण्डमा आधारित प्राथमिकिकरण सुचक (पानी घट्ट योजना)

| क्र.सं. | मुख्य सूचक | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | घट्टको आधारभुत पुर्वाधार रहेको र पेनस्टक पाईप, रोटर आदी मात्र परिवर्तन गरि सुधार गर्नु पर्ने योजना | ३ | घट्ट घर लगायतका संरचना रहेको:३<br>घट्ट घर आदी मर्मत गरि संचालन गर्नु पर्ने:२<br>नयाँ बनाउनु पर्ने:१ |
| २ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | महिला तथा लक्षीत समुदायको समय बचत गराउने खालको योजना:३, आंशिक:२, ठिकै:१ |
| ३ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सुचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरिब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | ९ | कुल बढी अंकलाई प्राथमिकता |

*स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना*

## ४.८. स्रोत संरक्षण

यस नगरपालिकाको कुल भूभाग ६,५८,१८० रोपनी क्षेत्रफलमा फैलिएको छ । यस मध्ये करिब २०.७२ प्रतिशत खेती योग्य भुभाग रहेको छ । नगरपालिका क्षेत्र उर्वर खेती योग्य जमिन, वनजंगल, झाडीहरू, जलक्षेत्र तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । यस नगरपालिका क्षेत्रमा कृषि कार्यका लागि उपयोग गरिएको कूल जमिन १,३६,४०० रोपनी रहेको देखिन्छ । बिश्वव्यापी रुपमा रहेको जलवायु परिवर्तनको दिन प्रतिदिनको असरहरू, जनसंख्या बृद्धिदर, खेतीपाती, तिब्र रुपमा सडक लगायतका निर्माण गतिविधिहरू तथा पशुपालनका कारण वनजंगल क्षेत्र बढी फाडानी भइराखेको छ भने अर्कोतर्फ नगरपालिका क्षेत्रमा नदी कटान, बर्सातको भल, बाडी र पहिरोहरूका कारणले गर्दा वातावरणमा असर गरेको

छ । गुरुयोजना सर्वेक्षणमा गरिएका छलफलका आधारमा वातावरणीय संरक्षण र पर्यावरण क्षेत्र नगरपालिकाको निति तथा कार्यक्रममा कम प्राथमिकतामा परेको जस्तो देखिन्छ साथै यस क्षेत्रमा बिद्यमानमा समेत व्यवस्थित योजनाहरू बन्न सकेका छैनन्। नगरपालिकामा खोल्सी नियन्त्रण, पहिरो नियन्त्रण जस्ता स-सानो योजना तथा क्रियाकलापहरू संचालन भए पनि व्यवस्थित रुपमा एकद्वार प्रणालीमा संचालन गर्न सकिएको पाईदैन। पानीका स्रोत संरक्षण तथा परम्परागत कुवा संरक्षणमा भने नगरपालिकामा उल्लेख्य कार्यहरू भएको पाईन्छ।

खानेपानीका स्रोतहरू जलवायु परिवर्तन तथा मानवद्वारा निर्माण भईरहेका बिभिन्न पूर्वाधारजन्य गतिविधिहरूले गर्दा सुक्दै र हराउदै गईरहेका बिभिन्न सर्वेक्षणले पाईएको छ भने  बढ्दो जनसंख्या, शहर केन्द्रित जनघनत्व, नयाँ प्रबिधि र जिवनशैली, उद्योग धन्दा आदि कारणहरूले समुदायमा पानीको माग बढ्दै गईरहेको छ। समुदायको बढ्दो पानीको माग, पर्यावरणको संरक्षण र सुक्दै तथा हराउदै गईरहेका स्रोतहरू बिचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरूका साथै प्रयोग नभएका स्रोतहरूको पनि उचित संरक्षण र व्यवस्थापन हुन अति आवश्यक छ। यसका लागि स्रोतहरूको वरिपरि खुला चरिचरण नगर्ने/नगराउने, पानीका स्रोतहरूको वरिपरी घेरबार गर्ने तथा फोहर हुन बाट बचाउने जस्ता क्रियाकलापहरू पर्दछन्। त्यसैगरि पानीका सुक्दै गइरहेका स्रोतहरूको संरक्षणका लागि बर्षातको पानीलाई जमिन भित्र पठाउने खाडल (Recharge Pits), स्रोतहरूको माथि पुनर्भरण पोखरीका साथै समथर भूभागमा त्यहाँ रहेका प्राकृतिक तालतलैयाको संरक्षणका साथै पानीको स्रोतहरू वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरूको वृक्षारोपण आदि गर्न सकिन्छ।

नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा भएको छलफलमा खुला चरिचरनलाई, आगलागी, जंगल फडानी आदिलाई निरुत्साहित पार्ने, योजनाबद्ध विकास निर्माण योजनाहरू थाल्ने साथै स्रोत संरक्षणमा समुदायको अगुवाई सुनिश्चित गरी जलाधारहरू बिच बिवाद समाधान सहित क्षमता अभिबृद्धी र बिबेकपुर्ण उपयोगको वातावरण निर्माण, सामुदायिक  बनक्षेत्रहरूलाई बिस्तार र संरक्षण/सम्बर्द्धनमा टेवा पुऱ्याउने, नदी कटान, भु-क्षयीकरण, ढुंगा गिट्टी बालुवा आदिको नियमन उत्खनन र प्रयोग, पूर्वाधार निर्माण गर्दा स्रोतलाई असर नपर्ने र वातावरणमैत्री संरचना निर्माण साथै पानीका स्रोत नजिक संरचना निर्माण गर्दा बायो ईन्जिनियरिङका बिकल्प सहित संरचना निर्माण गर्ने, प्राकृतिक अवस्थालाई कायम, संरक्षण र प्रवर्धन गर्ने, नगरपालिका स्तरमा संरक्षणका ठोस नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ। यसै गरी निर्माण नियमन जस्ता बिषयहरूमा बिज्ञहरूको सल्लाह परामर्स सहित नीति तर्जुमा, समुदायको क्षमता अभिबृद्धी गर्न सूचना/शिक्षा/संचार सामग्रीहरूको प्रकाशन र वितरण आदि सम्वन्धि आवश्यक कानून बनाई नगरपालिकाको बार्षिक योजना मार्फत कार्यक्रमहरू संचालन गर्ने बारेमा छलफल भएको थियो । त्यसैगरि प्राकृतिक रुपमा बिद्यमान रहेका ताल तलैयाहरूको संरक्षण, जल पर्यटन प्रवर्धनका साथै पानीको स्रोतहरू वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरूको वृक्षारोपण, जलाधार क्षेत्र भित्र समुदायहरूमा स्रोत संरक्षण र विवेकपूर्ण उपयोगका लागि सहभागितात्मक योजना तर्जुमा गर्ने बिषयमा समेत पंञ्चपुरी नगरपालिकाका सरोकारवाला प्रतिवद्ध रहेका छन्।

# अध्याय-५ : जलउपयोग गुरुयोजना

## ५.१. अन्तर विश्लेषण

### खानेपानी, सरसफाइ तथा स्वच्छता

पंञ्चपुरी नगरपालिकामा हालसम्म ८ वटा खानेपानी योजनाहरू विद्यमान योजनाको रुपमा रहेका छन् । जसबाट नगरपालिकाको कूल घरधुरी ८,१३६ मध्ये २,३६६ घरधुरीहरू लाभान्वित भएको देखिन्छ। नगरपालिकामा गुरुयोजना तथ्याङ्क संकलनका समय सम्म २४ वटा खानेपानी योजनाहरू निर्माणाधीन अवस्थामा रहेका छन् । निर्माणाधीन योजनाहरूबाट ४,८४५ घरधुरीहरू लाभान्वित हुने देखिन्छ। यसरी समग्रमा विद्यमान योजनाहरू र निर्माणाधीन योजनाहरूबाट नगरपालिकाको कुल घरधुरीको करिब ८९% घरधुरीहरूमा निर्माणाधीन योजनाहरू सम्पन्न हुँदा व्यवस्थित योजनाबाट खानेपानी सेवा आपूर्ति हुने देखिन्छ। हालसम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन योजनाहरू सबै उपभोक्ता समितिबाट संचालन र व्यवस्थापन

भईरहेका छन्। योजनाहरूको मर्मत सम्भार र व्यवस्थापन राम्रो ढंगबाट हुन नसकेकोले सबै खानेपानी योजनाहरूबाट आधारभूत खानेपानी सेवा समेत आपूर्ति हुन सकेको छैन।

संचालनमा आएका खानेपानी योजनाहरू मध्ये ७५ वटा सामुदायिक धारायुक्त र १३११ वटा निजिधारा युक्त रहेका छन् । सवै योजनामा गरी कुल १३८६ वटा (७५ सामुदायिक धारा, २१ वटा संस्थागत धारा तथा १२९० वटा निजि धारा) धारा मार्फत २३६६ घरधुरीहरूले पानी प्राप्त गरेको पाईन्छ। । कुल जडान भएका धाराहरू मध्ये १.६ प्रतिशत धाराहरू समुदायको लागि तथा ९८.४ प्रतिशत धाराहरू संस्थागत रहेका छन् । खानेपानी प्रणाली मार्फत सेवा प्राप्त गर्ने घरधुरीहरू मध्ये १६% घरधुरीले (१२८४ घरधुरीले ) सुरक्षित वा व्यवस्थित सेवा प्राप्त गरेका छन् । १९% घरधुरीले (१५५१ घरधुरीले आधारभुत सेवा), ३६% (२९६६ घरधुरीले ) घरधुरीले सिमित सेवा (सिधै पानीको उपभोग वा निजि प्रणाली वा अव्यवस्थित योजना) तथा २९ प्रतिशत घरधुरी (२३३५ घरधुरी) सेवाबाट वञ्चित रहेको देखिन्छ । कुल संचालनमा रहेका खानेपानी योजनाहरू मध्ये ३४% पूर्णरुपले चलेका, २९% ठुलो किसिमको मर्मत तथा ३६% योजनाहरू सामान्य मर्मत संभार गर्नुपर्ने किसिमका देखिन्छन् ।

विद्यमान ८ वटा खानेपानी तथा सरसफाइ योजनामा १२ (०.१५%) वटा स्रोतहरूको प्रयोग भएको देखिन्छ भने १००% योजनाहरू दर्ता भएका छन् । यसैगरी केहि योजनाहरूमा मात्र मर्मतसंभार कोष रहेको छ भने १००% योजनामा खानेपानी समितीको नाममा खाता भएको देखिन्छ जसले उपभोक्ता समिति तथा योजनाको दिगोपनाको अवस्था झल्काउँछ। नगरपालिकामा समुदायहरूलाई सुरक्षीत खानेपानी सेवामा पुर्याउन उपभोक्ता समिति स्तरमा सुशासन महत्वपुर्ण हुने गर्दछ। उपभोक्ता समिति दर्ता, उनीहरूको बार्षिक साधारण सभा, आय ब्ययको अवस्था सार्बजनिकरण, पानी सुरक्षा योजना लगायत पानीको स्रोत संरक्षण र दिगो बनाउन गरिने प्रयासहरू समेत महत्वपुर्ण हुन जान्छन। नगरपालिकाको भौगोलिक अवस्थित खानेपानीका मुहानहरूको अवस्था र यस क्षेत्रमा बिगत बर्षहरूमा पानीका स्रोतहरूमा भईरहेको बर्षायामको क्षती लगायतका कारणहरूलाई समेत भाबी योजना बनाउदा बिश्लेषण गर्नु जरुरी हुन जान्छ।

जलउपयोग गुरुयोजनाको तथ्याङ्क र छलफलहरूले पालिकामा मुहान दर्ता एकदमै कम रहेको, समितिहरू दर्ता रहेपनि धेरै समितिहरू निस्कृय खालका भेट्टीएका छन् । मासिक बैठक नगर्ने, वार्षिक भेला तथा साधारण सभा नगर्ने र लेखापरिक्षण पनि नगर्ने खालका समितहरू देखिन्छन् । खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाइ आफ्नो जिम्वेवारी तर्फ चासो नदेखिएको, समितीका पदाधिकारीहरले समेत मासिक महशुल नतिर्ने गरेको, योजना तथा संरचनाको लगत तयार नगरेको, नियमीत तथा भैपरि आउने मर्मतसंभार आदी प्रति चासो नभएको देखिन्छ ।

विद्यमान खानेपानी योजनाहरूले वितरण गर्दै आई रहेको खानेपानीहरूमा पानी सुरक्षा योजना निर्माण नभएको देखिएको छ । नगरपालिकाले सबै विद्यमान खानेपानी योजनाहरू र निर्माणाधीन खानेपाली योजनाहरूमा सुरक्षित पानीका उपायहरू अवलम्बन गर्नुपर्ने र निर्माणको अन्त संगै पानी सुरक्षा योजना निर्माण, पानी महशुल निर्धारण र संकलन संयन्त्र, पानी हेरालो वा ग्रामीण मर्मत सम्भार कार्यकर्ताको व्यवस्थापन गर्नुपर्ने आवश्यक देखिन्छ।

अधिकांश खानेपानी उपभोक्ता समितिहरूको व्यवस्थापकिय क्षमता कमजोर देखिएको छ भने प्राय सबै खानेपानी योजनाहरूमा आवश्यक प्राबिधिक जनशक्तिको कमि महशुष गरिएको छ यसको निदानका लागी पालिकामा हाल विद्यमान खानेपानी योजनाका उपभोक्ता समितिहरूको व्यवस्थापकिय क्षमता विश्लेषण गर्दा करिब ३०% उपभोक्ता समितिहरू मात्रै व्यवस्थित ढंगबाट संचालन भएको देखिएको हुँदा नगरपालिकाले निर्माण गरेको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ लाई आवश्यकता अनुसार संसोधन र ठोस कार्यान्वयन/अनुगमन आवश्यक रहेको छ।

विधालयहरूको खानेपानी तथा सरसफाइ को अवस्थाको बिश्लेषण गर्दा, जम्मा ५८ विद्यालयहरू रहेका छन् । ५८ वटा विद्यालय मध्ये २८ वटामा खानेपानीको राम्रो व्यवस्था रहेको छ भने ५८ वटा विद्यालयहरूमा शौचालयको व्यवस्था रहेको तर केहि विधालयहरूमा मापदण्ड अनुसारको छैन। बिधालय सरसफाइको समग्र स्थिति मुल्याङ्कन गर्दा बिधालयहरूमा भरपर्दो व्यवस्थित खानेपानी योजनाहरू निर्माण गर्नुपर्ने, खानेपानी तथा सरसफाइ प्रवर्धनका लागी उपयुक्त सहयोगी व्यक्तिको व्यवस्थापन सहित स्पष्ट नीति नियम बनाउनु पर्ने देखिन्छ ।

नगरपालिका क्षेत्रमा रहेका १६ वटा स्वास्थ्य संस्थाहरूमा गरिएको सर्वेक्षणका आधारमा खानेपानीको राम्रो व्यवस्थापन १६ वटामा मात्र पाईएको छ १६ वटामा शौचालय सुविधा रहेको छ भने ठोस तथा अन्य फोहोर व्यवस्थापन १६ वटामा सन्तोषजनक रहेको छ। स्वास्थ्य संस्थाहरूको समग्र स्थिति मुल्याङ्कन गर्दा संस्थाहरूमा भरपर्दो व्यवस्थित खानेपानी योजनाहरू निर्माण गर्नुपर्ने, खानेपानी तथा सरसफाइ प्रवर्धनका लागी उपयुक्त सहयोगी व्यक्तिको व्यवस्थापन सहित स्पष्ट नीति नियम बनाउनु पर्ने देखिन्छ ।

नगरपालिका क्षेत्रमा रहेका निर्माण गरिएका सार्वजनिक शौचालयहरू समेत उचित व्यवस्थापन अभाव देखिएको छ। निर्माण भएका शौचालयहरूलाई प्रयोगमा ल्याउन खानेपानी आपुर्ति, सरसफाइको प्रवन्ध सहित नियमित हेरचाह र रेखदेखका लागी प्रवन्ध गर्नुपर्ने आवश्यक देखिन्छ।

घरायसी सरसफाइको अन्तर बिश्लेषण गर्दा ५० घरधुरीहरूमा शौचालय निर्माणका लागी अभियान संचालन गर्नुपर्ने, शौचालयहरूको स्तरउन्नति, मर्मतका लागी बिशिष्ट नीति सहित समुदायहरूलाई उत्प्रेरित गर्नुपर्ने देखिन्छ भने महिनावारी व्यवस्थापन र महिलाहरूलाई नीति निर्माण देखि योजना कार्यान्वयन सम्म सकृय तथा अर्थपुर्ण सहभागिता गराई चेतनामुलक कार्यक्रमहरूका माध्यमबाट सबै अवस्थामा शौचालय तथा पानी धाराको प्रयोगका अनिवार्य पहुँच गराउनु पर्ने आवश्यक देखिन्छ ।

नगरपालिकामा दिसाजन्य लेदो व्यवस्थापन र ठोस फोहोर व्यवस्थापनको अभाव रहेको पाईन्छ, नगरपालिकाले बढ्दो शहरीकरण र बसाइँसराइको चाप बढी भएकोले अहिले देखि नै दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्ने र बजेट बिनियोजन गर्ने साथै शहरी क्षेत्रका ठोस तथा अन्य तरल फोहोर व्यवस्थापनका लागी उचित समाधानका उपाय सहितको नीति तर्जुमा गर्दै कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

**सिंचाइ सुबिधा**

सिंचाइ तर्फ जम्मा ८८ वटा विद्यमान कुलो सिंचाइका योजनाहरू रहेका छन्। ति बिद्यमान सिंचाइका योजनाहरूबाट ५८७१ घरधुरीहरूको करिब २८,५३६ रोपनी अर्थात् कूल खेतियोग्य भू-भाग मध्ये करिब २१ % जमिन सिचित भइरहेको छ। हालसम्मका विद्यमान सिंचाइ योजनाहरू मध्ये प्राय सबै योजनाहरू केन्द्रीय सरकार मार्फत बजेट बिनियोजन भई निर्माण भएका देखिन्छन र त्यसको समुदायस्तरमा पानी बाँडफाँड र सो को व्यवस्थापनका लागि स्थानीय समुदायकै सहभागितामा विभिन्न सिंचाइ जल उपभोक्ता समितिहरू गठन भएका छन् । संचालनमा रहेका सिंचाइ योजनाहरू मध्ये २५% राम्रोसंग संचालनमा रहेका छन् भने २०% सन्तोषजनक र ५५% जिर्ण वा बन्द अवस्थामा रहेको सर्वेक्षणले देखाउदछ।

नगरपालिका क्षेत्रमा सिंचाइ संरचना हेरचाह गर्न, स-साना मर्मत संम्भार गर्न, बर्षातको भल तर्काउन पाले (हेरालो) समुदायहरूले व्यवस्थापन गरेको पाईन्छ उक्त कार्य निकै नै सराहनिय तथा प्रभावकारि भएको नगरपालिकाले महशुष गरेको छ। सिंचाइ योजनाहरूलाई निरन्तर सेवा उन्मोख बनाउन नगरस्तरमा मर्मतसम्भार कोषको व्यवस्थापन, समुदाय सिंचाइ पालेहरूलाई सम्मान, सिंचाइ न्युनतम शुल्क सहित पालेहरूको पारिश्रमिक/प्रोत्साहन भत्ता, जीविकोपार्जन तथा आयआर्जन क्रियाकलापमा समुदायलाई जोडि बेमौसमी तरकारी तथा नगदे खेती तर्फ प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

**वातावरण, पर्यावरण र स्रोत संरक्षण**

पंञ्चपुरी नगरपालिकामा बर्षातको समयमा नदी कटान तथा बाढीबाट बिगतका बर्षहरूमा ठूलो धनजनको क्षति हुँदै आइरहेको छ । बर्षातको समयमा हुने क्षति र जोखिमहरूलाई मध्यनजर गर्दै नगरपालिकाले विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयारी गरिरहेको छ तथापी योजनाहरूको कार्यान्वयनका लागि ति प्रयासहरू मात्र प्रयाप्त भने छैनन नगरपालिकामा विपद प्रतिकार्यका लागि नगरपालिका, वडा र समुदायस्तरमा पनि विभिन्न समिति, उप-समितिहरू गठन भइ परिचालन समेत भईरहेका छन्।

नगरपालिका क्षेत्रमा पानीका स्रोतहरू संरक्षण, धारा निर्माण गरि सामुदायिक उपभोग जस्ता निकै नै सराहनिय कार्यहरू गरेको सर्वेक्षणबाट प्राप्त भएको छ। पानीका स्रोतहरूलाई दिगो उपयोग गर्न रिजार्ज पोखरिहरू निर्माण, स-साना खोला खोल्सीमा चेक ड्याम निर्माण, पानीको स्रोतहरूलाई टेवा पुऱ्याउने खालका बृक्षहरू प्रवर्धन र बृक्षारोपण, प्लाष्टिक जन्य बस्तुहरू पानीका स्रोत भएका क्षेत्रमा निषेध गर्ने, चरिचरनलाई व्यवस्थित पार्दै पानीको मुहानहरू भन्दा माथिल्लो क्षेत्रमा चरिचरन बन्द गराउने तथा पूर्वाधारहरूको पृर्ब-सम्भाब्यता अध्ययन गर्दा स्रोतहरूलाई बिशेष ध्यान दिने कानुनहरू निर्माण, कार्यान्वयन र अनुगमन गर्नु आवश्यक देखिन्छ।

**पानीको बहुउपयोगी उपयोग**

पानीको बहुउपयोगिता सहित निर्माण गरिएका योजना तर्फ जम्मा २८ वटा विद्यमान योजनाहरू रहेका छन्। बिद्यमान बहुउपयोगी योजनाहरूमा २६ सिंचाइ तथा घट्ट, २ सिंचाइ, घट्ट तथा लघु जलबिद्युत योजनाहरू रहेका छन्। बिद्यमान बहुउपयोगी योजनाहरूबाट नगरपालिका क्षेत्रका ३९९२ घरधुरीहरू लाभान्वित भएका छन् भने करिब ११३३५ रोपनी कूल खेतियोग्य जमिन सिचित भइरहेको छ। घट्ट योजनाहरूबाट नगरक्षेत्रका ३९९२ घरधुरीहरू लाभान्वित भएका छन् ।

बिद्यमान बहुउपयोगी योजनाहरूलाई निरन्तर सेवा उन्मोख बनाउन नगरस्तरमा मर्मतसम्भार कोषको व्यवस्थापन, उपभोग शुल्क सहित पालेहरूको पारिश्रमिक/प्रोत्साहन भत्ता, जीविकोपार्जन तथा आयआर्जन क्रियाकलापमा समुदायलाई जोडि बेमौसमी तरकारी तथा नगदे खेती तर्फ प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ५.२. आवधिक योजनाको सारांश

यस पंञ्चपुरी नगरपालिकामा विद्यमान जलस्रोतहरू, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक, प्राविधिक तथा वातावरणीय पक्षहरूको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंग आवधिक योजना तयार गरिएको छ। आवधिक योजना अर्न्तगत नगरपालिकाका ११ वटै वडाहरूमा योजना तर्जुमा मार्फत क्षेत्रगत योजनाहरू पहिचान गरी प्राथमिकता क्रम सहित गुरुयोजनामा संलग्न गरिएका छन्।

प्रस्तावित योजनाहरूलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने बाह्य सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार मानी बिभिन्न क्षेत्रका क्षेत्रगत योजनाहरूको कार्यान्वयनका लागि नगरपालिकामाप्राथमिकता क्रम सूची तयार गरिएको छ । योजना तर्जुमाको समयमा वडा र पालिकाबाट कार्यान्वयन गर्नका लागि पहिचान भएका जम्मा क्षेत्रगत योजनाहरू मध्ये  ८ वटा नयाँ खानेपानी योजना, ९

वटा खानेपानी योजनाहरू मर्मत तर्फ, ८९ वटा कुलो सिंचाइ योजना, २८ वटा बहु उपोयोगी योजना, ७ वटा सार्बजनिक शौचालय र ६२ वटा वातावरण, पर्यावरण संरक्षण र जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम न्युनिकरण क्षेत्रका योजनाहरू गरी जम्मा २०३ वटा बिभिन्न क्षेत्रगत योजनाहरू मापदण्डमा आधारित प्राथमिकिकरणका सूचकहरू अवलम्बन गरि प्राथमिकताक्रम सहित आवधिक योजनाको रुपमा प्रस्ताव गरिएका छन्। उक्त योजनाहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने अनुमानित लागत सहित निर्धारण गरि चित्र नं. १७ मा प्रस्तुत गरिएको छ।


पञ्चबर्षीय योजनाहरूको अनुमानित लागत तयार गर्दा नगरपालिका भित्र रहेका विद्यमान/निर्माणाधीन योजनाहरूको प्रतिव्यक्ति लागत र नगरपालिकाबाट निर्धारण भएको स्थानीय दररेटहरूको आधारमा प्रस्तावित योजनाको हालको कूल जनसंख्यालाई प्रतिव्यक्ति लागतले गुणन गरी तयार गरिएको छ। गुरुयोजनामा प्रस्तावित योजनाहरूको कूल लागत २५ करोड १८ लाख २४ हजार रहेको छ।

पञ्चबर्षीय योजनाहरूको अनुमानित लागत तथा प्रस्तावित योजना संख्याको विश्लेषण विवरण अनुसूची-७ देखि १२ सम्ममा उल्लेख गरिएको छ ।

### ५.२.१. खानेपानी योजनाहरू

यस नगरपालिकाका समुदाय स्तरमा भएका छलफल, अन्तरक्रिया, योजना तर्जुमा कार्यशाला गोष्ठीहरू र विद्यमान खानेपानीको सुबिधा स्तर विश्लेषण गरी नगरपालिकामा जम्मा ८ वटा नयाँ खानेपानीका योजनाहरू र ९ वटा मर्मतका योजनाहरू प्रस्ताव गरी पञ्चबर्षीय योजनामा समावेश गरिएका छन्। उक्त योजनाहरूको व्यवस्थापन पश्चात नगरपालिकाको १ देखी ११ वटै वडाका सबै घरधुरीहरूलाई सफा सुरक्षित खानेपानी आपुर्ति गर्ने लक्ष्य लिईएको छ।

नगरपालिकामा प्रस्तावित गरिएका खानेपानी क्षेत्रका योजनाहरू निर्माणबाट करिब ३२७३ घरधुरीहरूमा सेवा विस्तार हुने लक्ष्य लिईएको छ। योजनाहरू निर्माणका लागि अनुमानित लागत ८ करोड ८९ लाख ४० हजार





चित्र-१७: आवधिक योजनाको सारांस

रहेको छ। तर्जुमा गरिएका योजनाहरूको वडागत विवरण तालिका-३२ मा र कार्यान्वयनका सिफारिस गरिएका योजनाहरूको प्राथमिकता क्रम अनुसारको विवरण अनुसूची-७ मा उल्लेख गरिएको छ।

तालिका- ३३: प्रस्तावित खानेपानी योजनाहरूको सारांस

| वडा नं. | प्रस्तावित खानेपानी योजना विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'०००) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'००० ) |
| ४ | १ | १४० | ६,३०० | १ | ५६६ | ९,०५६ |
| ५ | ० | ० | ० | १ | ५९० | ८,२६० |
| ६ | ० | ० | ० | २ | ७५८ | १०,१०४ |
| ७ | १ | ३० | १,९५० | ० | ० | ० |
| ८ | १ | १२५ | ७,५०० | १ | ४० | ६,४०० |
| ९ | ३ | ४३५ | २२,८८० | १ | १२७ | २,५४० |
| १० | १ | १३२ | ६,६०० | १ | ११० | २,२०० |
| ११ | १ | ४५ | २,७०० | २ | १७५ | २,४५० |
| **जम्मा** | **८** | **९०७** | **४७,९३०** | **९** | **२,३६६** | **४१,०१०** |


*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*




चित्र-१८: प्रस्तावित खानेपानी योजनाहरूको लगानी अवस्था

### ५.२.२. सरसफाइ योजनाहरू

यस नगरपालिकाका ९४% घरधुरिहरूमा घरायसी स्तरमा शौचालय निर्माण भई प्रयोगमा रहेका छन् र शौचालय बिग्रेका/भत्केका बाँकि घरधुरीहरूमा पनि शौचालय निर्माण गरी प्रयोगका लागि नगरपालिकाले जनचेतनामुलक क्रियाकलापहरू र आवश्यक सहयोग गर्ने नीति लिएको छ। यसका साथै बढ्दो यातायातको चाप र यात्रुहरूको ओहरदोहरले गर्दा सडक मार्गको बजार क्षेत्रहरूमा अत्यधिक मात्रामा ठोस फोहर, खुला दिसापिसाब बढ्दै गएको हुँदा बढ्दै गईरहेका बजार क्षेत्रहरूमा सार्बजनिक शौचालयहरूको निर्माण र व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको छ। नगरपालिकाले बढ्दो बजार क्षेत्रहरूमा सार्बजनिक शौचालय निर्माण र ठोस फोहर व्यवस्थापनका लागि अबधारणा राखेको छ। त्यसका लागि नगरपालिका भरिमा ७ वटा नयाँ शौचालय निर्माणको प्रस्ताव गरेको छ। योजनाहरू निर्माणबाट करिब १,८०० घरधुरीहरू लाभान्वित हुने छन् र त्यसको लागि अनुमानित लागत ६८ लाख रहेको छ। सरसफाइका प्रस्तावित योजनाहरूको सारांश विवरण तालिका-३३ र बिस्तृत विवरण अनुसूची-७ (TA-१०) मा उल्लेख गरिएको छ।




चित्र-१९: प्रस्तावित सरसफाइ योजनाहरूको लगानी अवस्था

तालिका- ३४: प्रस्तावित सरसफाइ योजनाहरूको सारांस

| वडा नं. | प्रस्तावित योजनाहरूको विवरण | | | |
|---|---|---|---|---|
| | प्रस्तावित संख्या | लाभान्वित घरधुरी संख्या | योजनाको किसिम/प्रकृति | अनुमानित लागत (ने.रु.'००० ) |
| २ | १ | ३५० | नयाँ | १००० |
| ४ | १ | ३०० | नयाँ | ८०० |
| ६ | १ | ३०० | नयाँ | १२०० |
| ८ | १ | २०० | नयाँ | ९०० |
| ९ | १ | २०० | नयाँ | १००० |
| १० | १ | २५० | नयाँ | ९०० |
| ११ | १ | २०० | नयाँ | १००० |
| **जम्मा :** | **७** | **१,८००** | | **६,८००** |


*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.३. बहुउपयोगी योजनाहरू

पंञ्चपुरी नगरपालिकाको वडा तथा नगरपालिका स्तरीय आवश्यकता पहिचान तथा योजना तर्जुमाको समयमा यस नगरपालिकामा बिभिन्न क्षेत्रलाई लक्षित गरि जम्मा २८ बटा बहुउपयोगी क्षेत्रका योजनाहरू प्राथमिकीकरण गरिएका छन।

नगरपालिकामा प्रस्तावित गरिएका बहुउपयोगी क्षेत्रका योजनाहरू निर्माणबाट करिब ३,९९२ घरधुरीहरूमा सेवा विस्तार हुने लक्ष्य लिईएको छ। योजनाहरू निर्माणका लागि अनुमानित लागत ३ करोड ४९ लाख रहेको छ।

उक्त योजनाहरूको वडागत विवरण तलको तालिका-३४ मा उल्लेख गरिएको छ भने प्राथमिकता क्रम अनुसारको सुची र थप विस्तृत विवरण अनुसूची-९ मा उल्लेख गरिएको छ।




चित्र-२०: प्रस्तावित बहुउपयोगी योजनाहरूको लगानी अवस्था


तालिका- ३५: प्रस्तावित बहुउपयोगी योजनाहरूको सारांस

| वडा नं. | प्रस्तावित योजनाको विवरण | | | |
|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.) | योजनाको प्रकार |
| १ | ८ | ५२१ | ६९०० | बहुउपयोगी |
| २ | ४ | ४२० | ४९०० | बहुउपयोगी |
| ३ | २ | २३० | १८०० | बहुउपयोगी |
| ४ | २ | ६०९ | ३३०० | बहुउपयोगी |
| ६ | ३ | ६५६ | २७५० | बहुउपयोगी |
| ८ | ४ | ८४७ | ९०५० | बहुउपयोगी |
| ९ | ५ | ७०९ | ६२०० | बहुउपयोगी |
| **जम्मा** | **२८** | **३९९२** | **३४९००** | |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*

## ५.२.४. सिंचाइ योजनाहरू

वडा तथा नगरपालिका स्तरमा संचालित योजना तर्जुमा गोष्ठीबाट पंञ्चपुरी नगरपालिकामा जम्मा ८९ वटा सिंचाइ कुलोका योजनाहरू प्रस्ताव गरेका छन्। सिंचाइ सुबिधाको विद्यमान अवस्था र ती सिंचाइ योजनाहरूको संचालनको अवस्थालाई मध्यनजर गरी ६२८७ घरधुरीको ३७,५३६ रोपनी खेतीयोग्य जमिन सिंचित हुने गरि योजनाहरू तर्जुमा गरिएका छन् । योजनाहरू निर्माणका लागि अनुमानित लागत ८ करोड १४ लाख ८४ हजार रहेको छ। उक्त कुलो सिंचाइ योजनाहरूको वडागत विवरण तालिका-३५ र प्राथमिकताक्रम अनुसारको सूची अनुसूची-८ मा उल्लेख गरिएको छ।




चित्र-२१: प्रस्तावित सिंचाइ योजनाहरूको लगानी अवस्था

तालिका- ३ ६: प्रस्तावित सिंचाइ योजनाहरूको सारांस

| वडा नं. | परम्परागत (कुलो/नहर/पाईप) सिंचाइ योजना | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नयाँ योजना | | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार | | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी) | अनुमानित लागत (ने.रु.) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी) | अनुमानित लागत (ने.रु.) |
| १ | ० | ० | ० | ० | ३ | १०० | ५५० | २००० |
| २ | ० | ० | ० | ० | ६ | ५०० | ५७० | ५९४० |
| ३ | ० | ० | ० | ० | १८ | १७४६ | ११४९० | २४००० |
| ४ | ० | ० | ० | ० | ४ | १३५ | ७९८ | ४७०० |
| ५ | ० | ० | ० | ० | ६ | ६८६ | २४३५ | ६२०० |
| ६ | ० | ० | ० | ० | ८ | १०८९ | ३४५३ | ८००० |
| ७ | ० | ० | ० | ० | ११ | ७४१ | १९१० | ६८७४ |
| ८ | ० | ० | ० | ० | १८ | ३९१ | २४०५ | ८१०० |
| ९ | ० | ० | ० | ० | १० | १८२ | ९२५ | ६४५० |
| १० | ० | ० | ० | ० | ४ | ३०१ | ४००० | ५२५० |
| ११ | १ | ४१६ | ९००० | ३९६० | ० | ० | ० | ० |
| **जम्मा** | **१** | **४१६** | **९०००** | **३९६०** | **८८** | **५८७१** | **२८५३६** | **७७५१४** |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.५. स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरू

यस नगरपालिकामा कर्णाली र भेरी नदी तथा अन्य खोलाहरूको कटान, पहिरो, बषार्तको भल तथा बाढी र जलवायु परिवर्तनको प्रत्यक्ष असरहरूले गर्दा पर्यावरण र वातावरण व्यवस्थापनका क्रियाकलापहरू यस नगरपालिकाको लागि धेरै आवश्यक रहेका छन्। हाल भइरहेको जलवायु परिवर्तनका असरहरू अझ आक्रामक हुने संभावना रहेको देखिन्छ। स्थानीय तहहरूको नयाँ संरचना संगै विकासमा बढ्दो जनआकांक्षा तथा नयाँ सडक ट्र्याक खोल्ने कार्यहरू, सडक बिस्तार योजना लगायतले जोखिम झनै थपिने हुँदा भौगौलिक रुपमा यस नगरपालिकाको पश्चिम र दक्षिण क्षेत्रका वडा तथा बस्तीहरूमा बर्षातको समयमा अझै बढी खतरामा हुने गर्दछन।

नगरपालिकामा वातावरण संरक्षण र जलाधार क्षेत्र व्यवस्थापन लगायत जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न क्रियाकलापहरू तय गरिएका छन्। जस अर्न्तगत पानीका स्रोतहरू संरक्षण, नदी कटान नियन्त्रण, बहुउद्देश्यिय नर्सरी स्थापना तथा वृक्षारोपण, खानेपानीका स्रोतमा पुनर्भरण पोखरी निर्माण आदि जस्ता बिभिन्न खाले ६२ वटा योजनाहरूको सम्भावना अध्ययन गरी प्राथमिकिकरण गरेकोछ। आगामी दिनहरूमा यस नगरपालिकामा विकास निर्माणका गतिबिधिहरू सञ्चालन संगसंगै यी क्रियाकलापहरूलाई बढी प्राथमिकता दिई जलवायु परिवर्तनका असर न्युनिकरण र जोखिम व्यवस्थापनमा ध्यान दिनुका साथै जनचेतना बढाउने तथा जोखिम नक्सांकन गरी विकास गतिबिधिहरूमा जोखिम न्युनिकरणका उपाय अवलम्बन गर्नु जरुरी

देखिन्छ । यसरी योजना तर्जुमाको समयमा योजनहरूको लगानी र प्रकृति हेरी नगरपालिका र बाँकि योजनाहरू वडामा नै सिफारिस गरिएका छन।


नगरपालिकामा प्रस्तावित गरिएका वातावरण तथा पर्यावरण क्षेत्रका योजनाहरू निर्माणबाट करिब ६६५५ घरधुरीहरूले लाभ पाउने छन भने योजनाहरू निर्माणका लागि अनुमानित लागत ३ करोड ९७ लाख रहेको छ।

उक्त वातावरण तथा पर्यावरण क्षेत्रका तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरूको वडागत विवरण तलको तालिका-३६ मा र थप प्राथमिकता क्रम अनुसारको सुची अनुसूची-१० मा उल्लेख गरिएको छ ।

तालिका- ३७: प्रस्तावित वातावरण तथा पर्यावरण सम्वन्धित योजनाहरूको सारांस

| वडा नं. | प्रस्तावित योजनाहरूको विवरण | | | | |
|---|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी विवरण | योजनाको किसिम | योजनाको प्रकृति | अनुमानित लागत (ने.रु. ) |
| १ | ६ | ८५ | नयाँ | वातावरण तथा पर्यावरण | ६९०० |
| २ | ४ | ६५० | नयाँ | वातावरण तथा पर्यावरण | ५५०० |
| ३ | ६ | ६४६ | नयाँ | वातावरण तथा पर्यावरण | ३३०० |
| ४ | १० | ७५० | नयाँ | वातावरण तथा पर्यावरण | ५१५८ |
| ५ | ६ | ५६५ | नयाँ | वातावरण तथा पर्यावरण | २०५० |
| ६ | १ | ९० | नयाँ | वातावरण तथा पर्यावरण | ५०० |
| ७ | ६ | ५८० | नयाँ | वातावरण तथा पर्यावरण | २८९० |
| ८ | १ | ८५ | नयाँ | वातावरण तथा पर्यावरण | ५०० |
| ९ | ६ | २४२ | नयाँ | वातावरण तथा पर्यावरण | २२०० |
| १० | १४ | ६९६ | नयाँ | वातावरण तथा पर्यावरण | ३०६५ |
| ११ | २ | १६० | नयाँ | वातावरण तथा पर्यावरण | १४०० |
| **जम्मा** | **६२** | **४५४९** | | | **३९,७००** |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*




चित्र-२२: प्रस्तावित वातावरण तथा पर्यावरण योजनाहरूको लगानी अवस्था

### ५.२.६. जलउर्जा सम्बन्धि योजनाहरू

पंञ्चपुरी नगरपालिकामा योजना तर्जुमा क्रममा तत्कालिक अवस्थामा कुनै पनि लघु जलबिधुत सम्वन्धित योजनाहरू जलउपयोग गुरुयोजनामा प्रस्ताव गरिएको छैन। हाल संचालनमा रहेका लघु जलबिधुत योजनाहरूको मर्मत तथा नियमित संचालन गर्न यसै गुरुयोजनाको बहुउपयोगी शिर्षकमा समाबेश गरिएको छ। नगरपालिका भित्र पिसानी कुटानीलाई अझै सहज बनाउन जलउर्जा क्षेत्रमा सुधारिएको पानी घट्टका योजनाहरू पनि बहुउपयोगी शिर्षकमा समाबेश गरिएको छ।

# अध्याय-६:गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक

## ६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजना

जल उपयोग गुरुयोजना निर्माणको क्रममा बस्ती तथा समुदाय स्तरबाट सहभागितात्मक ढंगबाट संकलन गरिएका सूचनाहरूको वडास्तरमा प्रमाणीकरण गरी सबै क्षेत्रगत योजनाहरूको प्राथमिकीकरण गरिएको र

नगरपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट अझै योजनाहरूको प्राथमिकीकरण परिष्कृत भएको छ । पालिका भित्रका शाखा/उप-शाखाका प्रतिनिधिहरू, सबै वडाका वडा जनप्रतिनिधिहरू, स्थानीय समाजसेवी, बुद्दिजीविहरू र नगरकार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरूको सहभागिताले जलउपयोग गुरुयोजनाको योजना तर्जुमा कार्यलाई एकदमै प्रभावकारी बनाउन सहयोग पुगेको थियो ।

जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा समुदायको अपेक्षा अनुसार कार्यान्वयनका लागि पालिकाले आफुसंग भएको स्रोतहरूको उपलब्धताको यकिन गर्नुका साथै सम्भावित साझेदारहरूको पहिचान, स्रोतहरूको खोजी गरेर ती  स्रोतहरूको आधारमा जलउपयोग गुरुयोजनामा समाबेश भएका योजना तथा क्रियाकलापहरूलाई अल्पकालिन, मध्यम कालिन र दीर्घकालिन रुपमा बिभाजन गरिएकोछ। साथै नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि आफ्नो आन्तरिक तथा बाह्य स्रोतहरू जुटाई बार्षिक रुपमा गर्न सक्ने लगानीको समेत प्रक्षेपण गरी प्राथमिकताक्रम अनुसारका योजनाहरूलाई अल्पकालिन/मध्यमकालिन/ दीर्घकालिन रुपमा बिभाजन गर्नुपर्ने हुन्छ । पंञ्चपुरी नगरपालिकाले प्रक्षेपण गरेका अल्पकालीन, मध्यकालीन र दिर्घकालिन लक्ष्यहरूलाई तल चर्चा गरिएको छ।

**अल्पकालीन लक्ष्य (आ.व. २०८१/८२ सम्ममा):**

यस नगरपालिकाको सबै घरधुरीहरूलाई आधारभुत तहको खानेपानी उपलब्ध गराईने छ। ८ वटा नयाँ खानेपानी योजनाहरू निर्माण गरि ५८८ घरधुरीहरू लाभान्वित हुनेछन। ५००० रोपनी जग्गा सिंचित गर्ने सिचाई योजनाहरू तर्जुमा गरिएको छ। शौचालय सुविधा नरहेका ६% प्रतिशत घरधुरीमा शौचालय निर्माण गर्न पहल गरिनेछ। करिव ५०% सामुदायिक बिधालयहरूमा पानीको उचित प्रबन्ध मिलाई सरसफाइको स्तर वृद्धि गरिने छ। नगर क्षेत्र भित्रका पानीका स्रोतहरूमा जलवायु अनुकुलन राखी संरक्षणका लागि आबश्यक पुर्बाधार, वृक्षारोपण तथा जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिने छन्।

**मध्यकालिन लक्ष्य (आ.व. २०८५/८६ सम्ममा):**

यस नगरपालिकाको सबै घरधुरीहरूलाई आधारभुत तहको खानेपानीबाट उच्च तहको खानेपानीमा सेवा विस्तार गरिने छ। १५,००० रोपनी जग्गा सिंचित गर्ने सिचाई योजनाहरू तर्जुमा गरिएको छ।

खानेपानी सेवा:

- सबै आयोजनाहरूको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुऱ्याउने ।
- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ५०%
- सुरक्षित व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या ५०%

सरसफाइ सेवा:

- नगरपालिका "पूर्ण सरसफाइ उन्मुख क्षेत्र" घोषणा भएको हुनेछ ।
- सबै वडाहरू पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा:

- नगरपालिकाको ५०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवा:

- सबै वडाका ठूला बस्तीहरूमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ साथै स्थानीय स्तरमा जलविद्युत उत्पादन गरी भरपर्दो र सुलब विद्युत सेवा मुख्य बस्तिहरूमा उपलब्ध हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण:

- उपयोगमा रहेका १००% जलस्रोत क्षेत्रहरू संरक्षण भएको हुनेछ ।

**दीर्घकालिन लक्ष्य (आ.व. २०८७/८८ सम्ममा):**

यस नगरपालिकाको सबै घरधुरीहरूलाई उच्च तहको खानेपानीमा सेवा विस्तारलाई निरन्तरता दिईने छ। दिईनेछ। १७,५३६ रोपनी जग्गा सिंचित गर्ने सिचाई योजनाहरू तर्जुमा गरिएको छ।

खानेपानी सेवा:

- सबै आयोजनाहरूको खानेपानी सेवास्तर सुरक्षित व्यवस्था भएको स्तरमा पुर्‍याउने ।
- सुरक्षित व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या १००%

सरसफाइ सेवा:

- सबै वडाहरू "पूर्ण सरसफाइ क्षेत्र" घोषणा भएको हुनेछ ।
- नगरपालिका "पूर्ण सरसफाइ क्षेत्र" घोषणा भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा:

- नगरपालिकाको ७५% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवा:

- नगरपालिकाका सबै मुख्य बस्तीहरूमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ साथै स्थानीय स्तरमा भरपर्दो र किफायती जलविद्युत उत्पादन गरी सबै वडा तथा बस्तीमा विद्युत सेवा उपलब्ध हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण:

- नगरपालिकाका सबै जलस्रोत क्षेत्रहरू व्यवस्थित संरक्षण भएको हुनेछ ।

## ६.२. पहिलो आ.व. मा कार्यन्वयन हुने योजनाहरू

यस पंञ्चपुरी नगरपालिकाले पहिलो वर्षका लागि २ वटा खानेपानी योजनाहरू, ११ वटा सिंचाइ कुलो बिस्तारका योजनाहरू, २ वटा बहुउपयोगी योजनाहरू, १२ वटा वातावरण पर्यावरणका योजनाहरूलाई कार्यान्वयन गर्नेछ। पहिलो आ.व. २०८०।८१ मा कार्यान्वयन हुने योजनाहरूको विवरण तलको तालिका-३७ मा उल्लेख गरिएको छ।


तालिका- ३७: कार्यान्वयनका लागी पहिलो बर्ष सहित उच्च प्राथमिकतामा राखिएका योजनाहरूको सूचि

| क्र.स. | योजनाको नाम | योजनाको क्षेत्र (खानेपानी, सिंचाइ..) | वडा नं. | कार्यान्यवन सहकार्य गर्ने निकाय | अनुमानित लागत रु हजारमा |
|---|---|---|---|---|---|
| १ | ज्यामिरे खा.पा. योजना | खानेपानी | ९ | नगरपालिका र सरोकारवालाहरू | १४,४५० |
| २ | तेश्रा साना सहरी बाबियाचौर खा पा योजना मर्मत | खानेपानी | ५,६ | नगरपालिका र सरोकारवालाहरू | १४,३३२ |
| ३ | शिन्घा मारे मास्पखाले सिंचाइ योजना | सिंचाइ | १ | नगरपालिका र सरोकारवालाहरू | ६०० |
| ४ | जब्देम श्रीचौर सिंचाइ योजना | सिंचाइ | २ | नगरपालिका र सरोकारवालाहरू | ३०० |
| ५ | चौरखोला तोक्मा सिंचाइ योजना | सिंचाइ | ३ | नगरपालिका र सरोकारवालाहरू | १,७५० |
| ६ | कालापानी सिंचाइ योजना | सिंचाइ | ४ | नगरपालिका र सरोकारवालाहरू | ८०० |
| ७ | तिखा कुना सिंचाइ योजना | सिंचाइ | ५ | नगरपालिका र सरोकारवालाहरू | ७०० |
| ८ | बिकासी सिंचाइ योजना | सिंचाइ | ६ | नगरपालिका र सरोकारवालाहरू | १,६०० |
| ९ | देउगाडी सिंचाइ योजना | सिंचाइ | ७ | नगरपालिका र सरोकारवालाहरू | २०० |
| १० | चुनेरिताल लिफ्ट सिचाइ | सिंचाइ | ८ | नगरपालिका र सरोकारवालाहरू | ४०० |
| ११ | खुर्सानी वारि पोखरी सिचाइ योजना | सिंचाइ | ९ | नगरपालिका र सरोकारवालाहरू | २,१०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | रुद्रिहवा सिचाइ योजना | सिंचाइ | १० | नगरपालिका र सरोकारवालाहरू | १,८०० |
| १३ | कुहिने सिचाइ योजना | सिंचाइ | ११ | नगरपालिका र सरोकारवालाहरू | ३,९६० |
| १४ | गेरुपानि बहुउपयोगी योजना | बहुउपयोगी | १ | नगरपालिका र सरोकारवालाहरू | ४०० |
| १५ | कानकाटे घट्टखोला बहुउपयोगी योजना | बहुउपयोगी | २ | नगरपालिका र सरोकारवालाहरू | १,६०० |
| १६ | भोटेगडी हिलेपानी संरक्षण योजना | मुहान संरक्षण | १ | नगरपालिका र सरोकारवालाहरू | ५०० |
| १७ | जबदेन मुहान संरक्षण योजना | मुहान संरक्षण | २ | नगरपालिका र सरोकारवालाहरू | १,००० |
| १८ | मदन आश्रीत मुहान संरक्षण योजना | मुहान संरक्षण | ३ | नगरपालिका र सरोकारवालाहरू | ७०० |
| १९ | खामारी मूल संरक्षण योजना | मुहान संरक्षण | ४ | नगरपालिका र सरोकारवालाहरू | १,००० |
| २० | ठुल्धारा मूल संरक्षण योजना | मुहान संरक्षण | ५ | नगरपालिका र सरोकारवालाहरू | ५०० |
| २१ | भैरवथान कुवा संरक्षण योजना | मुहान संरक्षण | ६ | नगरपालिका र सरोकारवालाहरू | ५०० |
| २२ | तामेधारा मुहान संरक्षण योजना योजना | मुहान संरक्षण | ७ | नगरपालिका र सरोकारवालाहरू | ५०० |
| २३ | तिनकुने मुल संरक्षण काठेपुल नजिक योजना | मुहान संरक्षण | ८ | नगरपालिका र सरोकारवालाहरू | ५०० |
| २४ | झाक्री मुहान संरक्षण योजना | मुहान संरक्षण | ९ | नगरपालिका र सरोकारवालाहरू | २०० |
| २५ | गोगन पानी मूल संरक्षण योजना | मुहान संरक्षण | १० | नगरपालिका र सरोकारवालाहरू | २०० |
| २६ | साज मुल खोला तटबन्धन योजना | मुहान संरक्षण | १० | नगरपालिका र सरोकारवालाहरू | ४०० |
| २७ | थाइ मुहान संरक्षण योजना | मुहान संरक्षण | ११ | नगरपालिका र सरोकारवालाहरू | ५०० |
| | **जम्मा** | | | | **५१,४९२** |

## ६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरूको पहिचान

गुरुयोजना तयार भएपछि यसको प्राथमिकता क्रममा परेका योजनाहरू कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरूको खोजी गर्ने र त्यसको समुचित बाँडफाँड गर्ने जस्ता कार्यको भुमिका पुर्ण रुपमा पालिकाको रहनेछ भने यसको प्रचारप्रसार गरी कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन यसको परिचालन एवं बजारीकरणमा महत्वपूण भुमिका निर्वाह गर्नेछ । नगरपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरूको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनालाई अवलम्बन गर्दै लैजाने प्रणालीको विकास गरिनेछ। यसले गर्दा एकातिर पालिकामा आएको स्रोत एकद्वार प्रणालीको भावना अनुसार विकास निर्माणमा सदुपयोग हुन गई दोहोरोपना हुन पाउने छैन भने अर्को तर्फ चरणबद्ध रुपमा जलस्रोत व्यवस्थापनका क्रियाकलापहरू सम्पन्न हुन गई गुरुयोजनाको सफल कार्यान्वयन हुनेछ।




संकेत:

| | |
|---|---|
| ⟷ (कालो मोटो) | कार्यान्वयनका लागि एकदमै जोडदिनु पर्ने निकाय |
| ⟷ (पहेँलो) | निर्माणमा पालिकालाइ सहयोग गर्न सक्ने दातृ निकायहरू/परियोजना |
| ⟷ (आकाशे नीलो) | निर्माण बाहेकका कार्यमा सहयोग गर्न सक्ने दातृ निकाय |
| ⟷ (नीलो पातलो) | निर्माण तथा स्थानीयस्तरमा सामाजिक/प्राबिधिक सहयोग पुरयाउने अन्तर/राष्ट्रिय संघ/संस्थाहरू |

चित्र-२३: प्रस्तावित सरोकारवाला विवरण

नगरपालिकामा गुरुयोजना कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता, स्रोत एकद्वार प्रणालीको विकास, लगानीकर्ताका लागि अनुकुल वातावरण, जबाफदेहीता सयन्त्र विकास, जलाधार क्षेत्रको स्वाथ्य्य सुदृढ र समग्र विकासका लागि अन्तर स्थानीय तह,  प्रदेश सरकार तथा संघीय  सरकारका सरोकारवाला संयन्त्रहरूसंगको सम्वन्ध विस्तार र आवश्यक समन्वय गुरुयोजनाको सफल कार्यान्वयनका लागि  अति नै महत्वपुर्ण रहने सरोकारवालाहरूको साझा बुझाई रहेको छ। नगरपालिकामा बिगतमा पानीको उपयोग र विकासका क्षेत्रमा कार्यगर्दै आएका र भबिष्यमा समेत सहकार्य/साझेदारी हुन सक्ने सम्भावित कार्यान्वयन सरोकारवाला सहयोगी निकायहरूको विवरण र सह-सम्बन्धलाई चार्टमा प्रस्तुत गरिएको छ।

जल उपयोग गुरुयोजना कार्यान्वयन गर्न लगानी सहकार्य गर्ने सम्भावित सरोकारवालाहरू तपसिल बमोजिम उल्लेख गरिएको छ।

तालिका- ३८: सम्भावित सरोकारवालाहरूको विवरण

| सरोकारवाला संस्थाको नाम | क्रियाकलाप संचालनको प्रकृती | कार्य क्षेत्र (वडा/भुगोल) | संस्थाको आर्थिक स्रोत (दातृ संस्था) | भविष्यमा सहकार्य हुन सक्ने क्षेत्र |
|---|---|---|---|---|
| संघीय सरकार | पुर्बाधार निर्माण | सबै | नेपाल सरकार | सबै |
| प्रदेश सरकार | पुर्बाधार निर्माण | सबै | नेपाल सरकार | सबै |
| युएसएआईडी कर्णाली जल परियोजना | वास | सबै | युएसएआईडी | वास |
| स्याक नेपाल | स्वास्थ्य | १,४,७,८,१० र ११ | युएसएआईडी | स्वास्थ्य |
| आयोन | किशोरकिशोरी र युवा | १,४,७,८,१० र ११ | दातृ निकायहरू | किशोरकिशोरी र युवा |
| कारितास नेपाल | विपत व्यस्थापन र जीविकोपार्जन | सबै | चर्च | विपत व्यस्थापन र जीविकोपार्जन |
| आवाज | महिला तथा वालवालिका | सबै | युनिसेफ | महिला तथा वालवालिका |
| एकता फाउन्डेसन | युवा तथा वालवालिका | सबै | चर्च | युवा तथा वालवालिका |
| सुन्दर नेपाल | कृषि, सामाजिक समावेषिकरण | ९,१० र ११ | युएसएआईडी | कृषि, सामाजिक समावेषिकरण |

| | | | | |
|---|---|---|---|---|
| जलवायु परिवर्तन तथा स्थानीय अनुकुलन परियोजना | जलवायु परिवर्तन तथा स्थानीय अनुकुलन | सबै | UKAID | जलवायु परिवर्तन तथा स्थानीय अनुकुलन |
| सिएमसी नेपाल | मनोसामाजिक परामर्स | सबै | दातृ निकायहरू | मनोसामाजिक परामर्स |
| UNDP | सुशासन, पुर्बाधार निर्माण | सबै | UN | सुशासन, पुर्बाधार निर्माण |
| INF | स्वास्थ्य, पुर्बाधार निर्माण | सबै | दातृ निकायहरू | स्वास्थ्य, पुर्बाधार निर्माण |
| UMN | सुशासन, पुर्बाधार निर्माण | सबै | दातृ निकायहरू | सुरुवाती अवस्थामा |

## ६.४. जलाधार/उप-जलाधार क्षेत्र ब्यबस्थापन रणनीति

पंञ्चपुरी नगरपालिकाले जलाधार तथा उप-जलाधार क्षेत्र व्यवस्थापनका लागि तपसील अनुसारका रणनीतिहरू अपनाउने छ ।

- सबै स्थानीय सरोकारवाला निकायहरूको जलाधार संरक्षण सम्बन्धि साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरू आदानप्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।
- कुनै पनि ठुला संरचनाहरू निर्माण गर्दा बातावरण प्रभाव मूल्यांकन अनिवार्य रुपमा लागु गरिने छ।
- जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायकोको अधिकतम सहभागितामा गराइने छ।
- नगरपालिका स्तरमा सक्रिय बहु-सरोकारवाला निकायहरू जस्तै; सामुदायिक बन उपभोक्ता समुहहरू, कृषि समुहहरू, संग समन्वय, सहकार्य र साझेदारी गर्ने र जलाधार संरक्षणका क्रियाकलापहरूलाई स्थानीय समुदायको आयमुलक/जीविकोपार्जनका गतिबिधि संग जोडी वातावरणमैत्री र संरक्षणमुखी बनाइने छ ।
- जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित पालिका/समुदाय संग जलाधार संरक्षणका उपायहरूका बारेमा छलफल गरी साझा सिकाईका आधारमा विभिन्न सहयोगी क्रियाकलापहरू (जलउपयोग गुरुयोजनामा आधारित भइ) संचालन गरिने छन् ।
- लोप हुन/हराउन लागेका सिमसार/ताल तलैयाहरूलाई संरक्षण र ब्यबस्थापनको माध्यमबाट " पुरानै स्वरुपमा ल्याउने" रणनीति अपनाईने छ ।

## ६.५. गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि नगरपालिका क्षेत्र भित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरूको पहिचान तथा परिचालन पनि महत्वपुर्ण हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाहरूलाई योजना कार्यान्वयन गर्ने कार्यकारि निकायका रुपमा राखेको छ भने नगरपालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरू कार्यान्वयन गराउन स्थानीय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरूलाई परिचालन गर्न सहज हुने देखिन्छ। गुरुयोजना कार्यान्वयन गर्न नगरपालिकाको नेतृत्वमा सबै साझेदारहरूलाई साझेदारीको वातावरण सहित परिचालन गर्नु पर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरू नगरपालिकाको सभा मार्फत निर्माण गरी क्षेत्रगत साझेदारहरूलाई स्पष्ट जिम्मेवारी प्रदान गर्नुका साथै समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गर्नु पर्ने हुन्छ ।

यसका साथै समय सापेक्ष नगरपालिकाले बिभिन्न सरोकारवाला निकायहरूको/पक्षहरूको सहजीकरणमा जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा गरी अद्यावधिक गर्नुपर्ने जरुरी हुन्छ । जलउपयोग गुरुयोजना आधारभुत तथ्याङ्क र एकीकृत जलस्रोत विकासको खाका वा प्राथमिकता योजना तर्जुमाको दस्तावेज भएको हुनाले यसको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधिक गर्नु उपयुक्त हुन्छ। यसको अद्यावधिकरणबाट नगरपालिकाको एकीकृत जलस्रोत विकासको लागि चाहिने स्रोतको अनुमान र तर्जुमा गर्न सजिलो हुन्छ। सामान्यतया गुरुयोजना कार्यान्वयन समिक्षा, स्रोत साधन जुटाउन, तथ्याङ्कहरू अद्यावधिक प्रत्येक बर्ष गर्नु पर्दछ तर स्थानीय परिवेश र आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिन्छ । साथै जलउपयोग गुरुयोजना अद्यावधिक गर्नको लागि कार्यपालिकावाट अनिवार्य रुपमा निर्णय गर्नुपर्ने हुन्छ ।

## ६.६. गुरुयोजना कार्यान्वयन रणनीति

जलउपयोग गुरुयोजना जलस्रोत क्षेत्रको एकीकृत योजना भएकोले यसको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र, समन्वय र सरोकारवाला निकायहरू बीच सहकार्य हुन जरुरी छ । त्यसकारण नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि तपशिलका रणनीति अपनाउने छ ।

- गुरुयोजना तथ्याङ्क जलस्रोतहरूको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरू समय-समयमा सरोकारवाला माझ सञ्चालन गरिने छ ।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालय, बिभागहरूमा गुरुयोजनाको प्रचार प्रसार गरी आवश्यक लगानी सहकार्यका लागि समन्वय गरिने छ ।
- नगरपालिका स्तरका सरोकारवाला साझेदारहरूको आवश्यकता अनुसार समन्वय बैठक र अन्तरक्रियाहरू आयोजना गरी गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न लगानी प्रतिबद्धता सहितका कार्यक्रम तय गरिने छ।
- नगरपालिका स्तरमा गुरुयोजना सम्वन्धि प्रचार प्रसार, समिक्षा तथा जलस्रोत क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरूलाई गुरुयोजनाले औंल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरू सञ्चालन गरिने छ ।
- क्षेत्रगत योजनाहरूमा लगानी सम्बन्धी दोहोरोपना हटाउन बार्षिक कार्यक्रम तय गर्नु पूर्व बिषयगत समितिका बैठकहरू मार्फत आगामी बर्षका योजना तथा कार्यक्रमहरू सरोकारवालाहरूसंगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना तय गरिने छ ।

# अनुसूचीहरू

| | |
|---|---|
| अनुसूची-१ | SA-1: घरधुरी तथा जनसंख्या सम्वन्धि विवरण |
| | SA-2: भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा आर्थिक जानकारि सम्वन्धि विवरण |
| | SA-3: बिद्यमान सहकारि संस्थाहरू सम्वन्धि विवरण |
| | SA-4: बिद्यमान सरोकारवाला संस्थाहरू सम्वन्धि विवरण |
| | SA-5: स्वास्थ्य तथा सरसफाइ सम्वन्धि विवरण |
| अनुसूची-२ | TA-1: पानीका स्रोतहरूको विवरण |
| अनुसूची-३ | SA-6: टोलहरूको सुची |
| | TA-2: बिद्यमान खानेपानी योजनाहरूको सुबिधास्तर र संरचानागत विवरण फारम |
| अनुसूची-४ | SA-7: बिद्यमान खानेपानी योजनाहरूको सामाजिक तथा संस्थागत विवरण फारम |
| अनुसूची-५ | SA-8: बिद्यमान कुलो सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-3: बिद्यमान कुलो सिंचाइ योजनाहरूको बिस्तृत विवरण फारम |
| | SA-9: बिद्यमान लघु सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-4: बिद्यमान लघु सिंचाइ योजनाहरूको बिस्तृत विवरण फारम |
| | SA-10: बिद्यमान बहु उपयोगी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-5: बिद्यमान बहु उपयोगी योजनाहरूको बिस्तृत विवरण फारम |
| | SA-11: बिद्यमान वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरूको मुख्य विवरण फारम |
| | TA-6: बिद्यमान वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरूको बिस्तृत विवरण फारम |
| | SA-12: बिद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरूको मुख्य विवरण फारम |
| | TA-7: बिद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरूको बिस्तृत विवरण फारम |
| | TA-8: बिद्यमान लघु जलबिधुत योजनाहरूको बिस्तृत विवरण फारम |
| अनुसूची-६ | OS-1: निर्माणाधिन जलस्रोत सम्वन्धित योजनाहरूको मुख्य विवरण फारम |
| | OT-1: निर्माणाधिन खानेपानी योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-2: निर्माणाधिन कुलो सिंचाइ योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-3: निर्माणाधिन लघु सिंचाइ योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-4: निर्माणाधिन बहु उपयोगी योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-5: निर्माणाधिन सुधारिएको र परम्परागत घट्ट योजनाहरूको बिस्तृत विवरण फारम |

| | |
|---|---|
| | OT-6: निर्माणाधिन लघु जलबिधुत योजनाहरूको बिस्तृत विवरण फारम |
| अनुसूची-७ | PL-1: तर्जुमा गरिएका खानेपानी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-9: तर्जुमा गरिएका खानेपानी योजनाहरूको विस्तृत विवरण फारम |
| | TA-10: तर्जुमा गरिएका सरसफाइ तथा स्वच्छता सम्वन्धि योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-८ | PL-2: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-11: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-९ | PL-4: तर्जुमा गरिएका बहु उपयोगी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-13: तर्जुमा गरिएका बहु उपयोगी योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-१० | PL-5: तर्जुमा गरिएका वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरूको मुख्य विवरण फारम |
| | TA-14: तर्जुमा गरिएकावातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-११ | PL-6: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरूको मुख्य विवरण फारम |
| | TA-15: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-१२ | PL-7: तर्जुमा गरिएका लघु जलबिधुत योजनाहरूको मुख्य विवरण फारम |
| | TA-16: तर्जुमा गरिएका लघु जलबिधुत योजनाहरूको विस्तृत विवरण फारम |

**अस्वीकरण:**

यो प्रतिवेदन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस प्रतिवेदन भित्रका विषयवस्तु र सामग्री पंञ्चपुरी नगरपालिकाको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।